लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

नयाँ विमर्श

Naya Bimarsha National Weekly

वर्ष १२, अंक ८, २०७५ भदौ २९ गते शुक्रबार (Sep. 14, 2018) मूल्य रु. १०।- मू.अ.क.नं.३०४९७३८१५

website: www.nayabimarsha.com, www.nayabimarsha.com.np, www.nayabimarsha/weeklynepal.com

झाको ह्याट्रिकले महतो चिन्तित

काठमाडौँ । नेपाल दूरसञ्चार प्राधिकरणको अध्यक्षमा दिगम्बर झाले ह्याट्रिक गरेका छन् । पहिलो पल्ट २०६९ सालमा प्राधिकरणको अध्यक्ष बनेका

झालाई शेरबहादुर देउवा नेतृत्व सरकारका सूचना तथा सञ्चार मन्त्री मोहनबहादुर बस्नेतले म्याद थप गरेपछि दोस्रो कार्यकालका लागि प्राधिकरणको अध्यक्ष बनेका थिए । चतुर खेलाडी मानिने झाले नेपाल आयल निगमको दुई कार्यकाल नेतृत्व सम्हालेका थिए । राजनीतिक आस्थाभन्दा सबै नेतासँग राम्रो सम्बन्ध बनाएका झालाई केपी ओली नेतृत्वको सरकारले तेस्रो कार्यकालका लागि फेरि पाँच वर्षको जिम्मेवारी दिएको छ । प्रधानमन्त्री

(बाँकी अन्तिम पृष्ठमा)

प्रधानमन्त्री र मुख्यमन्त्रीबीच दूरी बढ्दै

काठमाडौँ । नेपालमा संघीय व्यवस्थाको शुरुवात भएको अवस्थामा प्रधानमन्त्री र प्रदेशका मुख्यमन्त्रीहरुका बीचमा घनिष्ठता हुनुपर्नेमा त्यसविपरितको अवस्था सिर्जना हुन थालेको छ । प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओली र प्रदेशका मुख्यमन्त्रीहरुबीचमा आपसमा अविश्वासको वातावरण बढ्दै गएको छ ।

पोखरामा सम्पन्न प्रदेश मुख्यमन्त्रीहरुको बैठकले अन्तरप्रदेश परिषदको बैठकमा राख्ने अजेन्डा तय

बस्न नसकेको स्रोतले बताएको छ । पोखरामा कर्णाली प्रदेशका मुख्यमन्त्री बाहेक बाँकी ६ प्रदेशका मुख्यमन्त्रीहरु बसेर अधिकार प्रत्यायोजनका लागि अजेन्डा बनाएका थिए । ओलीले भने आफ्नो स्वास्थ्य ठीक नभएको र अन्य काम आइलागेकाले तत्काल बैठक बस्न नसकेको बताए पनि त्यसलाई बहाना भन्ने बुझाइमा अन्य मुख्यमन्त्रीहरु रहेका छन् ।

ओलीले जनतासँग प्रधानमन्त्री भन्ने कार्यक्रममा बोलेका विषयलाई लिएर पनि मुख्यमन्त्रीहरुमा नभई संचारकर्मीहरुलाई समेत चिढ्याउने कार्य गरेका छन् । पोखरा भेलाले प्रधानमन्त्रीलाई घेराबन्दी गर्यो नि भन्ने प्रश्नमा 'घेराबन्दी पोखरा बसेर हैन वरिपरि बसेर गरिन्छ' भन्दै ठट्टा पनि गरेका थिए । पोखरा भेलाले अधिकार नपाएको र केन्द्रले अधिकार नदिएको आरोप लगाएको थियो भने प्रधानमन्त्री ओलीले नयाँ काम कसरी

(बाँकी अन्तिम पृष्ठमा)

डिजीको अनुहार चम्किँदा सु. ई.हरुको मलिनो

काठमाडौँ । सडक विभागका महानिर्देशक रवीन्द्रनाथ श्रेष्ठले म्याद थपको चिट्ठी भाद्र २६ गते पाएका छन् । मन्त्री रघुवीर महासेठसँगको भलाकुसारीपछि श्रेष्ठले सशुल्क चिट्ठी पाएको सडकका जानकारहरुले बताएका छन् । गत भाद्र १८ गते ३ महिने काज सकिएपछि म्याद थपको चिट्ठी नपाउँदा डिजी श्रेष्ठ तनावमा परेका थिए । यो एक हप्ताका बीचमा डिजी परिवर्तनको बजार हल्लासमेत चलेको थियो । आगामी माघ-फागुनमा सचिवमा बढुवा हुने श्रेष्ठले म्याद थपको पत्र बुझेपछि चम्किलो अनुहार बनाउँदै स्वर ठूलो पार्न थालेको समाचार स्रोतले बताएको छ । खासगरी मापदण्ड क्रस गरेर बालुवाटारबाट सडक विभागको महानिर्देशक बनेपछि भौतिक पूर्वाधार तथा यातायात मन्त्री महासेठ डिजी श्रेष्ठसँग असन्तुष्ट बनेको चर्चा चलेको थियो । मन्त्री महासेठले प्रधानमन्त्री ओलीलाई मसँग भेट्न आउँदैन, मेरो

(बाँकी अन्तिम पृष्ठमा)

दुबई जानुपर्ने जहाज किन गयो क्वालालम्पुर ?

काठमाडौँ/ पर्यटन प्रवर्द्धनसम्बन्धी नेपालमा शाखा भएको एक अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले मलेसियामा बुधबारदेखि आयोजना गर्न लागेको तीन

दिने मेलामा भाग लिनका लागि राष्ट्रिय ध्वजावाहक एयरलाइन्सको विमान आइतबार रातिको दुवई उडान 'रद्द' गरेर सोमबार बिहान मलेसिया लगिएको विषय अहिले चर्चामा आएको छ ।

नेपाल वायु सेवा निगमको उच्च स्रोतका अनुसार, उक्त मेलामा भाग लिन निगमको कर्पोरेट विभागका निर्देशक रवीन्द्र श्रेष्ठ र कमर्सियल विभागका निर्देशक कृष्णगोपाल जोशीसहित ३७ जना नेपालीको टोली सोमबार बिहान साढे नौ बजे काठमाडौँबाट उडेको थियो/। यसमा

(बाँकी अन्तिम पृष्ठमा)

निर्माण व्यवसायीमा चारको प्रतिस्पर्धा

काठमाडौँ । नेपाल निर्माण व्यवसायी संघको २० औं अधिवेशनमा अध्यक्षका लागि चार जनाले प्रतिस्पर्धा गर्ने भएका छन् । अध्यक्षका रवि सिंहले पुनः अध्यक्षको लागि उम्मेदवारी घोषणा गरेका उनले 'जसको नेतृत्व, उसैको नीति' भन्ने नारा लिएर अध्यक्षको उम्मेदारी घोषणा गरेको बताएका छन् । उनले ठूला व्यवसायी र साना निर्माण व्यवसायीको बीचमा भएको खाडललाई पुर्नको लागि आफू पुनः नेतृत्वमा आउन चाहेको बताएका छन् । उनले आफूसँग संघको केन्द्रीय सदस्य, कोषाध्यक्ष, द्वितीय उपाध्यक्ष र वरिष्ठ उपाध्यक्ष पदमा रहेर काम गरेको लामो अनुभव रहेको दाबी गरेका छन् ।

संघका सल्लाहकार यक्षध्वज कार्कीले संघमा नेतृत्व गर्ने मानिसको अभाव भएको बताउँदै पुनः अध्यक्षको लागि आफूले उम्मेदवारी दिने बताएका छन् । उनले आफूसँग २०६५ देखि २०६८ सम्म अध्यक्ष भएर काम गरेको अनुभव रहेको बताउँदै २८ वर्षसम्मको आफ्नो अनुभवलाई फेरि पनि यस क्षेत्रको नीतिगत रुपमा सुधार गर्ने, निर्माणका कामलाई पारदर्शी बनाउने

(बाँकी अन्तिम पृष्ठमा)

मालपोतको भ्रष्टाचार मन्त्रीलाई चुनौती

काठमाडौँ । बेथिति, विकृति र भ्रष्टाचारीहरुको केन्द्रबिन्दु मानिने मालपोत तथा नापी कार्यालयहरुको सुधारमा लागेकी भूमि व्यवस्था तथा सहकारी मन्त्री पद्मा अर्याल एक्लो बृहस्पति बन्न पुगेकी छिन् ।

मालपोत कार्यालयभित्र हुने घूसखोरी र भ्रष्टाचारीलाई रोक्न मन्त्री अर्यालले लेखापढी व्यवसायीहरुलाई परिचयपत्र लगाएर मात्र मालपोतको द्वारसम्म जाने सर्कुलर गरेकी थिइन् । मालपोत र नापी कार्यालयमा काम गर्ने कर्मचारीहरुको सोचमा परिवर्तन नल्याएसम्म भ्रष्टाचार र घूसखोरी नरोकिने जानकारहरुले बताएका छन् । जनताको सम्पत्ति मानिने मालपोत कार्यालयहरुमा दलाल र बिचौलियाले कर्मचारीहरुसँग मिलेर कम्प्युटर, मोठ र स्रेस्ताजस्ता गोप्य दस्तावेज हेर्दै आइरहेका छन् । यस्ता कर्मचारी र

दलालहरुबाट व्यक्तिको जग्गा असुरक्षित बन्ने गरेको पछिल्लो उदाहरण चावहिल मालपोत कार्यालयले कीर्ते गरी बेचेको बूढानीलकण्ठको दुई रोपनी आठ आना जग्गा रहेको छ ।

उपत्यकाका मालपोत र नापी कार्यालयहरुबाट यस्ता घटना बारम्बार घट्दा पनि मन्त्रालयले त्यस्ता अपराधीहरुलाई कडा कारवाही गर्न सकेको छैन । सेटिङमा रहने यस्ता घटनाको हिस्सा भूमि व्यवस्था विभाग हुँदै मन्त्रालयका उच्च अधिकारीहरुसमक्ष पुग्ने गरेको बताइन्छ । जग्गा किनबेच र कित्ताकाटको वर्तमान प्रणालीमा परिवर्तन नगरिए मालपोत र नापीबाट सेवाग्राहीले झन्झट व्यहोरिरहनुपर्ने समाचार स्रोतले जानकारी दिएको छ ।

(बाँकी अन्तिम पृष्ठमा)

राष्ट्रवादीको वैठक हुने

काठमाडौँ/ एकीकृत राष्ट्रिय प्रजातन्त्र पार्टी (राष्ट्रवादी) को कार्यसम्पादन समितिको बैठकले देशको राजनीतिक अवस्था, पार्टी संगठन विस्तार लगायतका विभिन्न विषयमा छलफल गरेको छ । बैठकले देशको अवस्थामा केन्द्रित गर्दै आगामी असोज १ र २ गते काठमाडौँमा केन्द्रीय समितिको बैठक समेत बोलाएको छ । बैठकले असोज १ र २ मा हुने केन्द्रीय समितिको बैठकमा अध्यक्ष डा.प्रकाशचन्द्र लोहनीले राजनैतिक प्रतिवेदन, उपाध्यक्ष तारानाथ लुइँटेलले आर्थिक तथा संगठन सम्वन्धि प्रतिवेदन, महामन्त्री श्याम तिमिल्सिनाले आगामी ६ महिने कार्यदिशा, महामन्त्री भरतजंग उप्रेतीले सचिवालय सम्वन्धि प्रतिवेदन पेश गर्ने

(बाँकी अन्तिम पृष्ठमा)

वामदेवको सपना, बुढाले तुहाइदिए

काठमाडौँ । नेकपाका सचिवालय सदस्य वामदेव गौतम डोल्पाबाट उपनिर्वाचनमार्फत् संसद्मा आउने सपना र योजनामा 'ब्रेक' लागेको छ । डोल्पाका सांसद तथा पर्यटन राज्यमन्त्री धनबहादुर बुढाले राजीनामा दिन अस्वीकार गरेपछि गौतमको डोल्पा जाने बाटो बन्द भएको बताइएको छ । यसअघि गत भाद्र १५ गते सांसद् बुढाले राजीनामा गर्ने र डोल्पाबाट गौतम सांसद् बन्ने व्यापक चर्चा चलेको थियो । सांसद बुढा जिल्ला गएपछि जनताले राजीनामा नगर्न दबाब दिएकाले गौतम विचल्लीमा परेको जानकारहरुले बताएका छन् ।

आफ्नै गृहजिल्ला बर्दियाका जनताले गौतमको प्रवृत्तिलाई विश्वास नगरी चुनावमा हराइदिएका थिए । गौतमलाई सांसद बनाउन नेकपा अध्यक्ष एवं प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीको भन्दा अर्का अध्यक्ष पुष्पकमल दाहालको जोडबल रहेको बताइएको छ । नेकपामा अन्य

(बाँकी अन्तिम पृष्ठमा)

मन्त्री फेर्ने हल्ला साँच्चै हो कि ख्यालख्या ?

काठमाडौँ । प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओली र गृहमन्त्री रामबहादुर थापाले मन्त्रिमण्डल हेरफेर नहुने बताएका थिए । नेकपाका अध्यक्ष पुष्पकमल दाहालले पनि भारत भ्रमणबाट फर्किएर भदौ २४ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा प्रधानमन्त्रीले जे चाहनुहुन्छ, त्यही हुन्छ भनेका थिए । त्यसअघि भाद्र १९ गते दाहालनिवास खुलमटारमा मन्त्रीहरु हेरफेर हुने बताएका थिए । विभिन्न राजनीतिक घटनाक्रमले मोड लिन थालेपछि गत भाद्र २५ गते बालुवाटारमा प्रधानमन्त्री ओली र अध्यक्ष दाहालबीच मन्त्री फेर्नेबारे गम्भीर कुराकानी भएको समाचार सूत्रले जनाएको छ ।

छबस्ओली नेतृत्वको सरकार बनेको छ महिनाको अवधिमा मन्त्रीहरुले सरकारलाई नै बद्नाम गर्ने काम गरेको, जनअपेक्षाअनुसार परिणाममुखी काम गर्न नसकेको, मन्त्रीहरु कमाउन र सेलिब्रेटी बन्नमै केन्द्रित रहेपछि मन्त्री फेर्न ओली र दाहालबीच सहमति भएको समाचार स्रोतले जानकारी दिएको छ । जनताको पक्षमा काम नगर्ने भनी हटाइन लागेका मन्त्रीहरुमा तत्कालीन माओवादीका गृहमन्त्री रामबहादुर थापा र उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मातृका यादव रहेको बताइएको छ । मन्त्री यादवले उद्योग,

(बाँकी अन्तिम पृष्ठमा)

एआइजीमा कार्की, राई र बस्नेत सिफारिस

काठमाडौँ । नेपाल प्रहरीमा लामो समयदेखि रिक्त रहेको एआइजी (अतिरिक्त प्रहरी महानिरीक्षक) मा बढुवाको लागि तीनजनाको नाम सिफारिस भएको छ । गत भाद्र २६ गते गृहमन्त्रालयमा बसेको बढुवा समितिको बैठकले पहिलो नम्बरमा पुष्कर कार्की, दोस्रोमा ठूले राई र तेस्रोमा धीरु बस्नेतको नाम सिफारिस गरेको छ । बढुवाका लागि पाँचजना डिआइजी प्रतिस्पर्धामा थिए, जसमध्ये मनोज न्यौपाने र सुरेन्द्रविक्रम शाह बढुवाको सूचिमा नपरेको गृहमन्त्रालय स्रोतले बताएको छ ।

प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालका ब्याची रहेका डिआइजी कार्की महानिरीक्षकको बढुवामा कार्यसम्पादन मूल्यांकनअनुसार तेस्रो नम्बरमा थिए । दोस्रो नम्बरका रमेश खरेलले राजीनामा दिएपछि कार्की एक नम्बरमा बढुवा भएका हुन् । अपराध अनुसन्धानमा अब्बल मानिन्छन् । राजनीतिक दलहरुको भागवण्डा नमिल्दा अड्किएर बसेको एआइजी बढुवा पाँच महिनापछि टुङ्गो लागेको छ । समयमै एआइजीहरुको बढुवा नहुँदा मुलुकमा आपराधिक घटना

(बाँकी अन्तिम पृष्ठमा)

विप्लव वार्ताबाट टाढा

काठमाडौं । नेत्र विक्रम चन्द (विप्लव) नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीलाई लक्षित गरी सरकारले वार्ताको लागि आव्हान गरिरहेको हालको अवस्थामा सोही दलले भने वार्ताको वातावरण नभएको भन्दै सरकारको प्रस्तावलाई अस्वीकार गरेको छ । सो पार्टीका स्थायी कमिटिका सदस्य हेमन्त प्रकाश ओली 'सुदर्शन' ले वार्ता गर्न न्यूनतमभन्दा पनि न्यून वातावरण नबनेको भन्दै सरकारी वार्तातोलीसँग वार्तामा बस्न अस्वीकार गरिएको जानकारी दिएका छन् ।

प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले वार्ता गर्नका लागि पार्टीका तर्फबाट न्यूनतम शर्तहरु अघि सारेको कुराले नै वार्ताको वातावरण बन्न

(बाँकी अन्तिम पृष्ठमा)

नेवानिमा कंसाकारको दादागिरि

काठमाडौँ । ३२ अर्बभन्दा बढी ऋणको बोझले थिचिएको नेपाल वायु सेवा निगममा प्रबन्ध निर्देशक सुगतरत्न कंसाकारको दादागिरि र तानाशाही प्रवृत्तिले सीमा नाघेको पीडित कर्मचारीहरुले बताएका छन् । प्रबन्ध निर्देशक कंसाकारको मनोमानी एवं भद्रगोल व्यवस्थापनका कारण

कर्मचारीहरुले धमाधम राजीनामा दिन थालेको समाचार स्रोतले जानकारी दिएको छ ।

आगमी २०७५ चैतमा अवकाश हुन लागेका कंसाकारको कमिसन चास्नीमा डुबेका कारण मन्त्री रवीन्द्र अधिकारी र सचिव कृष्ण देवकोटा निरीह बनेको चर्चा चलेको छ । केही समय अगाडि बर्खास्दगीमा पर्न लागेका कंसाकारले नेकपाका अध्यक्ष पुष्पकमल दाहाललगायतका उच्च नेताहरुसँग रोइकराइ गरेपछि पद थामिएको निगम स्रोतले बताएको छ । निगमको दिल्लीस्थित कार्यालय रहेको जग्गा बेचेर कमिसन हात पारेका कंसाकारले पछिल्लो पटक दुईवटा वाइड बडी

(बाँकी अन्तिम पृष्ठमा)

भारतीय नक्साले नापी विभाग विवादमा

काठमाडौँ । नेपालको सिमानालगायतका हरेक कुरामा भारतले गिद्धेदृष्टि लगाउँदा नेपालको सार्वभौम नै खतरामा पर्ने हो कि भन्ने आशंका बढ्न थालेको छ । दक्षिणतर्फको सिमानामाथि भारतले थिचोमिचो र अतिक्रमण गर्दासमेत नेपालका शासकहरु उल्टै भारतभक्तिमै रमाउने गरेको घटनाक्रमले पुष्टि गरेको छ । मेचीदेखि महाकालीसम्मका हजारौँ बिघा जमिन भारतले मिचेको जानकारहरुले बताएका छन् ।

यतिबेला महाकाली नदीको शिर मानिएको लिम्पियाधुरा र

लिपुलेकबाहेक कालापानीसमेत भारततर्फ पर्नेगरी इण्डियालगायत विदेशी प्रकाशनहरुले नक्सा प्रकाशन गरी नेपाल सरकारको आधिकारिक मानिएको नापी विभागले प्रकाशन गरेको नक्सा र निशानछाप विवादमा तानिएको छ । भारतीय नक्सामा रहेको निशानछाप नै गलत तरिकाले राखिएको छ । जब कि नापी विभागको सहमतिबिना कुनै नक्सा प्रकाशन गर्न पाइँदैन । वि.सं. २०३० मा स्थलरुपमा शाखा स्थापना भएपछि २०३१ सालमा नापी विभागले नेपालको नक्सा प्रकाशन गरेको समाचार सूत्रले बताएको छ । पञ्चायतकालदेखि बहुदलीय व्यवस्था आउँदा (२०४४-०४९) सम्म विभागको महानिर्देशक बनेका सीमाविद् बुद्धिनारायण श्रेष्ठले राजा र नेपाली सेनाको दबाबमा

(बाँकी अन्तिम पृष्ठमा)

बिपीको सन्देश अझ बढी महत्वपूर्ण बन्दै गएको छ

'असल मान्छे बन्नु, ठूलो बन्ने चाहना नराख्नू'- बिपीले नेपाली समाजलाई एक आदर्श सन्देश दिनुभएको छ । आफ्नो एक उपन्यासकी पात्र मोदी आइन्मार्फत यस्तो सन्देश दिने बिपी कोइरालाको १०५ औंजन्मदिवस नेपाली काँग्रेस र उहाँका अनुयायीले भदौ २४ गते गच्छेअनुसार मनाए । बिपीले नेपाली राजनीति र साहित्य दुवै विधामा विचार आन्दोलनको नायकत्व गरेको इतिहास प्रमाणित छ । ठूलो बन्ने आममहत्वाकांक्षा हुन्छ । यो मानवीय कमजोरी र स्वाभाविक प्रवृत्ति पनि हो । असल बन्न खोज्नु आदर्श वा ढोंग चरित्र मान्नेहरू समाजमा पर्याप्त छन् ।

साहित्यमार्फत बिपीले मानिसलाई विवेकशील बन्न जुन सन्देश दिनुभएको छ त्योभन्दा बढी जातीय अन्तर्घुलनका लागि प्रेरित गर्नुभएको छ । सुम्निमा उपन्यास सामाजिक अन्तर्घुलनको एक विशिष्ठ मनोवैज्ञानिक रचना हो भन्नेमा द्विविधा छैन । अनैतिक, व्यभिचार, झुट, बदमासी, ठगी, अपराधी चिन्तन, शोषण, विभेद, छुवाछूत, निरंकुशता, अहंकार आदि प्रवृत्ति चिर्न बिपीले असल मानिस खोजी गर्नुभएको छ भने समाजमा विद्यमान जातीय विभेदको लक्ष्मण रेखा समाप्त पार्न सुम्निमा आविष्कार गर्नुभएको छ ।

वास्तवमा असल मान्छे र अन्तर्घुलित समाज निर्माण गर्न सकेमा नेपालको गरिबी, पछौटेपन, अचेतना, क्रोध र हिंसा सबै अन्त्य भएर शान्त, समृद्ध र सुखी नेपाल निर्माण गर्न सहज हुनेछ । तर के असल मानिस हामी सबैको लक्ष्य हुनेछ ? के कुनै ठूलो बन्ने आकांक्षाबाट हामी मुक्त हुन सक्छौं त ?विविधताले भरिपूर्ण नेपाली समाज अन्तर्घुलनका लागि तयार छ त ? जातीय पहिचानको खोजी भइरहेको सन्दर्भमा अन्तर्घुलन कति सम्भव हुन्छ ? यी प्रश्न आजको सामाजिक मनोविज्ञानसँग जोडिएका हुन् ।

बिपी नेपालमा राजनीतिक स्वतन्त्रता र समाजवादी विचारको प्रथम भाष्यकार हुनुहुन्थ्यो । उहाँ आफ्नो विश्वासअनुसार नै जातिप्रथा अन्त्य गर्न चाहनुहुन्थ्यो । राजनीतिक स्वतन्त्रताको जमिनमा उभिएर समाजवादी आर्थिक सामाजिक रूपान्तरणलाई उहाँले लक्ष्य बनाउनुभएको थियो । बिपीका कुनै पनि साहित्यिक कृतिमा राजनीतिक विचारको आग्रह देखिँदै । निर्दलीय पञ्चायतले दिएको कठोर कारावासको उपयोग गर्दै बिपीले नेपाली साहित्यमा अनेक अनमोल रचना प्रदान गर्नुहुँदा कतिपयले राजनीतिको विशेष रंग त्यस साहित्यमा देख्न पनि सक्छन् । यद्यपि साहित्य राजनीति निरपेक्ष हुँदैन भने विचार साहित्य निरपेक्ष हुनसक्दैन ।

समाजको मनोविज्ञान, सुखदुःख, इतिहास, आरोह-अवरोह, निजी अनुभव अनेक विषय रचनागर्भमा हुन्छन् । तिनलाई बिम्ब बनाएर चित्रकारले कुचीमार्फत रंग भरेजस्तै लेखक साहित्यकारले अक्षरमा समेट्ने काम गर्छन् । धेरैले भन्ने गर्छन्- यदि बिपीलाई राजा महेन्द्रले त्यसरी जेल नहालेका भए, लोकतन्त्रको अपहरण नगरेका भए, नेपालीको स्वतन्त्रता कुण्ठित पार्ने काम नगरेका भए सम्भवतः नेपाली समाज बिपीको साहित्यिक रचनाहरूबाट विमुख हुनपर्ने थियो । यो तर्क केही हदसम्म सही छ । साहित्यका रूपमा मानवीय चेतना र विवेकलाई बिपीले जुनरूपमा प्रस्तुत गर्नुभएको छ उहाँले कठोर कारावास नभोग्नु भएको भए ती अनमोल चिन्तनचेतबाट निश्चय पनि नेपाली समाज विमुख हुनपर्ने थियो भन्न सकिन्छ । तर असल मानिसको खोजी गर्ने बिपीले जेलमुक्तिसँगै किन हतियार उठाउने निर्णय गर्नुभयो ? मेरा मनमा सधैं यो प्रश्नले चिमोटिरहेको छ ।

आखिर असल मानिसको खोजी राजनीतिमा पनि हुन्छ । राजनीति यसै पनि राज्यको मूल मियो नै हो । परिवर्तनको सन्दर्भमा समेत असल मानिसको खोजी हुनुपर्छ । के हिंसा असल मानिसको स्वभाव र माध्यम हो त ? शासकीय महत्वाकांक्षा, सामूहिक वा व्यक्तिगत प्रतिशोधद्वारा निर्दिष्ट हिंसा असल मानिसको चरित्र कसरी हुनसक्छ ? उहाँले मोदी आइन, हिट्लर र यहुदी कुनै पनि कृतिमा हिंसाको पक्ष लिनुभएको छैन । कठोर कारावासमा बस्दा हिंसा विरोधी असल मान्छेको खोजी गर्ने बिपीले राजनीतिक परिवर्तनकालागि किन हतियार उठाउन पुग्नुभयो ? के मानिस अनिष्पित समयमा परिस्थितिको बन्दी हुन बाध्य हुन्छ ? कि मानिसलाई परिस्थिति र समयले असल वा खराब सिद्ध गर्छ ? अर्थात् समयको

पुरुषोत्तम दाहाल

दबाबअनुसार मानिसले आफ्नो विचार र व्यवहार परिवर्तन गर्नुपर्ने हुन्छ ? कदाचित यी प्रश्नको उत्तर नेपाली साहित्यका विज्ञ विवेचकहरूबाट मिहीन विश्लेषणकासाथ सार्वजनिक हुन सक्नेछ । यो पंक्तिकार साहित्यका अन्तर्रनिहीत आसयहरूको विवेचना गर्ने धृष्टता गर्दैन र त्यो यसको विधा पनि होइन । तर मानवताको उत्कर्ष खोजी गर्ने बिपीका लागि कुन बाध्यताले प्रेरित गऱ्यो र उहाँले अन्तरविवेकबोधभन्दा भिन्न हिंसाको राजनीतिलाई केही क्षण अवलम्वन गर्नुभयो, त्यो भने विवेच्य हुनुपर्छ भन्नेमा दृढ छ ।

२००७ सालको सन्दर्भ फरेक थियो । हतियारबाट नै परिवर्तनको अवस्था सिर्जना गर्नुपर्ने शायद बाध्यता पनि थियो । राणा शासनको कमजोर अवस्था, अन्तर्राष्ट्रिय परिस्थिति तथा परिवर्तनको राष्ट्रिय आवश्यकताले समेत २००७ को हतियार प्रयोगलाई सिद्ध गर्न सकिन्छ । तर त्यसपछिका कुनै पनि हतियार प्रयोगलाई सिद्ध गर्नसक्ने अवस्था छैन । २०१८ को सशस्त्र आन्दोलन तत्कालको प्रतिक्रिया थियो भने झापा विद्रोहको रहस्यपूर्ण गर्भाशय अझै स्पष्ट भएको छैन । २०४२ को बम काण्डले त परिवर्तनको समयलाई लम्ब्याउने काम नै गरेको थियो ।२०५२ देखि २०६२ सम्म चलेको सशस्त्र हिंसाले मानवताका सबै सीमा उल्लंघन गरेकोसबैलाई थाहा छ । त्यसपछिका अनेक छिटपुट हिंसाका घटनाले राजनीतिमा विवेक र मानव मर्यादालाई धेरैपटक चुनौती दिएका छन् । अर्थात् परिवर्तनको आधार हिंसालाई बनाउने योजना असल मान्छे निर्माणका अवरोध हुन् भन्ने स्पष्ट देख्न सकिन्छ । कठोर कारावासमा बसेर यस सत्यलाई अभिलेखबद्ध गर्ने क्रममा असल मान्छे खोज्ने बिपी कोइरालाले हिंसाको बाटो रोज्नु यसैकारण आश्चर्यपूर्ण लाग्छ । सम्भवतः कृष्णप्रसाद भट्टराई र महेन्द्रनारायण निधी जस्ता बिपीका अनन्य सहयोगी र हितैषीले हिंसा अस्वीकार गर्नुको कारण र अर्थ पनि यस्तै केही हुनसक्छ ।

साहित्यमा बिपीलाई सबैले, सबै पक्षले सहजरूपमा स्वीकार गरेका थिए हिजोका दिनमा । तर राजनीतिमा उहाँलाई सदा विवादमा राख्ने प्रयास भएको थियो ।नेपाली साहित्यमा महाकवि लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमालहरू जस्तै गरी नवीन धार र आयाम दिनेमध्ये बिपी एक हुनुहुन्थ्यो । राजनीतिमा भने नवीनधारको भाष्यकार बिपी एक्लै हुनुभएको कारणले पनि शायद अनेक आलोचक सतहमा देखा परे । साम्यवादमा विश्वास गर्नेहरू र राजाको निरंकुशता वरण गर्नेहरूले बिपीलाई सदा अनेक कुतर्कको सहारामा आलोचना गरिरहेका थिए । उनीहरूले निर्दलीय पञ्चायतकालभर र त्यसपछिका अनेक वर्षसम्म बिपीलाई राजनीतिक प्रहारको केन्द्रमा राखिरहेका थिए । तर सात दशकपछि विस्तारै सबैका लागि बिपी विचार समानरूपमा ग्राह्य हुनपुगेको छ । नेपालमा लोकतान्त्रिक गणतन्त्रको स्थापनाले बिपीलाई सबैका माझमा स्थापित गरिदिएको छ । राजाको कालखण्डमा बिपीलाई राष्ट्रघाती अराष्ट्रिय तत्व देख्ने कमल थापाहरू र २००६ सालदेखिनै निरन्तर बिपीलाई पुँजीवादीदलाल देख्ने नेपाल कम्युनिस्ट पार्टीका आजका शीर्ष पुष्पकमल दाहालहरूले समेत अहिले बिपीका विचारको सान्दर्भिकता देख्न लागेका छन् । उनीहरूको चिन्ता केमा छ भने बिपीको अनुयायी राजनीतिक दल नेपाली काँग्रेसले र काँग्रेसमा आबद्धहरूले बिपीका विचार अवलम्बन गरेका छैनन् । अर्थात् उनीहरुको चाहना स्पष्ट छ- नेपाली काँग्रेसले बिपी विचारलाई जीवनपद्धतिका रूपमा वरण गर्नुपर्छ।

बिपीले दिनुभएका धेरै विचार छन् जसलाई समयसन्दर्भमा परिष्कार गर्न सकिन्छ । विचार अमर त हुन्छन् तर व्यवहारतः सदा प्रयोग योग्य नहुनसक्छन् । तर बिपीका केही शास्वत विचार छन् जसलाई निरन्तर र युगौंयुगसम्म जीवन पद्धतिका रूपमा व्यवहार गर्नुपर्ने हुन्छ । जस्तो असल मान्छे हुन दिनुभएको सन्देश र सामाजिक अन्तर्घुलनको विषय । अहिले नेपाली काँग्रेसले पार्टी पंक्तिमा निरन्तर असल पक्षलाई जीवन पद्धति बनाउन प्रेरित गरिरहेको छ । यतिखेर नेपाली काँग्रेसले बिपी विचारको सान्दर्भिकतालाई अनुभूत गर्दै असल मान्छे, असल लोकतन्त्रवादी र असल काँग्रेसकालागिप्रशिक्षित गर्न लागेको छ । असल नभएसम्म जनताको मानिस हुन सक्दैन, जनतासँग जोडिनका लागि असल हुनै पर्छ । यतिखेर लोकतन्त्र छ । प्रणाली लोकतान्त्रिक मात्र भएर पुग्दैन । प्रणालीका संयन्त्रहरूमा बसेर राज्यसत्ता सञ्चालन गर्नेहरूको सोच पनि लोकतान्त्रिक हुनुपर्छ । दुर्भाग्यवस सत्तामा बस्नेहरूमा लोकतान्त्रिक आचरण क्रमशः निष्क्रिय हुँदै गएको देखिन्छ ।

अहिले सबैभन्दा बढी अलोकतान्त्रिक आचरणको प्रहार नेपाली प्रेसमाथि केन्द्रित भइरहेको छ । हरेक हप्ताजसो पत्रकार पक्राउ पर्न लागेका छन् । शासकका आँखामा थोरै आलोचक देखिएमा, विरोध र व्यंग्यका शब्द प्रयोग भएमा पत्रकारले प्रहरी कारबाही सामना गर्नैपर्नेभएको छ । लोकतन्त्रमा सीमारहित स्वतन्त्रता हुन्छ । स्वतन्त्रताको सीमारहित सन्दर्भमा कृष्णप्रसाद भट्टराईलाई यसबेला नेपाली प्रेसले सम्झनुपर्ने हुन्छ । उहाँ भन्नुहुन्थ्यो- प्रेसले पूर्ण स्वतन्त्रता उपयोग गर्नुपर्छ । तर नेपाली प्रेसले लोकतान्त्रिक गणतन्त्रमा पूर्ण स्वतन्त्रता खोजेको नभए पनि मर्यादित स्वतन्त्रता र अन्य लोकतान्त्रिक राष्ट्रको प्रेसले पाएसरह स्वतन्त्रता उपयोग गर्न चाहेको अवस्था छ । लोकतान्त्रिक मूल्यअनुरूपको स्वतन्त्रतालाई समेत निषेध गर्न तत्पर शासकीय चिन्तनविरुद्ध जागरणको खाँचो जति छ त्यति नै असल मान्छे, असल लोकतन्त्रवादी र असल काँग्रेसको आवश्यकता छ । बिपी विचारको सम्मान गर्ने हो भने असल चरित्र र अन्तर्घुलित समाज निर्माणमा सबैको विश्वास र लगाव हुनु जरुरी छ । काँग्रेसजनका लागि त योभन्दा पृथक मार्ग देखिँदैन ।

संकटका बेला मात्रै सम्झिइने राजनेता हुन् वीपी

विसं. १९९७ सालको राणाविरोधी आन्दोलनसँगै प्रजातन्त्र स्थापनाको अभियानमा महत्वपूर्ण भूमिकासमेत निर्वाह गरी नेपाली जनतालाई स्वतन्त्र नागरिक बनाउने वीपी कोइरालाको आज १०५ औं जन्मदिन हो । राणा प्रधानमन्त्रीलाई फाटेको कपडाको पोको उपहारस्वरुप दिएर तत्कालीन शासकको आँखा खोल्न साहसिक आँट गर्ने बाबु कृष्णप्रसाद कोइरालाका साहिँला छोराका रुपमा वीपी कोइरालाको जन्म विसं १९७१ भाद्र २४ मा भएको हो । तीक्ष्ण बुद्धि र स्मरण शक्तिका हिसावले मेघावी युवाका रुपमा छाप छोड्न त्यसताका सफल वीपीले प्रथम जननिर्वाचित प्रधानमन्त्री समेतको इतिहास निर्माण गरे । पिता कृष्णप्रसाद कोइराला राणाहरुलाई अपहेलना गरेको आरोपमा भारतमा निर्वासनमा रहेका बेला बाबुसँग भारत आजादिको आन्दोलनसमेत बुझ्ने मौका पाए वीपीले ।

नेपालमा राणाविरोधी आन्दोलनको नेतृत्वसंगै लोकतन्त्र स्थापनामा सफलता प्राप्तिपछि वीपीले आर्थिक र मौलिक अधिकारका निम्ति प्रजातान्त्रिक समाजवादको अवधारणा सार्वजनिक गरे । २०१२ सालमा कांग्रेसको वीरगञ्ज महाधिवेशनले आफूलाई समाजवादी पार्टीकारुपमा उभ्यायो । काँग्रेस त्यसताका समाजवादमा जानुमा भने पृथक कारण छ । जब औद्योगिक पुँजीवादी युगमा प्रवेश गरेको युरोपमा कार्ल मार्क्सले लेखेको पुँजी र कम्युनिस्ट पार्टीको घोषणापत्रले उथलपुथल ल्यायो । सोही घटनाबाट व्यक्तिको स्वतन्त्रताप्रति मार्क्सले गरेको उपेक्षाबाट वीपीले पाठ सिक्दै व्यक्तिको आर्थिक समानता र न्यायपूर्ण व्यवस्थामा मात्र नेपालको गरिबी हटाउन सकिन्छ भन्ने निष्कर्ष निकाले । त्यही निष्कर्षकै सेरोफेरोमा रहेर वीपीले अगाडि सारेको समाजवादी विचारबाट नै २०१२ सालमा काँग्रेसले आफूलाई समाजवादी पार्टीमा रुपान्तरण गरेको हो । सोही समाजवादी विचार नै २०१५ सालमा काँग्रेसको एकलौटी बहुमत ल्याउने विचार बन्न पुग्यो ।

वीपीकालीन समयमा जब ९० प्रतिशत गरिब एवं विपन्न जनताको प्रतिनिधि राज्यको नीति निर्माण तहमा पुग्दैन, तबसम्म जनता कुनै न कुनै रुपमा शोषित नै रहन्छन् भन्ने निष्कर्ष थियो वीपीको । त्यही कारण काँग्रेसले आफूलाई समाजवादी पार्टीका रुपमा उभ्याउनुपर्छ भन्ने स्पष्ट मान्यता थियो उनमा । र, त्यही मान्यताका आधारमा ०१५ सालमा जनताले काँग्रेसलाई दुई तिहाइ मत दिए । तर, ०१७ सम्म पुग्दा षडयन्त्रकारी राजा महेन्द्रबाट लोकतन्त्र बचाउन वीपीलाई सफलता प्राप्त भएन । सफलता त प्राप्त भएन नै, उनको आर्थिक न्याय र समानतावाट जनताको जीवनस्तर उठाउने मिसनमा समेत गम्भीर धक्का लाग्यो । आर्थिक समानता र राजनीतिक स्वतन्त्रताको मिलनबिन्दुबाट मात्र राष्ट्रियता बलियो हुने वीपीको ठम्याइ थियो । राजनीतिक स्वतन्त्रता हुँदा आर्थिक विकास ढीलो हून्छ भन्ने शाही तर्कका आधारमा राजा महेन्द्रले प्रजातन्त्र नै बन्धक बनाइदिए ।

हुन त यो एउटा सानो आलेखमा वीपीकाबारे सबै विषयबस्तु सार्वजनिक गर्न सम्भव छैन । तथापि ०३३ सालको मेलमिलापको सन्दर्भ नउठाई वीपीको सम्झना अधुरै रहन्छ । मेलमिलापको नीति लिएर नेपाल फर्कंदा वीपीमाथि बिराटनगरमा राजालाई बम हानेको, हवाइजहाज अपहरण गरेको, ओखलढुंगाको टिम्बुरवोटे काण्ड घटाएको जस्ता राजकाज सम्बन्धी ८ वटा मुद्दा थिए । पुस १६ गते विमानस्थलमा अवतरण हुनासाथ वीपी, गणेशमान, रामवाबु प्रसाई, शैलजा आचार्य, खुमबहादुर खडका लगायत ६ जनालाई सिधै सुन्दरीजलस्थित सेनाको बन्दीगृहमा पुऱ्याइयो । र, वीपीलाई सोधियो- भारतलाई हेर्ने तपाईको दृष्टिकोण के हो ? हवाइजहाज अपहरणवाट प्राप्त ३० लाख केमा खर्च भयो ? दरबारले वीपीलाई सोध्नकै निम्ति प्रश्न तयार गरी तत्कालीन अञ्चलाधीश सूर्यप्रसाद

सुदर्शन आचार्य

श्रेष्ठलाई माथि उल्लेख गरिएका प्रश्नसँगै ८-१० वटा बुँदा टिपेरै दिएका थिए ।

तर, राजनेता वीपीले निर्भयतापूर्वक एक-एक प्रश्नको जवाफ दिए, विमान अपहरणबाट प्राप्त रकमका सम्बन्धमा वीपीको जवाफ थियो "जनताको पैसा जनताले नै खर्च गरे ।" सुन्दरीजल थुनामा रहेका बखत जनकमान श्रेष्ठको अध्यक्षतामा बनाइएको विशेष अदालतमा मुद्दा चल्दा वीपीले आठैवटा (कतिपय घटना वीपीलाई जानकारीसम्म थिएन) मुद्दाको नैतिक जिम्मेवारी लिए । अदालतले वीपीलाई थुनामुक्त गऱ्यो । उनी उपचारका लागि अमेरिका पुगे । अमेरिकाबाट फर्कंदा केही अन्तर्राष्ट्रिय शक्तिले नेपालमा डेमोक्रेसी ल्याइदिने, विदेशी भूमिमै बसेर आन्दोलन गरिरहँदा प्रधानमन्त्रीसमेत बनाइदिने बचन पाउँदा उनले अस्वीकार गर्दै भने - प्रजातन्त्र नेपाली जनता आफैंले स्थापित गर्नुपर्छ ।

उपचारपछि वीपी सीधै नेपाल आए र थुनिए पनि । भनिन्छ - जेलबाट छुटेपछि एक दिन कोइरालानिवास मित्रपार्कमा अकस्मात एक अपरिचीत व्यक्ति देखा पर्यो र भन्यो - वीपीवाबु तपाई निर्णय लिनुस्, हामी राजसंस्था फालिदिन्छौ । संगै ती व्यक्तिले थपे - तपाईलाई नेपालको पहिलो राष्ट्रपति बनाउँछौं । राजनीतिका चर्तुर खेलाडी वीपीले चौवीस घण्टाको समय मागे । उनीले आफू राष्ट्रपति बन्न तयार भएको सन्देश त दिएनन् नै, त्यत्रो २ सय वर्ष लामो इतिहास बोकेको राजसंस्थालाई मिनेटभरमा फ्याँक्न सक्ने शक्तिले आफूलाई राष्ट्रपति नै बनाउँदा पनि नेपालको स्थिरता, र आफ्नै कार्यकालका बारे गम्भीर संशय वीपीमा पैदा भयो । संगै उनले यीसबै घटना बुझेका एक काँग्रेस कार्यकतालाई जवाफ दिँदै भने - मैले राष्ट्रपति बन्ने प्रस्ताव तत्कालै 'नो' भनेको भए त्यो शक्तिले अर्कै पात्र खडा त गर्थ्यो नै, मुलुकका लागिसमेत बढी क्षति हुन्थ्यो । यसरी आफैंमाथि आइपुगेको ललीपपरुपी षड्यन्त्रकारी प्रस्तावलाई वीपीले समयमै बुझे र अस्वीकार गरिदिए । मित्रपार्क पुगेर वीपीलाई राष्ट्रपति बन्न प्रस्ताव गर्ने व्यक्ति को थिए भन्ने त बाहिर आएन । तर, तिनै व्यक्तिले तत्कालै जनमत संग्रहको घोषणा भने गराइदिए । उनको नेपालको राजनीतिमा दरिलो प्रभाव बुझ्न कठिन छैन ।

राजनीतिका तिनै चतुर खेलाडी वीपी कोइरालाले निर्माण गरेको पार्टी हो- नेपाली काँग्रेस । काँग्रेस कमजोर गराउँदामात्रै आफ्नो भविश्य सुरक्षित देख्यो राजतन्त्रले सधैं । आज दुई तिहाइको समर्थन प्राप्त नेकपाको सरकारको निसानामा पनि काँग्रेस नै छ । मातृकाप्रसाद कोइराला, तुलसी गिरी, विश्वबन्धु, परशुनारायण चौधरी, जस्ता नेपाली काँग्रेसमा लामो इतिहास बनाएका नेतालाई दरबारले सजिलै प्रयोग गर्यो । दरबारको प्रयोगमा हालका सभापति शेरबहादुर देउवा पनि पर्न पुगे, उनै देउवाले गोर्खाली राजाले न्याय गर्छन् भन्दै आफैंलाई बर्खास्त गर्ने राजाद्वारा मनोनित प्रधानमन्त्रीसमेत स्वीकार गरे ।

सत्ता नामको जाली खेलमा मातृकाप्रसाद कोइरालादेखि शेरबहादुर देउवासम्म कोही अछुतो रहन सकेनन् । कतिपयले आज वीपी कोइराला जीवितै रहनुभएको भए के गर्नुहुन्थ्यो होला भन्ने प्रश्न पनि गर्ने गर्दछन् । स्पष्टरुपमा भन्न सकिन्छ - मातृका, तुलसी, विश्वबन्धु, परसुनारायण जस्ता दरबारले प्रयोग गरेको पात्रलाई वीपी कोइरालाले कांग्रेसमा भित्र्याउने चाहना राख्नुभएन, त्यसैगरी शेरबहादुर देउवाले पनि काँग्रेसमा प्रवेश पाउने नै थिएनन्, सँगै कलश काँग्रेस लिएर नारायणगोपाल चोकतिरै हल्लिरहनुपर्ने बाध्यतामा उनी हुन्थे ।

वीपी जयन्तीका अवसरमा कृष्णप्रसाद सिटौला, अर्जुननरसिंह केसी, प्रकाशमान सिंह, शेखर कोइराला (क्याप्स) ले काँग्रेसलाई जनताको काँग्रेस बनाउने दृढ इच्छाशक्तिसहितको अठोट लिन सक्दामात्र वीपी कोइरालालाई स्मरण गरेको ठहरिनेछ । वीपी कोइराला सत्ता वा शक्तिको आशक्ति देखाउने नेता थिएनन् । सत्ताका निम्ति पार्टी नै तोड्न उद्दत कोही पनि नेता वीपी कोइरालालाई स्मरण गर्न समेत योग्य ठहरिन्न । हिजो वीपीले पारिवारिक प्रचण्ड दबावका बावजुद पनि परिवारका सदस्यलाई संसदको टिकटसम्म दिएनन् । आज पार्टीको नेतृत्व र नेताका लागि परिवार र आर्थिक लगानी गर्ने मात्र प्रिय पात्र देखिँदैछन् । यही बेथितिको काँग्रेसले राष्ट्रिय राजनीतिको भावी दिनलाई हाँक्नै सक्दैन भन्ने निष्कर्ष निकाल्न कठीन छैन । काँग्रेसजन आफ्नो महासमिति बैठकको पूर्वसन्ध्यामा छन्, काँग्रेस यति नै बेला पार्टीको विधानको संरचनामा आमूल परिवर्तनसमेत गर्ने पक्षमा देखिएको छ । नेपालका हरेक परिवर्तनको आन्दोलनको नेतृत्व गर्ने अवसर इतिहासले दिँदा पनि पछिल्लो समय पार्टीको लज्जाजनक हारको समीक्षासमेत वीपीको विचारलाई साक्षी राखेर गर्नुपर्ने अवस्थामा आज काँग्रेस पुगेको छ ।

वीपी कालीन समयमाझै घोर अन्धकारको समय कथम भोलि आयो भने विचारविहीन काँग्रेसका कति कार्यकर्ता काँग्रेसमा टिक्लान् ? आजको काँग्रेसको नेतृत्व काँग्रेस कार्यकर्तालाई के सिकाउँदैछ ?विचारद्वारा प्रशिक्षित नेता कार्यकर्ता किन रुचाइन्न ? पार्टी नेतृत्वमा आज किन आर्थिक मोह प्रधान बन्न पुग्यो ? थप प्रश्न उठ्छ - नेपालको राजनीतिक फाँटमा नेपाली काँग्रेसको औचित्य सकिएकै हो त ?

यदि लोकतन्त्रको स्थायित्वका निम्ति भरपर्दो शक्तिका रुपमा नेपाली काँग्रेसलाई रुपान्तरण गर्ने नै हो भने काँग्रेसका दोस्रो पुस्ताका नेता 'क्याप्स' (कृष्ण सिटौला, अर्जुन नरसिंह, प्रकाशमान र शेखर कोइराला) ले वीपी जयन्तीका अवसरमा आफू पनि सच्चिँदै पार्टीलाई पनि सच्याउने प्रतिवद्धता जनाउन जरुरी छ ।

मौजुदा काँग्रेसको नीति र नेतृत्व दुवै असफल भैसक्यो । पार्टी नेतृत्वमा काँग्रेसको समाजवादी नीति विपरीतको दृष्टिकोण हावी छ । वीपी जयन्तीका अवसरमा वीपी विचारलाई साक्षी राखेर भन्नैपर्ने हुन्छ - काँग्रेस बेथितिमा जानुमा नेतामा नैतिकताको जति अभाव देखियो, त्यति नै कार्यकर्तामा पनि अनुशासनको आभाव देखिन्छ । नेतामा नैतिकता र कार्यकतामा अनुशासनको बल नहुँदासम्म वीपीको विचार र सात दशकको इतिहास बोक्केको पार्टी मात्रै भनेर अबको पार्टी चल्दैन ।

(आचार्य वीपी विचार मञ्चका अध्यक्ष हुन् ।)

प्रधान-सम्पादक/प्रकाशक : कौशलकुमार भट्टराई (९७५१०३८२३७)
सम्पादक : कृष्ण लम्साल (९७५१०३१६३२),
कार्यकारी सम्पादक : पिएमणि भट्टराई
कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
प्रधान कार्यालय : मध्यपुर थिमी-३, भक्तपुर
काठमाडौं-कार्यालय : बबरमहल, काठमाडौं
फोन: ०१-४२६७०६४
इमेल :nayabimarsha@gmail.com,
मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं

सम्पादकीय

निर्मलालाई न्याय देऊ

निर्मलाका आमाबाबु न्याय खोज्दै सुदूरपश्चिमको कञ्चनपुरबाट राजधानी काठमाडौं आएका छन्। स्थानीय प्रहरी, प्रशासन र राजनीतिक नेतृत्वले हत्यारा खोज्न हैन प्रमाण मेटाउन लागिपरेको उनीहरूको आरोप र गुनासो छ। विशेषगरी अहिले निलम्बन रहेका तत्कालीन स्थानीय प्रहरी प्रमुखले बढी नै ज्यादती गरेको निर्मलाका आमाबाबुमात्र हैन घटनाबारे जानकारी राख्नेहरूले बताएका छन्। स्थानीय प्रहरी निर्मलाका हत्यारा जोगाउन लागेको देखेपछि आक्रोशित कञ्चनपुरवासीले सडकमा उत्रेर विरोध गरेपछि सरकारले केही सक्रियता त देखायो तर परिणाम देखिएको छैन। प्रहरीले अभियुक्तका रूपमा प्रस्तुत गरेको व्यक्ति डीएनए परीक्षणबाट निर्दोष ठहरिएपछि अनुसन्धानकर्ताको नियत र क्षमता दुवैमा प्रश्न उठेको छ। सायद, यही कारणले ठेलामा पानीपुरी र चटपटे बेचेर गुजारा चलाउने निर्मलाका आमाबाबु न्याय खोज्न राजधानीसम्म आएका हुन्। निर्मला हत्या प्रकरणमा प्रहरीको भूमिका र राजनीतिक संरक्षणको सन्देहले पञ्चायतको उत्तरार्द्धतिर पोखरामा भएको नमितासुमिता हत्याकाण्डको झल्को दिएको छ।

निर्मलाको बलात्कारपछि हत्या गरिएकोमा अब सायद सन्देह छैन। तर, प्रहरीले नै प्रमाण संरक्षण गर्नुको साटो मेटाएको देखिएकाले घटना केही समयपछि सामसुम हुने सन्देह गर्नु अस्वाभाविक होइन। प्रधानमन्त्री केपी ओली स्वयंमाथि समेत गलत सूचना प्रवाह गरेर 'अनुसन्धान प्रभावित हुनेगरी अभिव्यक्ति दिएको' आरोप लागेको छ। प्रधानमन्त्री ओलीले निर्मलाका आमाबाबुले सबैभन्दा बढी शंका गरेका व्यक्तिहरूको पक्षमा पनि अभिव्यक्ति दिएका थिए। प्रदेश ७ को सरकारको मौनताले पनि यस घटनालाई थप रहस्यमय बनाएको छ। नमिता सुमिताको हत्या पनि बलात्कारपछि भएको थियो। तिनको बलात्कार तथा हत्यामा भारदारहरूको संलग्नताको शंका गरिएको थियो। केही समयपछि घटना सामसुम भएको थियो।

निर्मला हत्याकाण्डको विषयलाई लिएर प्रतिनिधि सभाको भाद्र २८ गतेको बैठकमा नेपाली काँग्रेस सदन अवरुद्ध गरेको छ। उता तीजमा रातो सारी र गरगहनामा सजिनुपर्ने नारीहरु कालो साडी पहिरिएर विरोध प्रदर्शनमा उत्रिएका छन्।

तीज : विगतदेखि भविष्यसम्म

गायत्री लम्साल

देशको विकास, प्रगति र उन्नतिमा त्यो देशको भाषा, कला र संस्कृतिले महत्वपूर्ण स्थान ओगटेको हुन्छ। राम्रा संस्कार र संस्कृति मुलुकका गहना हुन्। समय, अवस्था र परिस्थितिअनुसार यिनीहरूमा समयसापेक्ष परिवर्तन हुनु जरुरी छ। हाम्रा संस्कृति र परम्पराहरू राम्रा छन् भने पुराना हुन् भनेर छाड्न हुँदैन अनि नराम्रा छन् भने हाम्रा परम्परा हुन् भनेर आँखा चिम्लेर मान्न पनि हुँदैन। अब हाम्रो सोचमा परिवर्तन हुनु जरुरी छ। मानसिकता परिवर्तन भयो भने व्यवहारमा पनि सजिलो हुन्छ। आज केही तीज विशेष समारोहरूमा गरगहना नलगाई महँगा साडी नलगाई तीज मानेका खबरहरू सुन्न र देख्न पाइन्छ तर तिनैले घरमा भने बीसौं तोलाका सुनका गहना सञ्चय गरेर राखेका हुन्छन्। केही क्षणका लागि मलाई केही भन्छन् कि भन्ने डरले देखावटी रूपमा गरगहना प्रदर्शन नगर्दैमा बनावटी परिपक्वताले खासै परिवर्तन ल्याउन सक्दैन।

हिजोको तीज

केही समय पहिले कम उमेरमा बिहे हुन्थ्यो। यातायातको व्यवस्था राम्रो थिएन। बिहे गरेका घरमा जान एक दुई दिन पैदल नै हिँड्नु पर्दथ्यो। महिलाहरू विशुद्ध चुलाचौका, खेतीपाती र पशुपालनमा नै व्यस्त थिए। त्यो बेलामा विशेष गरी हिन्दू महिलाले मनाउने तीजले छुट्टै महत्व राख्दथ्यो। कामको चटारोमा विश्राम पाएर आफू जन्मेहुर्केको घरमा जान पाउनु, दुःख गरी कमाएर वा ऋण नै खोजेर भए पनि मीठो दर खान पाउनु। दिदीबैनी भेला भएर दुःखसुखका गीतहरू गाउनु र नाच्नुलाई त्यो बेलाको समयमा नराम्रो भन्न मिल्दैन। विभिन्न पौराणिक कथाहरूलाई आधार बनाएर पतिको दीर्घायूका लागि भनेर व्रत बस्ने चलन भने राम्रो होइन। घण्टौं लाइनमा भोकै उभिएर शिवलिङ्गको पूजा गर्नु आफ्नै शरीरका लागि घातक हुनसक्छ। यो पुरुषहरूलाई मालिक बनाउने बलियो आधार हो। रजस्वलाको पाप पखाल्न भनेर ऋषि पञ्चमी पूजा गर्ने चलन छ। यो वैज्ञानिक दृष्टिकोणबाट गलत हो।

दाजुभाइहरू पैदल हिँडेर आफ्ना दिदीबहिनीहरूको घरमा गएर तीज मान्नका लागि ल्याउने चलनलाई सकारात्मक रूपमा लिन पर्छ। यसो गर्दा दाजुभाइ र दिदीबैनीहरू बीचमा एक आपसमा माया, ममता र सद्भाव बढ्ने गर्दछ। विभिन्न घटनाक्रमलाई गीत बनाएर तीजमा गाउने चलन हिजोको तीजमा व्यापक थियो। मनमा अन्तरनिहित कुण्ठाहरूलाई गीतको माध्यमबाट सबै जम्मा भएर गाउँदा मन हलुङ्गो हुनुको साथै घटनाको जानकारी सबैले थाहा पाउनु पनि एक प्रकारको राम्रै चलन मान्न सकिन्छ।

पुरुषले महिलालाई हेपेका कुरा, महिलाले महिलालाई नै हेला गरेका कुरा अरू बेलामा भन्ने उपयुक्त अवसर हुँदैनथ्यो। तीजको भाकामा गीत बनाएर गाउँदा कसैले पनि आरोप लगाउने गर्दैनथे। सासूको बुहार्तन बल्ल बल्ल खपेकी छोरी केही दिनलाई भए पनि आमा बाबासँग आएर बस्न पाउँदा मनभित्रै राहातको अनुभव हुन्थ्यो। मनभित्रका गहिरा चोट, पीर र मर्कालाई पोखेर हलुङ्गो बनाउने माध्यम बनेको थियो तीज। महिलाले राम्रो कुरा गर्दा 'पोथी बासेको राम्रो हुन्न' भन्ने हाम्रो समाजमा तीज नै आफ्ना कुरा ओकल्ने माध्यम बनेको थियो।

गीतको साथमा हाम्रा मौलिक बाजाहरू बजाउने गरिन्थ्यो। मादल, मजुरा, खैजडी, बाँसुरी, एकतारे लगायतका स्थानीय बाजाहरू धेरैका घरमा हुन्थे। यसले पनि हाम्रा मौलिक संस्कृति जगेर्ना गर्नमा निकै राम्रो काम गरेको थियो। सम्पन्न महिलाहरूले हिजोको तीजमा पनि सुन चाँदीका गहनाहरू लगाउने चलन थियो। जसले गर्दा गरिब महिलाहरूले ऋण खोजेर भए पनि गहना किन्न बाध्य बन्दथे। यो पुरुषहरूले महिलाहरूलाई आफ्नो बसमा पार्नका लागि बिहेमा गरगहना लगाइदिने चलन बनाएको हुनाले नै महिलाहरूको मानसिकता कमजोर बनाइएको हो, जुन अहिले पनि व्यापक छ।

आजको तीज

आधुनिकताको नाममा आजको तीजमा झन् बढी विकृति र विसङ्गतिहरू भित्रिएका छन्। तीजको मौलिकपन हराउँदै गएको छ। सोसल मिडियामा जस्तासुकै तीजका गीतको

चर्को प्रचार प्रसार भइरहेको छ। जान्नेबुझ्नेहरूले यस्ता समाजमा अपाच्य हुने टाइपका गीत र म्युजिक भिडियोले तीजमा विकृति ल्यायो भन्ने गर्छन् तर उनीहरूले नै सबैले भन्दा बढी तिनै भिडियो हेर्ने र उनैलाई सम्मान गर्ने संस्कृति विकास हुँदैछ। वास्तविक तीजका गीतहरू, भाकाहरू अनि मौलिक बाजाहरू हराउँदै गएका छन्।

पहिलाको तीजमा खाने दरमा लोकल उत्पादन हुन्थ्यो तर आजको तीजमा सबै विदेशी उत्पादनमा मख्ख पर्न थालेका छौं। दूध, घिउ र दहीले बिस्तारै विश्राम लिँदैछ एकातिर भने अकोर्तिर महिलाहरू पनि सफ्ट ड्रिङ्क्स र हार्ड ड्रिङ्समा रमाउने क्रम बाक्लिँदैछ। यहाँ मैले पुरुषहरूले खान हुन्छ, महिलाहरूले हुन्न भन्न खोजेको होइन। सके पुरुषहरूलाई पनि रक्सीजन्य पदार्थ खानबाट रोकौं, महिलाहरूले पनि आधुनिक बन्ने, समान बन्ने होडमा वाइन र अन्य ड्रिङ्सको लतमा नलाग्नु नै उत्तम हुन्छ।

आजको तीज गाउँमा भन्दा बजारतिर निकै गह्रुँगो बन्दै गइरहेको छ। विभिन्न सङ्घ संस्थाले महिनौं दिन अगाडिदेखि विभिन्न पार्टीप्यालेस, होटल, कटेज र क्याफेहरूमा दर खाने क्रम सुरु गर्दछन्। हुनेखानेहरूमा नगद पैसा उठाएर महँगो दररेटको दिनहुँ दर खाने कार्यक्रमले खासै कुनै उपलब्धि हुँदैन। विभिन्न पार्टीका नेताहरूले पनि विभिन्न समूहका आफ्ना कार्यकर्ताहरूलाई दर खुवाउने गर्दछन्। सम्पन्नहरूसँग पैसा मागेर आफ्नो पार्टीले दर खुवायो भनेर मख्ख पर्नुभन्दा त्यो पैसा कुनै आयआर्जन गर्न मिल्ने किसिमका तालिम, सेमिनार र गोष्ठीहरू सञ्चालन गर्नु राम्रो हुन्छ।

आज तीजको सबैभन्दा नराम्रो चलन व्रत बस्ने अनि शिवलिङ्गको पूजा गर्ने क्रम गाउँमा भन्दा बजारमा व्यापक भएको छ। गाउँका मन्दिरमा भन्दा बजारका मन्दिरमा व्यापक छन् शिवलिङ्गहरू। अनि सम्पन्न र वरिष्ठ भनेका महिलाहरूको घरभित्रको पूजाकोठामा तिनै ठूला ठूला शिवलिङ्गका मूर्तिहरू छन्। आजको एक्काइसौं शताब्दीमा तीजको चलन भनेर यस्ता नराम्रा कुराहरूलाई नहटाउने हो भने हामी नेपाली महिलाहरू माथि उठ्न अझै एक शताब्दी नै लाग्नसक्छ।

केही महिलाहरू तीज भनेको महिलाहरूलाई पछाडि पार्नकै लागि बनाइएको हो, यसलाई कुनै हालतमा पनि मान्न हुन्न भन्ने सोच र दृष्टिकोण बोकेको पाइन्छ। उनीहरू तीज दमनको एक रूप मात्र हो भन्ने मान्यतालाई स्थापित गर्न खोज्छन। यो अतिवादी सोच दुई चार वर्ष अगाडि दर्शैं बहिष्कार भन्ने र अहिले निधारभरि टीका लगाएर मनाउने चलन जस्तै त बन्दैन भन्ने मेरो प्रश्न छ।

भोलिको तीज कस्तो मनाउने ?

तीज नेपालीहरूले धेरै पहिलादेखि मनाउँदै आएको पर्व हो। यसको छुट्टै पहिचान र महत्व छ। आजको समय सन्दर्भ, परिस्थिति अनुसार यसलाई मनाउने शैलीमा भने परिवर्तन गर्नु जरुरी छ। तीजमा राम्रा कुराहरूलाई, राम्रा पाटाहरूलाई उजागर गर्नु छ एकातिर भने अकोर्तिर नराम्रा पाटाहरूलाई चटक्कै छोड्न मानसिक रूपमै तयार हुनुपर्छ। पुरुषप्रधान समाजलाई प्रश्रय दिन तयार पारेका कथाहरूको नक्कल गरी तीजमा पतिको दीर्घायुको कामना गरेर व्रत बस्नु आवश्यक छैन। यसलाई एउटा अभियान नै बनाएर हटाउनु पर्दछ। महिलाहरूलाई आफ्नो बसमा पार्न विवाहमा सिन्दुर, पोते, चुरा लगाइदिने चलन चलाए। यही चलनलाई मलजल गर्न तीजमा भएभरका गरगहनाहरूले सजिने हाम्रो खराब चलन र मानसिकता त्याग्नुपर्दछ। सामान्य, सजिलो, साडी ब्लाउज लगाउँदा त्यही ड्रेस अपलाई सुहाउने किसिमको सादा माला वा पोते लगाउँदा पुरुषकै दासत्व स्वीकारेका भनेर बहस गर्नु पनि जायज हुँदैन। कुरा यहाँ मानसिकताको हो। जतिसुकै आधुनिक कपडाहरूमा सजिसजाउ भए पनि मानसिकता कमजोर छ भने त्यसले व्यावहारिकतामा कुनै परिवर्तन ल्याउन सक्दैन। लगाउने र खाने कुराहरू भनेको व्यक्तिगत स्वतन्त्रताका कुरा हुन्। जसलाई जे मनपर्छ, जे मनलाग्छ त्यही गर्छन्। यसमा चाडबाडको विषय बनाएर बहस गर्न जरुरी छैन। जे लगाए पनि, जे खाए पनि अबका महिलाहरूको मानसिकता मजबुत हुन जरुरी छ।

सृष्टिको नैसर्गिक अधिकार रजस्वलालाई हाम्रो समाजले सहज रूपमा स्वीकार्न सकेको छैन। यसैको नाममा छाउपडी प्रथा आज पनि विद्यमान छ। त्यसैले तीजको ऋषिपञ्चमीमा गर्ने पूजालाई हामी सबै महिलाहरू मिलेर आफूले पनि नगर्ने र अरू महिलाहरूलाई पनि नगर्नका लागि एउटा दह्रो अभियान नै चलाउनु पर्दछ। सरकारले पनि सार्वजनिक बिदा कटौती गर्दा ऋषिपञ्चमीको बिदा कटाएर राम्रो काम गरेको छ। आजको सन्दर्भमा कुन कुरा राम्रो र कुन कुरा नराम्रो भन्नका लागि वैज्ञानिक आधारलाई समाउनु पर्दछ। हाम्रा संस्कार र परम्पराहरू हुन् भन्दैमा खराब चलनलाई सिनौभँ च्यापेर बस्न हुँदैन। तीज पर्व आफैमा नराम्रो होइन तर हामीले मान्ने तरिका र सोचहरूले यसलाई विकृतिमूलक बनाउँदै गइरहेको छ। अब हामीहरूले यसका नराम्रा पक्षहरूलाई जरैदेखि उखेल्नुपर्दछ। तीज पर्वलाई एउटा सभ्य, राम्रो, शालिन, सुपाच्य तीजका रूपमा विकास गर्नु जरुरी छ।

दिदीबहिनी र दाजुभाइबीचको वात्सल्य भावनाको पुनर्मिलनको अवसरका रूपमा परिष्कार गर्नु पर्दछ। तीजको दर खान स्थानीय उत्पादन प्रयोग गर्ने चलन चलाउनुपर्छ। महिलाहरूलाई माथि उठ्न सजिलो बनाउने सन्देश दिने तीज गीतहरू, लोकल तीजकै भाकामा गाउनुपर्छ। अनावश्यक रूपमा महिनौं अगाडिदेखि दर खाने भन्दै महँगा होटलहरूमा जम्मा हुने चलन त्याग्नुपर्छ। हाम्रा स्थानीय मौलिक लोकबाजाहरू मादल, मजुरा, खैजडी, बाँसुरी आदिको जगेर्ना गर्न जरुरी छ। तीज हामी नेपालीहरूको पुरानो पर्व हो। यसका नराम्रा पक्षहरूलाई चटक्कै त्याग्दै राम्रा पक्षहरूको जगेर्ना गर्नुपर्दछ।

अपराध संहिताले प्रेसमा पारेको प्रभाव अध्ययन गर्न कार्यदल

काठमाडौं। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले मुलुकी अपराध (संहिता) ऐन, २०७४ को प्रावधानले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामा पारेको प्रभाव तथा अन्योलबारे अध्ययन गर्न कार्यदल गठन गरेको छ। मुलुकी अपराध (संहिता) ऐन, २०७४ ले सिंगो प्रेस जगतलाई संकुचित पारेको भन्दै आलोचना भइरहेका बेला मन्त्रालयले पत्रकार देवप्रकाश त्रिपाठीको संयोजकत्वमा १५ सदस्यीय कार्यदल गठन गरेको हो। कार्यदल सदस्यमा पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्य, प्रेस इन्सटिच्यूटका अध्यक्ष तीर्थ कोइराला, मिडिया सोसाइटीका अध्यक्ष शुभशंकर कँडेल, ब्रोडकास्टिङ एसोसिएसनका अध्यक्ष चन्द्र न्यौपाने, सामुदायिक रेडियो प्रसारक संघका अध्यक्ष सुवास खतिवडा र अनलाइन सञ्चार माध्यमबाट पूर्ण बस्नेत तोकिएका छन्।

त्यसैगरी मन्त्रालयले नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष धर्मेन्द्र झा, प्रेस चौतारीका अध्यक्ष गणेश बस्नेत, प्रेस युनियनका अध्यक्ष बद्रि सिग्देल, प्रेस सेन्टरका अध्यक्ष महेश्वर दाहालालाई पनि उक्त कार्यदल सदस्यमा चयन गरेको छ। सञ्चारिका नेपालकी निर्मला शर्मा, आदिवासी जनजाति महासंघका डण्ड गुरुङ, वरिष्ठ पत्रकार टीकाराम राई र पत्रकार डा. राजेश अहिराज पनि कार्यदलको सदस्यमा रहेको मन्त्रालयका सहायक प्रवक्ता मुकुन्द शर्माले जानकारी दिए। गठित कार्यदललाई संविधानले सुनिश्चित गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई संहिताले पारेको असरबारे अध्ययन गर्दै त्यसका विकल्पबारे सुझाव दिन भनिएको छ। मन्त्रालयले कार्यदललाई राष्ट्रिय एवं अन्तराष्ट्रिय प्रचलन, मौलिक अभ्यासबारे सम्बद्ध क्षेत्रसँग परामर्श गर्न सुझाउँदै काम शुरु गरेको अवधिले ४५ दिनभित्र प्रतिवेदन बुझाउन भनेको छ।

हुँदै नभएको जग्गाको किनबेच 'भर्चुअल ल्याण्ड'

केही महिनाअघि रायन कुन्जमान न्यूयोर्कस्थित एक बारमा आफ्नो ५८ हजार स्क्वायर फिटको सम्पति हेर्न गए। हैन, त्यो विश्व कै ठूलो बार भने होइन। उनको त्यो सम्पति 'भर्चुअल' मात्र हो। अर्थात् जसको अस्तित्व वास्तविक जीवनमा छैन। कुन्जमान च्याटमा छलफल गर्ने २० व्यक्तिहरु मध्य एक थिए। उनीहरु जेनेसिस सिटीमा रहेको आफ्ना साना प्लटहरुको एकापसमा तुलना गर्दै थिए। जेनिसिस सिटी वास्तवमा एउटा डिजिटल महानगर हो जुन 'भर्चुअल रियालिटी कमर्स'को प्रमुख केन्द्र बन्नेमा उनीहरु आशावादी रहेका छन्। घरजग्गा व्यवस्थापन सम्बन्धी एक वेबसाइटमा प्राविधिकका रुपमा सहयोग गर्ने कुन्जमान आफ्नो सम्पतिमा 'भर्चुअल म्युजियम' वा 'आर्ट ग्यालरी'को विस्तार गर्न चाहिरहेको बताउँछन्। खासगरी ठूला शहरमा बसोवास नगर्ने मानिसहरुका लागि त ती आर्टहरु धेरै आश्चर्यको हुने उनी बताउँछन्।

वास्तविक जीवनमा हुँदै नभएको जग्गा वा सम्पति भए पनि 'ब्लक चेन' मा आधारित 'रियल स्टेट'को पछाडि धेरै 'रियल मनी' रहेको छ। गत डिसेम्बरमा कुन्जमानले एक हजार एक सय वर्गफिटको ६२ प्लटका लागि १५ हजार डलर तिरेका थिए। उनले ती मध्ये ८ प्लट बेच्दै तीन महिनामा आफ्नो लगानी उठाए। अहिले बिक्रेताहरुले 'जेनिसिस सिटी'को एउटा प्लटका लागि धेरैमा ३० हजार डलर तिर्नुपर्छ। क्रेडिट नेटवर्क 'रिपियो डट कम'ले शहर प्रवेश गर्ने बितिकै आगन्तुक आउने मुख्य स्क्वायरको नजिकैको क्षेत्रका लागि एक लाख पचास हजार डलर तिरेका थिए। १३ हजार डलरमा उक्त प्लट किनेका व्यक्तिले २ लाख डलरमा सोही प्लट बिक्री गरेर टन्नै नाफा कमाए। प्लटहरु सीमित संख्यामा मात्र हुने भएकोले अभाव हुने आंकलनमा धेरै कुरा हुँदैछ। 'सेकेन्ड लाइफ' वा 'सिमसिटी' जस्ता खेल भन्दा फरक 'जेनिसिस'मा 'भर्चुअल डाइमेन्सन्स'का रुपमा करिब ९० हजार प्लटहरु तयार पारिएको छ। उक्त प्लटहरु 'डिजिटल वासिङटन डिसी' बराबारको रहेको छ। अर्जेन्टिनाका इस्टेबान ओरडानो र एरी मिलिचले 'इथेरियम ब्लक चेन'को प्रयोग गरी डिसेन्ट्राल्यान्ड नामको 'डिजिटल वर्ल्ड' निर्माण गरेका हुन्। 'डिसेन्ट्राल्यान्ड' टिममा प्रोजेक्टको नेतृत्व एरी मिलिच र प्राविधिक नेतृत्व भने इस्टेबान ओरडानोले गरिरहेका छन्।

उनीहरुका अनुसार एउटा संस्थाले उनीहरुको 'भर्चुअल वर्ल्ड'का नियमहरु वा प्रयोगकर्ताहरुको डाटा परिवर्तन गर्न पाउँदैनन्। 'डिसेन्ट्राल्यान्ड'को प्रारम्भिक 'क्वाइन' हरुको मूल्य गत वर्ष ३० सेकेन्डमा २ करोड ६० लाख डलर बढेको थियो। 'इथेरियम'को 'डिसेन्ट्रलाइज्ड' प्रकृतिले 'जेनिसिस रियल स्टेट'का निर्धारित भागहरुको व्यापार गर्न सजिलो बनाएको छ। त्यसले लिलामी पश्चात् 'भर्चुअल ल्यान्ड'को मूल्यहरुमा थप २ करोड ८० लाख डलर उठाउन सहयोग गर्यो। पहिल्यै प्लट खरिद गरेका धेरैले उनीहरुको 'ल्यान्ड'मा धेरै निर्माण गरिसकेका थिएनन्। त्यसैले उनीहरुले 'जेनेसिस सिटी'लाई विभिन्न थिमको नेइबरहुडमा विभाजित गरेका छन्। जस्तै लस भेगस, इन्टरनेटको रेड लाइट जिल्ला।

मिलिच भन्छन् 'भर्चुअल रियालिटी एक सामूहिक आन्दोलन तर्फ अग्रसर भइरहेको छ। यसको प्रयोगकर्ता बढेसँगै कन्टेन्ट पत्ता लगाउनका लागि प्ल्याटफर्महरु निमार्ण गर्नुपर्ने हुन्छ।' भिआर हेडसेटहरु बाहेक भिजिटरहरुले वेब ब्राउजरको माध्यमबाट पनि प्लटहरु हेर्न सक्छेन्। 'आइसिओ' बाट पैसा उठाएका स्टार्टअपका अन्य संस्थापकहरु जस्तै, मेलिच र ओर्डानोले आफ्नो व्यापार मोडल 'क्रिप्टो करेन्सी' 'माना टोकन'मा आधारित रहेर बनाएका छन्। 'क्रिप्टो करेन्सी' र्या'डकिङ साइट 'कोइनमार्केट डट कम'का अनुसार शुरुवाती सेप्टेम्बरमा २ सेन्ट मूल्य रहेको मानाटोकन जनवरीसम्म आइपुग्दा २९ सेन्ट पुगेको थियो। हाल त्यसको मूल्य १२ सेन्ट रहेको छ। 'ड्याप बोर्ड'का अनुसार इथेरियम नेटवर्कमा आधारित भएर चल्ने २० चर्चित एप्लिकेशनमा 'डिसेन्ट्राल्यान्ड' जहिल्यै पर्छ।

ओर्डानो र मिलिच भिआरको भविष्य निकै राम्रो रहेको बताउँछन्। उनीहरुसँग सामान्य 'जेनिसिस सिटी' बनाउन निकै थोरै समय रहेको छ। त्यति बेलासम्म प्लटहरुमा निर्माण कार्य शुरु भइसक्नेछ। प्लट खरिद गर्नेहरुका लागि भने नेटवर्क धेरै उपयोगी हुने र उनीहरुले सोचेको भन्दा व्यापारिक रुपमा सफल हुने केही ग्यारेन्टी हुन्छ। कुजमान र रिपिओका प्रमुख कार्यकारी अधिकृत सेबासटियन सेररिरो जस्ता प्रयोगकर्ता भने धैर्यवान छन्। कुजमान आफ्नो आर्ट ग्यालरीलाई कसरी 'कोड' गर्ने भन्ने बारे सिक्दैछन्।

सेररानो 'क्रिप्टो करेनसी' र अरु वित्तीय सेवाहरुलाई उकास्न 'प्राइम भर्चुअल रियल स्टेट' प्रयोग गर्ने बताउँछन्। हाल उनी 'जेनिसिस सिटी'का प्लटहरुका लागि आफ्ना वेबसाइटमा 'हउकिङ मोर्टगेज' गर्दैछन्। सेररानो भन्छन् 'यसले रकमको जोखिम हुँदैन। खेलमा जस्तै ब्लकचेनमा आधारित मोर्टगेजहरुले काम गर्छन्। यो अचम्मको छ।'

डिसेन्ट्राल्यान्ड के हो ?

डिसेन्ट्राल्यान्ड इथेरियमबाट संचालित 'भर्चुअल रियालिटी प्ल्याट्फर्म' हो। अहिलेको भर्चुअल विश्वमा प्लटहरु किनेर त्यहाँ निर्माण गर्न, यात्रा वा मोनिटाइज गर्न सकिन्छ। त्यसको उपयोग गर्नका लागि कुनै सीमा हुँदैन। प्रयोगकर्ताहरुको स्वामित्वमा रहने यो पहिलो 'डिजिटल प्ल्याट्फर्म' हो।

डिसेन्ट्राल्यान्डले कसरी काम गर्छ ?

'स्काइरिम' र 'फलआउट' जस्तै डिसेन्ट्राल्यान्ड एक 'इमर्सिभ भर्चुअल युनिभर्स' हो। तथापि यसमा 'टु डिमेन्सिनल स्क्रिन' भन्दा तपाई 'थ्री डिमेन्सनल स्क्रिन'मा सहभागी हुन सक्नुहुन्छ। यसले 'फिजिकल स्पेस ए ला वेस्टवर्ल्ड' मा 'फुल ब्लोन हल' मा आधारित खेलहरुको तार्किक पथ तय गर्ने देखिन्छ।

ल्यान्ड के हो ?

डिसेन्ट्राल्यान्डमा तपाईसँग अन्तर्क्रिया गरिने ठाउँ भनेको 'ल्यान्ड' हो। त्यस्तो ल्यान्ड स्थानान्तरण गर्न नसक्ने 'डिजिटल सम्पत्ति' हो जसलाई खेलको क्रममा खरिद गरिन्छ। एक पल्ट ल्यान्ड किनेपछि तपाईले त्यसमा चाहे अनुसार गर्न सक्नु हुन्छ। तपाईंले गेम, एप्लिकेशन, ग्याम्ब्लिङ सेवा 'डाइनामिक थ्री डि सिन'हरु निर्माण गर्न सक्नुहुन्छ। यसका साथै तपाईं शिक्षा, व्यक्तिव विकास, पर्यटन लगायतका ल्यान्डसँग सम्बन्धित सेवाहरु बनाउन सक्नुहुन्छ। एक पटक ल्यान्ड आफ्नो भएपछि एक प्लट ल्यान्ड '३३ फिट बाइ ३३' हुने गर्छ। त्यसको उचाईमा भने कुनै सीमा हुँदैन। यदि तपाई ल्यान्ड खरिद गर्न चाहनुहुन्छ वा नक्सामात्र हेर्न चाहनुहुन्छ भने तपाईले 'ल्यान्ड मार्केटप्लेस'मा हेर्न सक्नुहुन्छ। धेरै ल्यान्डहरु बनेर 'डिस्ट्रिक्टस' बन्छ। 'डिस्ट्रिक्टस' खासमा साझा मान्यतामा आधरित हुने एक प्रकारको समुदाय हो। उदाहरणका लागि 'क्रिप्टोकरेन्सी एप्स' र सेवाहरुका माध्यमबाट क्रिप्टोहरु प्रति उत्साहीहरुका लागि छुट्टै 'डिस्ट्रिक्टस' हुनसक्छ।

माना के हो ?

'माना' डिसेन्ट्राल्यान्ड क्रिप्टोकरेन्सी टोकन हो। यो 'इआरसी२० टोकन' बाट तपाईले ल्यान्डका प्लटहरु खरिद गर्नुका साथै विश्वभरका समान र सेवाको पैसा तिर्न सक्नुहुन्छ। जब तपाई ल्यान्ड किन्नु हुन्छ, 'डिसेन्ट्राल्यान्ड'ले ल्यान्डसँगै किनेको मानालाई नष्ट गरिदिन्छ। मूलतस डिसेन्ट्राल्यान्ड टिमले एक प्लट ल्यान्ड '१०० माना'मा बिक्री गर्ने गर्थ्यो। अहिले 'सेकेन्डरी मार्केट' भएको अवस्थामा भने ल्यान्डको मूल्य फरक हुन सक्छ। हाल सबैभन्दा सस्तो ल्यान्डको मूल्य ८ हजार ८ सय ८८ माना रहेको छ। चर्चित ल्यान्डहरुको मूल्य लाखौंसम्म पर्छ।

टेक्नोलोजी आर्टिटेक्चर

'डिसेन्ट्रल्यान्ड प्रोटोकल'को तीन लेयर (तह) हरु हुन्छन्-

'कन्सेन्स लेयर' : इथेरियम स्मार्ट कन्ट्र्याक्टका माध्यमबाट ल्यान्डको स्वामित्व र ल्यान्ड कन्टेन्टको निगरानी हुन्छ।

'ल्यान्ड कन्टेन्ट लेयर' : 'डिसेन्ट्रलाइज्ड' विकृत वितरण प्रणालीको प्रयोगबाट भर्चुअल विश्वको कन्टेन्टहरु रेन्डर गरिन्छ।

'रियल टाइम लेयर' : यसमा एक प्रयोगकर्ताको अर्को प्रयोगकर्तासँग कुरा गराउनका लागि एक प्रणालीको विकास हुन्छ। 'ए-फ्रेम'को प्रयोग गरी टिमले 'भर्चुअल रियालिटी प्ल्याटफर्म' निर्माण गर्दैछ। 'भर्चुअल वर्ल्ड' को विकास गर्न तपाईले 'स्केचअप' वा 'बलेन्डर'को सहायताबाट एक आधार बनाइ त्यसलाई प्ल्याटफर्ममा राख्नु पर्छ।

ट्रेडिङ

डिसेम्बर र जनवरीको शुरुसम्म 'माना'को मूल्य अस्थिर थियो। त्यसपछि 'बिटक्वाइन'को ७५ प्रतिशत व्यापार राम्रो भएको थियो। हाल मानाको प्रयोग ल्यान्डको खरिद गर्नका लागि मात्र भएको हुनाले त्यसको मूल्यलाई के ले प्रभावित गर्न सक्छ भन्ने बारे अनुमान लगाउन गाह्रो छ। ल्यान्डको माग धेरै भएमा त्यसले तपाईले खरिद गर्नुपर्ने मानाको संख्या बढाउँछ। त्यसमा मानाको मूल्य भने बढ्दैन। यद्यपि तपाईले त्यसबाट धेरै वस्तुहरुको खरिद गर्नसक्नु हुन्छ।

माना कसरी किनिन्छ ?

'बिटक्वाइन' वा 'इथेरियम'बाट माना खरिद गर्न सकिन्छ। 'हुओवी' र 'बिनान्स'ले धेरै मात्रामा त्यसको कारोबार गर्ने गर्दछ।

माना कहाँ राख्ने ?

माना 'इआरसी२० टोकन' हो। त्यसैले तपाईसँग धेरै 'वालेट'का विकल्पहरु छन्। 'ट्रेजर' वा 'लेडजर नानो एस' जस्ता 'हार्डवेयर वालेट'हरू धेरै उपयुक्त हुन्छन्। यसले तपाईको रकमहरु अफलाइन राख्छ र क्षति गर्न सक्ने सफ्टवेयरसँग अति संवेदनशील हुन्छ। 'डिसेन्ट्राल्यान्ड' ल्यान्ड खरिद गर्न प्रयोग हुने एक 'भर्चुअल रियालिटी प्ल्याटफर्म' हो। यहाँ तपाईले विश्वभरका 'गेमर' र व्यवसायीहरुको कल्पनाको आधारमा तपाईले आफूले खरिद गरेको ल्यान्डमा जे पनि गर्न सक्नु हुनछ। धेरै मार्केटमा परिक्षण नै नभएको यो एक 'युनिक प्रोजेक्ट' हो। नयाँ कन्सेप्ट भएकोले कतिपय देशमा यसको अनुमति छैन। तर पनि यदि 'डिसेन्ट्रल्यान्ड'का समर्थकहरुले चाहे अनुसार यसले स्वीकृती पाएमा हामीले अर्थतन्त्रको नयाँ 'इकोसिस्टम' देख्न सक्छौं।

(ब्लुमबर्ग र क्वाइनसेन्ट्रलको सामाग्रीबाट सहयोग रन्जितको भावानुवाद)

देब्रे हातले लेख्नेहरूको संख्या किन कम

हाम्रा फ्राड

हातले केही समाउन सिक्ने बेला बच्चाहरूले दुवै हातको प्रयोग गर्छन्। तर बल बढ्दै जाँदा उनीहरूले दुइटै हातको प्रयोग गर्न थाल्छन्। कतिपय बच्चाले दाहिने हातको प्रयोग बढी गर्छन् भने कतिपयले देब्रे हातको। हामी बच्चालाई दाहिने हातको प्रयोग गर्न सिकाउँछौं किनकि मान्छेहरूले त्यही हातको बढी प्रयोग गर्छन्। तर त्यसको बावजुद केही बच्चाहरू देब्रे हातकै प्रयोग गर्छन्। यदि तपाईंको बच्चाले पनि त्यस्तो गर्छ भने त्यसो गर्ने ऊ एक्लो होइन। त्यस्ता धेरै बच्चा छन् जसले देब्रे हातको प्रयोग गर्छन्। हुन त संसारमा देब्रे हातको प्रयोग गर्नेहरूको संख्या थोरै नै छ।

असन्तुलन

संसारमा देब्रे हातको प्रयोग गर्ने बच्चाहरूको सङ्ख्या किन कम होला ? हाम्रो शरीरमा एउटा विशेष खालको असन्तुलन छ। फोनमा कुरा गर्दै केही लेख्नुपरेमा हामी देब्रे कानमा फोन राख्छौं र दाहिने हातले लेख्छौं। अर्थात् हामीलाई जसरी सजिलो हुन्छ त्यसरी नै काम गर्छौं। शरीरका अङ्गको पनि हामीले त्यसैगरी नै प्रयोग गर्छौं। सालाखाला ४० प्रतिशत मानिसले देब्रे कानको, ३० प्रतिशतले देब्रे आँखाको र २० प्रतिशतले देब्रे खुट्टाको प्रयोग गर्छन्। तर हातको कुरा गर्नुपर्दा संसारमा केवल १० प्रतिशत मानिसले मात्रै देब्रे हातको प्रयोग गर्छन्।

त्यस्तो किन होला ?

मान्छेले जस्तै जनावरले पनि कतिपय कामका लागि देब्रे र कतिपयका लागि दाहिने हातको गर्छन्। उदाहरणका लागि चिम्पाञ्जी। तर वैज्ञानिक अनुसन्धानबाट आधा सङ्ख्यामा चिम्पाञ्जीहरूले देब्रे हातको र आधा सङ्ख्यामा दाहिने हातको प्रयोग गर्ने गरेको देखिएको छ। मान्छेको कुरा गर्नुपर्दा १० जनामा एकजनाले मात्रै देब्रे हातको प्रयोग गर्छन्। मान्छेले दाहिने हातको प्रयोगमा कहिलेदेखि जोड दिन थालेका होलान् ? हामीले हाम्रा हातको प्रयोग शुरू गरेकोबारे जान्न मान्छेको विकासको इतिहास खोतल्नुपर्ने हुन्छ। 'नियान्डर्थल' मानवका दाँतबाट यसको सङ्केत मिल्छ। हातको प्रयोग मज्जाले सिकिसके पनि तिनीहरू केही अव्यवस्थित थिए। दाँतले नै कोतरेर तिनीहरूले मासु खान्थे। मासु काट्नलाई तिनीहरूले अलि बढी बल चाहिने हातको प्रयोग गर्थे।

अनुमान

तिनीहरूले जसरी औजारको प्रयोग गर्थे त्यसको बनोट हेरेर तिनीहरूले कुन हातले खाना समाउँथे र कुन हातले औजारको प्रयोग गर्थे भन्नेबारे अनुमान लगाउन सकिन्छ। अनुसन्धानकर्ताहरूका अनुसार 'नियान्डर्थल' मानवले पनि दाहिने हातको बढी प्रयोग गर्थे। तिनीहरूमा पनि १० जनामध्ये एकजनाले मात्रै देब्रे हातको प्रयोग गर्थे। जुन प्रवृत्ति अहिले मान्छेमा देखिन्छ। देब्रे वा दाहिने हातको प्रयोग गर्न मान्छेलाई केले प्रेरित गर्छ भन्ने कुरा पत्ता लगाउन अनुसन्धानकर्ताले प्रयास जारी राखे पनि अहिलेसम्म उत्तर भेटिसकेका छैनन्। प्रश्न यो पनि छ कि देब्रे हातको प्रयोग गर्ने मानिसहरूको जीवनमा के त्यसको कुनै असर हुन्छ ? यो विषयमा लामो समयदेखि बहस चल्दै आएको छ। हाम्रो देब्रेतिरको मस्तिष्कले दाहिने हातलाई र दाहिनेतिरको मस्तिष्कले देब्रे हातलाई नियन्त्रण गर्ने गरेको बताइन्छ। युनिभर्सिटी कलेज लण्डनस्थित मनोविज्ञान विषयका प्राध्यापक क्रिश म्याकमेनसका अनुसार देब्रे हातको प्रयोग गर्नेहरू बढी क्षमतावान् हुन्छन्।

अरूभन्दा भिन्न

उनको यो बुझाइप्रति अरू अनुसन्धानकर्ता चाहिँ सहमत देखिँदैनन्। अक्सफोर्ड युनिभर्सिटीकी प्राध्यापक डोरोथी बिशप देब्रे हातको प्रयोग गर्छिन्। उनलाई लाग्छ उनी अरूभन्दा भिन्न छिन्। उनी भन्छिन्, "डिस्लेक्सिया अर्थात् पढ्न(लेख्नमा हुने समस्या र अटिज्म जस्ता रोग देब्रे हात प्रयोग गर्नेहरूलाई हुने गर्छ भन्ने दावीहरू पनि छन्। अर्कोतर्फ सकारात्मक कुरा पनि छ(शिल्पकार र सङ्गीतकारहरूले धेरैजसो देब्रे हातको प्रयोग गर्छन्।" विज्ञानले यतिसम्म फड्को मारिसकेको छ कि बच्चा गर्भमै रहँदा जन्मेपछि उसले देब्रे अथवा दाहिने कुन हातको प्रयोग गर्नेछ भनेर थाहा पाउन सकिन्छ। उत्तरी आयरल्याण्डको क्वीन्स युनिभर्सिटीका डा. पीटर हेपरले यसबारे पत्ता लगाएका छन्। उनले गर्भमा रहेका बच्चाहरूको अल्ट्रासाउण्ड गर्दा १० जनामध्ये नौजनाले दाहिने हातको बूढीऔंला चुस्ने गरेको पाए। जबकि एकजनाले मात्रै देब्रे हातको बूढीऔंला चुस्ने गरेको देखियो। जन्मपछि ती बच्चाहरूले गर्भमा रहेको बेलाजस्तै हातको प्रयोग गरेको देखियो अर्थात् नौजना दाहिने हातको प्रयोग गर्ने भए भने एकजना देब्रे हातको।

बालबालिका असुरक्षित हुनुका कारणहरु ?

- उमेरले ११ बर्षका, कक्षा ६ मा पढ्दै गरेका निशान खड्काको अपहरणपछि घाँटी थिचेर हत्या भयो। काठमाडौंको काँडाघारीमा खाजाघर सञ्चालन गर्ने चमेली खड्काकी छोरालाई सोही खाजाघरमा आउजाउ गरिरहने गोपाल तामाङ र अजय तामाङले अपहरण गरे। फिरौती रकम माग गरे। तर, बच्चालाई सकुशल उद्धार गर्न सकिएन।

- १३ बर्षिय किशोरी निर्मला पन्तको अर्धनग्न शव उखुबारीभित्र भेटियो। कञ्चनपुर, महेन्द्रनगरकी निर्मलालाई बलात्कारपछि हत्या गरिएको खुल्यो। उनी साथीकहाँ पढ्नका लागि भन्दै गएकी थिइन्।

- रौतहटको कटहरिया, डुमरिया टोलका १२ बर्षिय शनिलदेव भन्ने युवराज शाहको अपहरणपछि गोली प्रहार गरी हत्या गरियो। बालकको घरभन्दा १५ किलोमिटर टाढा रहेका गढिमाईस्थित बाग्मती नदी किनारमा पुयाएर बालकको हत्या भएको थियो। बालकका बुबा चिकित्सक थिए, उनलाई अपहरणकारीले एक करोड फिरौती मागेका थिए।

यी केही प्रतिनिधी घटना हुन्, जसले बालबालिका कति असुरक्षित छन् भन्ने कुरा उदाङ्गो पार्छ।

वास्तवमा चिनेजानेकै वा आफुले विश्वास गरेकै मान्छेबाट घात हुनसक्छ, जसप्रति हामी खास चनाखो हुँदैनौं। सर्तक हुँदैनौं। तर, अहिलेसम्म देखिएको घटना-विवरणबाट के स्पष्ट हुन्छ भने, अपराधी हाम्रै वरीपरी हुन्छन्। त्यसलाई हामी पहिचान गर्दैनौं। उनीहरुको नियतमाथि कुनै पनि प्रश्न उठाउँदैनौं। जब उनीहरुको नियत थाहा हुन्छ, त्यसबेला हामी संकटको घेरावन्दीमा फसिसकेका हुन्छौं।

चौतर्फी असुरक्षित

अहिले हाम्रो दैनिकी कसरी चलिरहेको छ ? समाज कसरी रुपान्तरण हुँदैछ ? युवाहरुको महत्वकांक्षा कसरी बढेर गइरहेको छ ? यी कुरामा हामी खास घोत्लिने गरेका छैनौं। एकातिर हामी आफ्नो कामधन्दामा मग्न छौं। अर्कोतिर छोटो बाटोबाट धेरै पैसा कमाउने मनोवृत्ति हुर्कंदैछ। प्रतिस्पर्धाको यो दौडमा श्रम, मेहनतको बलमा पैसा आर्जन गर्ने बाटो कतिलाई लम्बेतान लाग्न थालेको छ। छिटो र छरितो ढंगले पैसा कमाउने 'आइडिया' खोज्दै युवाहरु भौतारिरहेका छन्। त्यही भिडमा यस्ता दुषित मानसिकता बोकेर हिँड्नेहरु पनि छन्, जोसँग साना बच्चामाथि यौनजन्य कृत्य राख्ने मनोकांक्षा छ।

यता आमाबुबालाई छोराछोरीसँग समय विताउने फुर्सद छैन। उनीहरु छोराछोरी कहाँ जान्छन्, के गर्छन् भनेर रेखदेख गर्न असमर्थ छन्। यस्तो अवस्थामा आपराधिक मनोवृत्ति पालेकाहरुलाई सजिलो भएको छ, आफ्नो काम फत्ते गर्नका लागि। उनीहरुले खासगरी बालबालिकालाई आफ्नो जालोमा फसाउने गरेका छन्। बालबालिकालाई प्रयोग गरेर यौनप्यास मेट्नेदेखि पैसा आर्जन गर्नेसम्मको कृत्य गर्न उनीहरु उद्दत छन्।

अब के गर्ने त ?

हामी एकातिर के भनिरहेका छौं भने, बालबालिकालाई खुला छाड्नुपर्छ। अर्कोतिर, बालबालिकालाई अभिभावकले रेखदेख गरेन। अभिभावकको पनि आफ्नै वाध्यता छन्। उनीहरु दैनिक गुजाराका लागि आ-आफ्नो काममा व्यस्त छन्। त्यही कारण छोराछोरीलाई निगरानी गरेर वा उनीहरुको पछि लागेर बस्न सक्दैनन्।

बिहान खाजा, खाना ख्वाएर, लुगाफाटो लगाइदिएर विद्यालय पठाइदिन्छन्। विद्यालय पुगेपछि पढ्छन्, लेख्छन्, जान्ने हुन्छन् भन्ने विश्वास हुन्छन्। आफ्ना छोराछोरी सुरक्षित भन्ने लाग्छ। बालबालिका विद्यालय सकाएर अपरान्ह घर फर्कन्छन्। घर फर्केपछि होमवर्क गर्छन्, खेल्छन्। आमाबुबाले यतिबेला उनीहरुलाई खुला छाडिदिन्छन्। ठिक यही मौकामा बालबालिका अपहरित हुन सक्छन्। बलात्कृत हुनसक्छन्। तर, घरभित्र वा विद्यालयमा पनि बालबालिका सुरक्षित छ भन्ने भ्रम त्याग्नुपर्छ। बालबालिकाहरुमाथि विद्यालयमा पनि विभिन्न किसिमको हिंसा हुनेगर्छ। उनीहरुमाथि नियतवस् ढंगले नराम्रा व्यवहार हुन्छन्। बेलाबखत यस्ता घटना सतहमा आउने गरेको छ। दोलखाको एक विद्यालयमा शिक्षकको पिटाइबाट विद्यार्थीको ज्यान गएको घटना पनि धेरै पुरानो भएको छैन। कतिपय बालिकामाथि शिक्षकहरुले यौनजन्य दुर्व्यवहार गरेको घटना पनि छन्।

यसको अर्थ के भने, बालबालिका चारैतिर असुरक्षित छन्। अब उनीहरुलाई कसरी सुरक्षा प्रदान गर्ने ? अभिभावक उनीहरुको सुरक्षालाई लिएर कसरी ढुक्क हुने त ?

अभिभावक सर्तक हुनुपर्छ

आफ्नो बच्चाको ख्याल राखौं। उनीहरु कहाँ गएका छन्, कोसँग गएका छन्, किन गएका छन् ? यावत् कुरामा निगरानी राखौं। निश्चय पनि बालबालिकालाई खुला रुपमा खेल्न छाड्नुपर्छ। यसको मतलब यो होइन कि, उनीहरुको वास्तै नगरौं। उनीहरुमाथि निगरानी राख्नुपर्छ। आफ्नो बच्चा कहाँ जान्छ, के गर्छ भन्ने कुरामा अभिभावक बेखबर भएर हुँदैन।

कहाँ खेल्छ, कतिबेर खेल्छ भन्ने कुरा याद गर्नुपर्छ। निश्चित समयमा उनीहरु फर्कन्छन् वा फर्कदैनन् ? ख्याल गर्नुपर्छ। साथै उनीहरुका लागि खेल्ने समय पनि निर्धारण गरिदिनुपर्छ। कति समय खेल्ने र घर फर्कने भन्ने कुराको टुंगो गर्नुपर्छ। आफुले चिनेजानेको मान्छे भएपनि उनीहरुको नियत कस्तो छ भनेर थाहा पाउन सकिदैन। जो पायो त्यही मान्छेसँग घुमफिर गर्न पठाउने, धेरै निकट हुन दिने जस्तो भुल नगरौं। चिनेजानेकै मान्छेले आफुलाई फन्दामा पार्न सक्छन्।

आफ्नो बच्चालाई पनि सर्तक गराउनुपर्छ। कसैले कतै जाउँ भन्नसथा खुरुखुरु हिँड्ने होइन, अभिभावकलाई सोध्ने वा अनुमति लिने अभ्यास गराउनुपर्छ। कसैले दिएको खानेकुरा क्वापक्वाप खाने होइन, अभिभावकलाई सोधेर मात्र खाने बानी गराउनुपर्छ। अभिभावकभन्दा टाढा जानु परेमा विश्वासिलो मान्छेको मात्र साथ लाग्न सिकाउनुपर्छ।

साथै कतिपय अवस्थामा उनीहरुलाई सुरक्षात्मक अवस्थामा रहनका लागि सर्तक गराउनुपर्छ। कसैले फकाई-फुल्याई गरेमा के गर्ने ? कसैले खानेकुरा दिएमा के गर्ने ? कसैले जबरजस्ती समात्न खोजेमा के गर्ने भन्ने जस्ता कुरा अभिभावकले सिकाउनुपर्छ। अब त विद्यालयले पनि यस्तो दायित्व निर्वाह गर्नुपर्ने अवस्था छ। बालबालिकालाई कसरी रक्षत्मक रुपमा उभिने भन्ने कुराको पूर्व तयारी गराउनु आवश्यक छ।

खासगरी शहरीय बालबालिकालाई एक्लै घरमा नछाड्ने, भरपर्दो व्यक्तिवाहेक अरुको साथमा हिँड्न नदिने, रेखदेख गर्न नसकिने ठाउँमा खेल्न पठाउने जस्ता गल्ती अभिभावकले गर्नु हुँदैन। जब गल्ती गरिन्छ, त्यसबेला गल्ती सुधार्ने समय पनि आफुसँग नहुन सक्छ।

बाबुको मुख हेर्ने संस्कारको महत्व

हरिविनोद अधिकारी

पिता वा बा कति प्यारो, मीठो र भरलाग्दो वाक्य । हामी गाउँमा त्यसबेला बा नै भन्थ्यौं । अझ म माहिला बालाई पनि बा नै भन्थें ,जब बाहरु सँगै हुनुहुन्थ्यो, त्यसबेला माथि बा र आफ्नो बा भनेर बोलाउँदा सबै हाँस्थे । मेरा बाहरु तीन भाइ हुनुहुन्थ्यो । कान्छाबा २०२४ सालमा नै स्वर्गे हुनुभयो र माहिलाबा २०३८ सालमा परलोक जानु भयो । मेरो बा जेठो हुनुहुन्थ्यो । उहाँको निधन २०६१ सालको भाद्र ३१ गते मध्यरातमा भएको थियो ८५ वर्षको उमेरमा सम्भवत: हृदायाघातबाट । किनभने एकछिन ऐया नभन्दै स्वर्गे हुनुभएको थियो रे । मैले थाहा पाउँदा उहाँको भौतिक शरीर निश्चल भइसकेको थाहा भयो । महाभारतको वनपर्वमा युधिष्ठिरलाई जब यक्षले पिताको परिचय सोध्छ, युधिष्ठिरले पितालाई आकाशको रुपमा र मातालाई धर्तीको रुपमा परिभाषित गरेका हुन्छन् । आज पनि त्यही परिभाषा विश्वव्यापीरुपमा चलायमान छ, चर्चित छ । पिताका वारेमा सामान्यरुपमा दिएको जस्तो लाग्ने त्यो उत्तर आज आएर पो म बुझिरहेको छु कि आकाश के रहेछ ? वास्तवमा आकाश नै हो रहेछ पिताको परिभाषा । धरती नै हो रहेछ आमाको परिभाषा ।

हुन त व्याकरणले बालाई एउटा अर्थपूर्ण शब्दको रुपमा मात्र मान्ला तर मेरालागि यो एउटा ब्रह्माण्ड नै हो र मैले होस समालेदेखि बा भन्ने शब्दलाई एउटा सम्पूर्ण वाक्य, अझ भनौ सम्पूर्ण विश्व अटाउने र अत्यन्तै भरपर्दो छतको रुपमा ग्रहण गरेको हुँ । आज झन त्यो वाक्य यस्तो भएको छ कि अब मैले त्यो बा नाम गरेको विश्वसँग, बा नाम गरेको त्यो ब्रह्माण्डसँग सपनामा बाहेक, तस्विरमा बाहेक र स्मृतिमा बाहेक कहिल्यै साक्षात्कारसमेत गर्न पाउने छुइन । बा हुनुहुन्थ्यो भनेर प्रमाण दिनका लागि म, मेरा भाइहरु र बहिनीहरुलाई नै देखाउनु जरुरी हुन्छ । अझै मेरी कान्छी फुपू हुनुहुन्छ र उहाँलाई त हामीलाई देख्दा आफ्नो दाजुको तिर्सना मेटिन्छ रे । अहिले जब बा पनि हुनुहुन्न र आमा पनि हुनुहुन्न । लाग्छ पृथ्वी र आकाश नभएको मेरो संसार यस्तैगरी चलिरहेको छ । चल्दोरहेछ । तर म आफैंले भने त्यो छतको , आकाशको उत्तरदायित्व निर्बाह गर्न सकेको जस्तो पटक्कै लाग्दैन किनकि म पनि सन्ततिको पिता, बा, बाबा, पितामह, मातामह भइसकेको छु । लाग्छ, बाजस्तो मेरोलागि अपनत्व शब्द तर कतै फेला पार्न सकेको छुइन । मलाई मात्र हो कि अरुलाई पनि हो, पिताजीका लागि भनिने त्यो बा नै मेरालागि फराकिलो, चौडा र पटाङ्गिनी जस्तै शब्द लाग्छ । हुन त मलाई ब्रह्माण्डजस्तै लागेको शब्द बा सिङ्गो वाक्य जस्तै किन लाग्यो त्यो भन्न सक्दिन, त्यसको आधार पनि थाहा छैन मलाई ।

म व्याकरणीय परिभाषा पनि जान्दिन तर यति थाहा अब भयो-बा र आमाभन्दा ठूलो देवता यस संसारमा कोही पनि छैन । कल्पित स्वर्ग कहाँ होला तर आमाको काख नै स्वर्ग हो र म आजभन्दा पाँचवर्ष अघिसम्म पनि आमाको काखमा पल्टन्थें र एउटा स्वर्गीय आनन्दको महसुस गर्थें । सायद सबै छोराछोरीहरुले त्यहीं सम्झँदा हून् । सानामा निदाएको बहाना गर्दै बाले बोकेर ओछ्यानसम्म लैजाँदा जुन अपार आनन्द आउँथ्यो, अनि खाटमा सुतेपछि हाँसो उठ्थ्यो, बा पनि बेस्सरी हाँस्नुहुन्थ्यो र भन्नुहुन्थ्यो , हरिले आज मलाई झुक्यायो । सम्भवत: आमा भन्ने सम्पूर्ण वाक्यको थालनी पश्चात् नै बा भन्ने ब्रह्माण्ड वाक्यको शब्दोच्चारण मैले गरें हुँला । यो कुरा आमालाई पनि त्यति याद छैन मैले पहिले बा भनें कि आमा । तर बाल मनोविज्ञानका आधारमा भन्नचाहिँ सकिन्छ कि मैले आमा पछि बोलेको शब्द पक्कै नै बा नै हुनुपर्दछ तर आडभरोसका लागि भने बाको नै , धाक धक्कु लगाउने र सबैभन्दा ठूलो, बलियो र पैसा भएको मान्छेमा बालाई नै मैले आफ्नो महानायकको रुपमा पहिचान लिएँ जुन प्रभाव अब झन गाढा हुँदै जाँदैछ ।

जब जब म आफ्नो पहिचान र परिचयको गाढा लेपनमा लिप्त हुन्छु, त्यसबेलामा बाको यत्ति धेरै याद आउँछ कि मेरा आँखा सजल हुन्छन् । मेरी १०० महिनाका सानी नातिनी विश्रुताले जब जब बाको तस्विरनेर गएर बाबाको बालाई प्रणाम भनेर आफ्ना प्रपितामहलाई ढोग्नका लागि ती साना साना हात जोडेर निधारमा पुयाउँछे, र हतार हतार विद्यालय दौडन्छे प्रत्येक दिन, अनि झन झन मलाई बाको सम्झनाले कोक्क्याउँछ र घाँटीमा एउटा विषादपूर्ण आवाजविहीन आवाजले ख्याप्प पार्छ किनभने ऊ बाकी पनातिनी हो र उहाँको वंशवृक्षको चौथो शाखा हो । उसैका माध्यमले बा यो संसारमा अमर भइरहनु हुनेछ, म पनि र मेरो छोरो पनि । त्यसले बालाई नचिनेर पनि प्रणाम गरिरहँदा र बाबाको बा भनेर सम्बोधन गरिरहँदा मलाई हुने स्वर्गीय अनुभूतिको कुनै सीमा नहुने रहेछ । झन मेरै वंशबृक्षमा नै बाका पाँचओटा पनातिनी भइसकेका छन्, दुईओटा नातिबाट र तीनओटा नातिनीहरुबाट । मलाई लाग्थ्यो, मेरो बालाई कुनै पनि कालले लान सक्दैन अर्थात मेरो बाको निधन मैले सपनामा पनि कल्पना गर्न सक्दैनथें । तर बा बेला मौकामा भन्नु हुन्थ्यो रे कि त्यो म मरेपछिमात्र आउनेछ । अलिअलि ज्वरो आउँदा पनि आमालाई कराउँदै भन्नुहुन्थ्यो रे कि त्यसलाई छिटो बोलाइदे । आमाले बुझ्नु भएको थियो कि यो ज्वरो १–२ दिनमा सन्चो भइहाल्छ , किन छोरालाई काठमाडौँदेखि हतार हतार गरी बोलाउनु । तर बालाई २०६१सालको भदौको ३१ गते राती १२ बजे यसरी अचानक टाउको र छाती दुखेछ कि उहाँले आमालाई समेत, छाती अप्ठ्यारो भयो अ टाउको दुख्यो मात्र भन्न भ्याउनु भएछ र सदाका लागि हामीलाई छोडेर जानुभएछ ।

अहिले हामी अनुमान गर्न सक्छौं कि त्यो कडास्वरुपको मस्तिष्कघात हुनुपर्छ या हृदयाघात हुनुपर्छ । हामीलाई लाग्थ्यो बालाई केही भएको छैन । छाकमा झन्डै एकमानाको भात,घिउसँग खानै पर्ने उहाँको साँढे सात दशकदेखिको चलन थियो । साहुको पहिलो छोरोको रुपमा उहाँको यस धर्तीमा अवतरण हुँदादेखिको खानपानको सोखले अन्तिम दिनसम्म पनि उस्तै रह्यो । कुनै दिनमा बाले ख्यालख्यालमा भनेजस्तै , असोज १ गते दिनको ३बजेतिर म सीतापुरको घरमा पुग्दा बालाई घाटमा अन्त्येष्टि गरेर भर्नौं सेलाएर भाइ घरमा आइपुगेको रहेछ । बाले गरेको जस्तै भविष्यवाणी पुग्यो-त्यो म मरेपछिमात्र किरिया गर्न आइपुग्छ । नभन्दै त्यस्तै भयो । विसं १९७६ साल हली तिहारका दिन यस पृथ्वीमा आउनु भएको मेरो बा २०६१ सालको हरितालिकाका दिन अर्थात तीजका दिन निर्वाण प्राप्त गर्नुभयो वा महाप्रस्थानमा निस्कनु भयो । पहिले पहिले घरबाट बाहिर जाँदाका प्रस्थानमा बा फर्कनु हुन्थ्यो तर यसपटकको घरभित्र नै सबैले देख्ने गरी भएको प्रस्थानमा फेरि कहिल्यै फर्कनु भएन । फर्कनु पनि हुन्न पक्कै । सायद त्यसैले महाप्रस्थान भनिएको पनि होला मृत्युलाई ।

जीविकोपार्जनका लागि गरेको संघर्षका ती दिनहरू र जीवनलाई सहजताका साथ सामान्यीकरण गर्न भोगेका ती संघर्षका गाथाहरूभन्दा बाको मृत्यु धेरै गह्रुँगो हुँदोरहेछ । सबै दु:ख दर्द एकातिर र बाको कमी अर्कोतिर । भन्ने पर्ने हुन्छ कि कसैलाई पनि बाको मृत्यु भोग्नुपर्ने दिन नआओस् तर फेरि यो पनि ध्रुव सत्य हो कि त्यो दिनचाहिँ भोग्नै पर्दोरहेछ । त्यो जीवित देवताको अनुहार सम्झँदा जहिले पनि गर्वले आँखा भरि आँशु आउँछ र वेदनाले मुटु भक्कानिन्छ । गर्व यसकारणले लाग्छ कि म उहाँको छोरो हुँ र मुटु यसकारणले भक्कानिन्छ कि अब यो जुनीमा मैले बालाई कहिल्यै भेट्ने छैन । मलाई देवता वा ईश्वरका वारेमा खासै जानकारी छैन र त्यो दर्शनप्रति मेरो त्यति विश्वास पनि छैन तर बा ईश्वर हो भन्ने कुरामा म विश्वस्त छु कि म उहाँको सृष्टि हुँ जसलाई उहाँले पाल्नुभयो, पोस्नुभयो र दीक्षित गराउनु भयो यो सन्सारसँग मिलेर बस्न । नीतिका कुरा गरेर नैतिकताको पाठ पढाउनु भयो र बारम्बार मलाई भन्नुभएको थियो-हेर छोरा, अठार पुराणको अन्तमा व्यासले भन्नुभएको छ कि अठार पुराणको निष्कर्ष भनेको परोपकार पुण्य हो अनि अर्कालाई पीडा दिनुचाहिँ पाप हो । यही हो तँलाई मेरो उपदेश वा सन्देश । मैले थाहा पाएसम्म एकै समयमा लगातार १८ पुराण लगाएको बाले नै हो , जुन मैले आजसम्मको हाम्रो सामयिक समाजमा देखेको , सुनेको । दीक्षित हुन सोमयज्ञ गरेको सुनेको हुँ तर अठार पुराण लगाएको मैले अन्त थाहा पाएको छैन । उहाँले लगाउनु भयो २०२३ सालदेखि २०२६ सालसम्ममा । बाको ८५ वर्षको जीवनमा मैले पनि ५१ वर्ष उहाँको प्रत्यक्ष छहारीमा बिताएँ । २०११ साल वैशाख २५ गते जन्मेको म । एउटा मनोविज्ञान पनि होला त्यो , मैले कुनै पनि समय आफूलाई असुरक्षित सम्झिन उहाँको जीवनभर । अहिले लाग्छ, म बाविना कतै सुरक्षित छुइन कि ? मैले यो आभास आफ्ना सन्ततिलाई गराउन सकेको छैन, यो मेरो स्वघोषणा हो किनभने उहाँकै छतमा हामी सबैले सुरक्षा महसुस गरिरहेका थियौं । उहाँकै इच्छाबमोजिम म १३ वर्षको उमेर देखि घर छोडेर बाहिर पढ्न हिँडें । उहाँको चाहना संस्कृत पढोस र पण्डित बनोस भन्ने थियो, मैले त्यो पूरा गर्न सकिन तर अहिले आएर लागेको छ , मैले त्यसबेलामा संस्कृत पढेको भए अहिले मलाई ग्लानि हुने थिएन सँस्कृत नजानेकोमा । म अहिले महाभारतको शिक्षाको सामाजिक न्याय भनेर अनुसन्धान गर्न थालेको छु र संस्कृतको अल्पज्ञानले मलाई अत्यास लागिरहेको छ ।

त्यसपछि उहाँकै चाहनाअनुसार आफ्नै खुट्टामा टेक्ने काम गर्न थाल्दा उहाँसँग सामान्यतया वर्षका एकपल्ट वा दुईपल्टमात्र भेट हुन्थ्यो । बाको गुनासो हुन्थ्यो , अरु त विदामा आउँछन्, तँ पनि आउने गर्नु । म हुन्छ भन्थें र खोइ केले केले हो, जानै चाँजो पर्दैनथ्यो । २०६१ सालको जेठमा काठमाडौँ आउनु भयो र यस सालको दसैं काठमाडौँमा नै मनाउने गरी असारमा जानु भएको थियो । म यसकारणले पुलकित भएको थिएँ कि बालाई यसपटक त काठमाडौँमा नै दसैं मनाउन मनाएँ । एकपटक सीतापुर पुगेर आउने वाचा त बाले नै गर्नु भएको थियो । म दसैंमा बा आउने गरी दिन गन्न थालेको थिएँ जस्तो कि पहिले पहिले बा नै म घर आउने दिन गनेर बस्नुहुन्थ्यो घटस्थापनाका दिनदेखि । केटाकेटी घर पुग्थे र त्यसको २ वा ३ दिनपछि म पुग्थें जनकपुरतिर अलमलिएर, साथीभाइ भेटेर । वास्तवमा मेरो पुर्ख्यौली अहिलेको काभ्रेपलान्चोक जिल्लाको दाप्चामा रहेछ तर मभन्दा ४ पुस्ता पहिले नै अहिलेको सिन्धुलीको हैबार, देउरालीटार हुँदै ग्वाल्टारमा बसाइ हुँदै आएको रहेछ । त्यसैले मेरो बा र मेरो जन्म ग्वाल्टारमा नै भयो , र अहिले पनि ग्वाल्टारमा हाम्रो स्थायी बसोबास छ, हुनत हामी अहिले कोही पनि त्यहाँ बसेका छैनौ । घर छ , गोठ छ, खेत छ ,बारी छ । जस्ताको तस्तै छ ।

सधैं एकनास कहाँ पो हुँदो रहेछ र ? २०६१ साल भदौको ३१ गते राती दर खाएर सुतेका मात्र थियौं सबै परिवारका सदस्यहरू, करिब २ बजेतिर फोन आयो , बा टाउको दुखेर बेहोस हुनुभएको छ भनेर सीतापुरबाट नचिनेको कुनै केटाको आवाजमा । मैले अनुमान गरें र बिस्तारै सबैलाई उठाएर भनें कि बा त बिरामी हुनुभएको छ र बेहोससमेत हुनुहुन्छ रे । सबै फोन गर्न थाले र घरमा दर खान आउन नभ्याएको भाइले पनि फोन गरेर त्रासदीपूर्ण तर सम्भावित ध्रुवसत्यलाई अनुमान गर्यो । हामीले सीतापुरमा बासँगै रहेको भाइ हिमालयलाई बालाई जसरी पनि काठमाडौँ लिएर आउन भन्दा उसले अब औषधि गर्नतिर लाग्नुभन्दा तपाईंहरू नै बालाई भेट्न छिटो आउनु भन्दा मैले त्यतिबेरचाहिँ आकाश खसेजस्तै ठानें । सायद त्यसैले होला, युधिष्ठिरले बालाई आकाश मानेको जस्तो लाग्यो । तर आशा बाँकी थियो अझै हुनुहुन्छ कि भन्ने । एकछिनपछि भाइले करिब करिब सङ्केत गर्यो कि अब बा हुनुहुन्न । त्यो समयको म अहिले पनि कल्पना गर्न सक्दिन , कस्तो भयो मेरो मनमा । वास्तवमा जीवनमा बाको महत्व मैले त्यतिबेर अनुभूत गरें । अहिले त्यही भाइ पनि सडक दुर्घटनामा पर्यो रे घोडेजात्राको दिन अर्थात ६९ साल चैत्र २८गते हामीलाई यतै छोडेर सदाका लागि त्यस्तो ठाउँमा गयो जहाँ बा पहिले नै पुगिसक्नु भएको छ । भर्नौं बाको सेवाका लागि ऊ नै पहिले गयो । त्यसपछि आमाले छोडेर जानु भयो । लाग्छ, म एक्लै यस संसारमा छु र ढिलो चाँडो त्यही जानु छ जहाँ बा आमा, गुरुहरु, सासु, ससुरा र भाइ गइसक्नु भएको छ । संसार अनित्य छ तर पनि सत्य के हो भने म छु र मेरा बा आमाको अस्तित्व यस संसार छ ।

यो कुनै गुनासो गर्न वा बिलौना गर्नका लागि कथेको कथा होइन । मात्र बा भन्ने ईश्वरको अवतारको निर्वाणप्राप्तिको एउटा सम्झना मात्र हो । अर्थात मेरो बा रामप्रसाद उपाध्याय अधिकारीको मोक्षको एउटा सम्झनामात्र हो । न कुनै दम्भ, न कुनै विषाद, न कुनै आकाङ्क्षा, न कुनै छलछाम । ८५ वर्षको आयुसम्मको आफ्नो लामो जीवन यात्रामा । आफ्नो सिन्धुली र रामेछाप अर्थात पुरानो पूर्व २ नम्बर क्षेत्रमा शिक्षा र सामाजिक कामका लागि दानवीरका रुपमा प्रख्यात बाले २००८ र २०१५सालमा नै हाइस्कुल सञ्चालनार्थ उसैबेलामा रु १ हजार पटक पटक दिनु भएको रहेछ । ग्वाल्टार, तीनमाने, बतासे, राम्चे, किराँते, फलामे, बाँझे, तीनपाटनमा विद्यालय खोल्दा लाग्ने खर्चसमेत बेहोर्ने मेरा बाले हामीलाई कहिल्यै पनि ती कुरामा घमण्ड नगर्न सम्झाइरहनु भयो । म नियतिले विद्यालय शिक्षक हुनु र शिक्षक शिक्षाका लागिमात्र खोलिएको काठमाडौँ शिक्षा क्याम्पसको संस्थापकसमेत हुनुमा उहाँको त्यही शिक्षाप्रतिको पुरानो लगावले नै मनोवैज्ञानिक काम गऱ्यो कि भन्ने पनि लाग्छ ।

आज बाको महाप्रस्थानको झन्डै १४ वर्षतिर- तीन दिन बाँकी छ १४वर्ष पुग्न) आइपुग्दा र आफैंलाई समयसँग फर्केर हेर्दा लाग्छ–के साँच्चै मेरो बा यस दुनियाँमा हुनुहुन्न त ? सत्य त त्यही हो, हुनुहुन्न । तर लाग्छ कतै मलाई बोलाइ रहनु भए जस्तो यसो उभिएर र दाहिने हातको चोरी औंलो यसो उठाएर, मन्द मन्द हाँस्दै यसो भन्दै रहनु भएको त होइन ? परोपकार पुण्याय पापाय परपीडनम् । यो हेक्का राखेस् । तँ म नै हुँ र म नै तँमा सरेको हुँ । म कतै गएको छुइन र पनि तैंले मलाई देख्न सक्दैनस, म तँलाई देखिरहेको छु । तँ आफ्नो कर्तव्यबाट कतै च्यूत नहनू । बा आमा नै साँच्चै देवता र देवी हुन् । कल्पनाका देवी देवताका धेरै बखान सुनिन्छन् तर जन्म दिने माता पिता भन्दा ठूलो कोही हुँदैन र त हाम्रो सँस्कृतिमा माता र पितालाई सम्झने तिथिहरु राखिएको छ । मातातीर्थ औंशी, कुशेऔंशी, एकोदिष्ट श्राद्धका लागि निर्वाण तिथि र पार्वण श्राद्धका लागि सोह्रश्राद्ध पक्ष दसैं अघिको सोह्रदिन मेरा बाको सम्झनामा यी शब्दहरुद्वारा सम्झन सकें । सूर्य चन्द्र रहुन्जेल प्रत्येक बा र आमाको सेवा सन्ततिले गरुन् र जब यो संसारबाट बा आमा जानुहुन्छ, सायद आकाशमा कतै ताराको रुपमा चम्कँदै आफ्ना सन्ततिका अनेक स्वरुपलाई नियालिरहनु हुनेछ ।

पर्सलाई कसरी राख्ने ?

बिहानै नुहाएर तयार भयो, कपाल कोऱ्यो, घडी लगायो, मोबाइल चेक गऱ्यो र काँइयो-पर्स राखेर कार्यालय अथवा पसल जानका लागि तयार । विश्वभरका अधिकांश पुरुषहरुको बिहान यस्तै यस्तै शैलीमा बित्ने गर्दछ । मोबाइलबाहेक यी सबैमध्ये एक अन्य बस्तु छ, जुन बस्तु भुल्दा दिनभर आफू रित्तो-रित्तो झैँ लाग्ने गर्दछ । त्यो हो पर्स । यो पर्समा रुपैयाँ, फोटो, क्रेडिट-डेबिट कार्ड, ड्राइभिङ लाइसेन्स र अन्य जरूरी परिचय पत्र राखिएको हुन्छ । यी सबै कुराहरु एकै ठाउँमा राखिए पर्सको जिम्मामा कयौं जिम्मेवारी पनि हुन्छ ।

मोटो पर्सबाट के नोक्सान हुन्छ ?

यसै कारण पर्स मोटो पनि हुन्छ । र यो पर्स कहाँ राखिन्छ ? अधिकांशले पाइन्टको पछाडिको खल्तीमा । जुन बानी स्वास्थ्यका लागि खतरनाक हुन सक्छ । तपाईंले केही समयका लागि पर्सलाई पछाडि राख्नु हुन्छ भने यसले खासै ठूलो फरक भने पर्दैन । तर दिनभर अथवा घन्टौंसम्म यसलाई तपाईंले पछिल्लो खल्तीमा राख्नुहुन्छ भने मनन् गर्नुपर्ने अवस्था देखिन्छ । सामाजिक सञ्जालमा केही व्यक्तिहरुले पछाडिको खल्तीमा मोटो पर्स राख्दा मेरुदण्डको हड्डी बाङ्गो हुन्छ भनिरहेका छन् । के यो साँचो हो ? हामी कहाँ पर्स जति बढी मोटो भयो त्यति नै रवाफ ठूलो हुने झुठो आडम्बर पनि देखिन्छ ।

कहाँ हुन्छ दु:खाई ?

'मेन्स हेल्थ' ले यूनिभर्सिटी अफ वाटर लूका प्रोफेसर अफ स्पाइन बायोमेकानिक्स स्टुअर्ट मैकगिललाई उद्धृत गर्दै प्रकाशित गरेका समाचारअनुसार कार्ड, बिल-भौचर र सिक्का राखिएको पर्स पछाडिको खल्तीमा राखेर लामो समयसम्म बस्दा 'हिप ज्वाइन्ट' र कम्मरको तल्लो भागमा दु:खाइ शुरु हुन्छ । यसो गर्दा 'हिप ज्वाइन्ट' को पछाडि रहने 'सियाटिक नर्व' मा तन्तुहरु पर्स र 'हिप' को बीचमा च्यापिने भएकाले स्वास्थ्यमा खसर देखिन शुरु हुन्छ । दु:खाई दु:खाई 'हिप' मा भए पनि यसको खसर खुट्टाको तल्लो भागसम्म पर्ने भएकाले पर्सलाई पछाडिको खल्तीमा राख्नु गम्भीर मानिन्छ । पछाडिको खल्तीमा मोटो आकारको पर्स राख्नाले 'पेल्विस' पनि एकापट्टी झुक्ने भएकाले मेरुदण्डको हड्डीमा झन बढी दबाव पर्दछ । मोटो पर्स राख्नाले मेरुदण्डको हेष्ड्डी अथवा स्पाइनमा बांगोपन आउने चिकित्सकहरुको दाबी साचो नभए पनि स्पाइनमा पहिलेबाटै कुनै समस्या भए यसले झनै समस्या उत्पन्न गरिदिन्छ ।

पाइन्टको पछाडिको खल्तीमा पर्स राख्दा कस्तो समस्या देखा पर्छ भन्ने प्रश्नको जवाफमा दिल्लीको प्राइमस अस्पतालका हड्डी विशेषज्ञ डा. कौशलकान्त मिश्राले भने, ''स्पाइन सामान्य भए स्वास्थ्यमा कुनै पनि समस्या उत्पन्न हुँदैन ।'' मोटो पर्सलाई केही समय पछाडिको खल्तीमा राख्दा केही समस्या नभए पनि लामो समयसम्म राखिए त्यसले स्वास्थ्यमा प्रतिकुल असर देखाउने उनको भनाई थियो । उनले भने, ''कयौं घण्टासम्म कसैले पर्स पछाडिको खल्तीमा राखेर बस्दा मेरुदण्डको हड्डीको आकार त परिवर्तन हुँदैन तर साइटिका भने हुन्छ नै ।''

यो दु:खाईबाट कसरी बच्न सकिन्छ ?

घुँडा मोडेर जमिनमा सुत्नुहोस् । घुँडा तल लैजाँदा दायाँ पट्टी लैजानु होस् । काँध र हिप जमीनमै राखेर घुँडालाई फेरि बाँयापट्टी लैजानुहोस् । यो प्रक्रिया गर्दा तपाईंको कम्मरको तल्लो भागमा आराम महशुस हुनेछ । जमिनमा सुतेर घुँडालाई छातीमा टाँसेर खुट्टाको बाहिरी भागमा समातेर कम्मरको माथिको भागलाई आधार बनाएर शरीरलाई गोलो बनाउँदा पिठ्युको दु:खाई धेरै मात्रामा आराम हुन्छ ।

पर्सलाई कसरी राख्ने ?

रुपैयाँ राखे क्लिप अथवा पातलो आकारको वालेट राख्न सकिन्छ । जसलाई सजिलैसँग अगाडिको खल्तीमा राख्न सकियोस् । पर्स खरीद गर्दा चाभीहरु राख्न सकिने पर्स खरीद गर्नुहोस् । जसले तपाईलाई पर्स पछाडिको खल्तीमा राखेर बस्दा असहज महशुस भएर खल्तीबाट पर्स निकालेर बस्न बाध्य बनाओस् । सम्भव भएसम्म पर्स बोक्ने बानी छोड्नु होस् ।

श्रम गर्न विदेशतर्फ जाँदा तत्काल फाइदा भए पनि दीर्घकालीनरूपमा सामाजिक र आर्थिक विचलन आइपर्ने हुँदा मुलुकभित्रै परिश्रम गर्नु, पसिना बगाउनुमा नै सबैको भलो छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

लेकाली धरोहर फलामेडाँडा

साहित्यसंसार

भेषराज रिजाल

एघार बजिसकेछ लुङ्दीखोलाको किनार समातेर उकालो लाग्दा । लुङ्दीको सुसेली गुञ्जिएको छ पहरो थर्काउँदै, चारदिशा घन्काउँदै । मेरो अनुहारमा बगेको पसिनाको धाराजस्तो लुङ्दीको सुकिलो जलधारामा नजर भिजाउँछु, मन धुन्छु र पयर उचाल्छु । रोपो सरिसकेको खेततिर बगेको कुलोमा भरिभराउ छ मध्यबर्खाको रसिलो पानी । रोपाइँ भइरहेको खेतको मोहक दृश्य दौडिरहेछ आँखाको डिलवरिपरि । हली, बाउसे, रोपाहार र हलगोरुको हलचल चलमलाइरहेछ मनको मझेरीभरि । हामी भने सुन्दर बँसीलाई छोडेर कुदिरहेछौँ उत्तरतिरको उकालो छुन । कठोर परीक्षासरि उभिएको पहाड उक्लेर भेट्टाउनु छ अर्को क्षितिज । हाम्रो गन्तब्य- पर्वत र म्याग्दीको सीमानाका बनबढे, नागी र सेरोफेरो । लेकाली गाउँबस्तीमा महावीर पुनले थालेका काम र ती गाउँघरसँग जोडिएको मेरो सम्झनाको चर्चाले साथीहरूलाई पनि तानिरहेछ मसँगै ।

पहाडको फेदीमा नपुग्दै छुटिरहेछ पसिनाको धारा । स्तब्ध छ फनफनी घुमेको बाटो । बाटोमा छाया झारेका हरिया हाँगामा देखिँदैनन् चरा र सुनिँदैनन् तिनका मधुर कलरव । खोलोबाहेक बोल्दैन कोही एकशब्द । निःशब्द छन् सहयात्रीका ओठ पनि । कसले चोरेर भागेहोला पाखापखेरामा घन्किने लोकभाका ? कसले खोसेर लगेहोला बर्खे हरियालीको शीतल ? विगतको खाताबाट खुसी उधिनेर दोब्र्याउनखोज्छु मनभित्रका उदास पानाहरू । उनन्तीसवर्ष पहिले परेथ्यो यो बाटोमा मेरो पहिलोपाइलो । यो बाटो हिँड्न छोडेको पनि बाइसवर्ष भइसकेछ । हिँड्न छोडे पनि मनभरि सङ्लेको रहेछ बाटोको माया । छातीभरि चुलिएको रहेछ माटोको माया । मुटुभित्रै घोलिएको रहेछ गाउँबस्तीको माया । मेटिनलागेको पुरानो बाटो खोज्दै हिँडिरहँदा प्रकृतिको माया पनि उस्तै भेट्छु मप्रति । मनमा कोरिएको बाटोमा पाइला बिच्छ्याएर रमाउन चाहन्छु हरपल । पसिनामा नुहाएर पखाल्न चाहन्छु आँत । ठाडो उकालो सामुन्ने उभिँदा गलिसकेछन् सबैका नौनाडी । उकालोको फेदमा घरबास गरेकी बूढीआमैले दिएको एक-एक अम्खोरा पानीले आँत भिजाएर उकालोको सामना गर्न लाग्यौँ हामी । कामविशेषले केहीदिन मोदीखोला छेउछाउका गाउँबस्ती डुलेपछि विदा र फुर्सद मिलाएर सामेल भएका छौँ यो यात्रामा हामी । बद्री बुढाथोकी र कृष्णदेव भट्टको साथ पाएर हौसिएको छु म पनि । त्यही हौसलाको फेर समातेर जसोतसो घिस्रिरहेछु । नरसाउने पहराको चेपमा अडिएका छन् सल्लाका विशालकाय रुखहरू । पहाडको श्रृङ्गार सल्लाका हरिया रुख देखेर उत्साह भरिन्छ मनमा र सुस्तिएका पाइला उचाल्दै फेरि अघि सर्छु म ।

'आकास छेकेर ठडिएको पहाड उक्लन आकासै छुनुपर्ने पो हो कि ?' बद्रीजीको ठट्टामा हाँसे पनि मनमा चिसो पस्यो नराम्ररी । 'पहाड उक्लन पहाडका जरा काट्नुपर्छ, पहाडको नाक भाँच्नुपर्छ ।' ठट्टामा सामेल भएँ म पनि । सल्लिपीरको धराप बिच्छ्याएर स्वागत गरिरहेछ उकालो । 'टेक्ने अखटो न समाउने डाली' जस्तै भएको जीवनको त्यो पल र चाल अडिएको छ त्यही सल्लिपीरको भरमा । 'मनभरि पीर पाइलामुन्तिर सल्लिपीर' सल्लाको सिम्ठो खेलाउँदै एक्लै हाँसेँ म । सल्लाको वास्ना बोकेको शीतल बतासले छुनथाल्यो सुस्तरी । बाटो वरपर उम्रिएको घाँसको वास्ना पनि उस्तै छ मगमगाउँदो । बर्खेरङमा रङ्गिएको प्रकृतिको मोहक छटाले बनाइरहेछ मुग्ध । बाटोले पनि डोँयाइरहेछ मायालु भर दिएर । सानोमा आमाबाबुले काँधमा राखेर डुलाएझैँ, हात समातेर थिरीथिरी गराएझैँ लागिरहेछ मलाई ।

धाइरिङको पाखोबाट बगेको मसिनो झरनासँग थकाइ साट्छु र उल्लास उराल्छु मैले । बँसीखेत रुडिरहेको कटेरोमा बास बस्न पुग्छ चञ्चले मन । शान्त, स्वच्छ र सुन्दर भए सानै पनि जाती । सोच्छु, सानो प्राप्तिमा ठूलो खुसी खोज्ने ठाउँ प्रकृति नै रहेछ । मेरो पाइलाको पदचाप छुन रोकिएको थियो बतासको वेग । मेरो आकृतिको इन्द्रेणी हेर्न लालायित थियो आकासको दर्पण । मेरो धड्कनको लय सुन्न आतुर थियो बाटो । वर्षौँपछिको पुनर्मिलनले हर्षविभोर थियो प्रकृति । अनि त, शीतल बतासको मधुर झोक्कासँग नाचेथेँ म । अदृश्य कीराहरूको मसिनो किरीकिरीसँगै गाएथेँ म । रङ्गीबिरङ्गी पुतलीको स्वच्छन्द चालसँग उचालिएथेँ म । पट्याइलाग्दो प्रतिक्षापछि भेटिएको स्वप्नील संसार पाएर आह्लादित भएथेँ म । आइपुग्यो उकालोको चौतारी । यो चौतारीमा सयौँपटक बिसाएँ हुँला आजसम्म । सल्लेरी छहारीमा सुस्ताएर पसिना पुछ्दै त्यहाँदेखि यहाँसम्मको सबै थकाइ बिसाएँ आज मैले । उतिबेला बाध्यताले उक्लनुपर्ने उकालो रहरले, खुसीले उक्लँदैछु आज । शरीरको थकानमा मल्हम लगाइरहेछ मनको उल्लास । क्षितिजमुन्तिर वेगिएको कालीको चिसो स्पर्श अनुभूत गर्नखोज्छु । कालीको सुसेली र प्रवाह नछोइए पनि त्यसको अस्तित्वबोधले मात्र शीतल भएको छ हृदय । प्रकृतिको छायाँ र देशको माया उस्तैउस्तै लाग्छ मलाई- अनुभूत गर्दा मुटुमै छोइने आकासको स्पर्शजस्तो, ब्रह्माण्डको उज्यालोजस्तो । निकैबेर पानीअमलाका जरा उखेल्दै बालापन खोज्यौँ हामीले । कहाँ पाउनु बालापनको त्यो मिठास, त्यो रमाइलो र ती सपनाहरू ? दुईचार दाना पानीअमलाले मुख टर्यायौँ वर्तमानको भोगाइजसरी । धौलापहरोको उदाङ्गो भीरमा घामले निकै देखायो आफ्नो तुजुक । मोटरबाटोले फनफनी घुमाएर झन् लामो र कठिन बनाइदिएको छ उकालो । पसिना नबगेको पल छैन । लाग्छ, शरीरको रगत पनि पसिना बनेर बगिरहेछ । धेरैपटक उक्लेको उकालो आज अग्निपरीक्षा भइरहेछ । चारहात खुट्टा टेकेर भए पनि पार गर्नुछ यो उकालो मैले ।

'गिद्धेश्वर निस्कने त्यो बाटो छिटो हुँदोहो फलामेडाँडा उक्लन ।' आशंका र पछुतोको जालमा पारेर पल्लोडाँडाको गोरेटोले जिल्याइरहेछ हामीलाई । 'अबदेखि आउनेछैन धौलापहरोको बाटो, भनेजस्तै भएको होला है ?' पहिलोपटक धौलापहरो उक्लँदा भेटिएका रातामाटाका बाले मलाई सोधेको सम्झन्छु । 'यतिका वर्षपछि उक्लँदैछु धौलापहरो । शायद यो उकालो फेरि उक्लने छैन मैले ।' धेरैबेर घोत्लिएर पुराना सम्झनासँग फुस्फुसाएँ म । जता फर्के पनि उस्तै निष्ठुर छ महाभारत पहाड । कामै छैन निष्ठुरीसँग रोईकराई । बरु जति उक्लनसक्यो उत्ति भलाइ । समयका सुईमा उनिएर दगुर्न नसके पनि अतित हुननसकेको मेरो मानसभूमि हेर्न लालायित भएर घिस्रिरहेँ म । जलवियोजनले मुर्छित छ पहरो । ढुङ्गेनी खड्केरीले पसारिरहेछन् दाह्रा । ठूलो चोटले पीडितको आँखाका अश्रुजल रित्तिएझैँ सुख्खा छ पहरो । एउटा चिन्ताले खग्रास छौँ हामी- धौलापहरोको उकालोमै बित्ने हो कि दिन ? फेरि देखिए कालीनिउरोका कलिला मुन्टाहरू । बद्रीजीले मन लगाएर टिप्नुभयो निउरो । 'भरे निउरोको रसले मनाउनुपर्छ पहाड विजयको उत्सव ।' भट्टको बोलीमा हाँसो मिसायौँ हामीले । हाम्रो हाँसो सापट लिएर पहराकन्दराले पनि गुञ्जायो अट्टहास । भोटेडाँडाको रोपाइँमा असारको रौनक देखियो । असारे हिलोमा खुट्टा हाल्न नपाए पनि मन चोबल्छु बेस्सरी । मलाई औधि मनपर्छ- मेहनतको बीउ रोप्ने ऋतु, खुसी फलाउन पसिना पोख्ने महिना, मानो रापेर मुरी फलाउने दिन ।

धैर्यताको सामुन्ने पहाडको चुरीफुरी पनि गल्दोरहेछ । हामीले धौलापहरो उक्लेर रातमाटा टेकिसक्यौँ । 'खोला र झरनाको पानी हेर्दै पसिनाले मेट्नुपर्दोरहेछ उकालोको तीर्खा ।' आएको बाटो फर्केर हेर्दै भनेथेँ मैले । 'तिर्खाको स्वाद थाहा भयो आज ।' धारोको चिसोपानीले प्यास मेट्दै बोल्नुभएथ्यो बद्रीजी । केतुकेको बोटमा ढुङ्गा हिर्काउँदै ज्यानमारा उकालो उक्लँदाको दुःख बिर्सन खोज्दैथियौँ हामी । दार्चुलाबासी भट्टजीले केतुकेतिर लक्षित गरेर भन्नुभो- रम्बाँस । हाम्रो हाँसोले आकास थर्कियो, बिजुली चम्कियो र पाइलामा गति थपियो । थाहा भयो, खुसीमा मन खुल्न पनि बहाना चाहिँदोरहेछ । रातमाटागाउँमा बाटामुन्तिर देखियो रहरलाग्दो काँक्रो । भट्टजीले किनेर ल्याउनुभो । चौतारीमा बसेर सानोतिनो भोज गर्यौँ हामीले । उचाइ उक्लेपछि त घाम पनि चिसिँदै जानथाल्यो । हावामा डुल्नथाल्यो लेकाली चिसो । चस्कनथाले थाकेको शरीरका जोर्नीहरू । पसिनाले भिजेका लुगा फेरेर झोलामा कोचेँ मैले । अलिकति पसिना र थकाइको बदला यतिधेरै आनन्द ! शायद दुनियाँमा बटुवाले मात्र पाउने अद्भूत खुसी यही हो । बारीका मकै नपाकेकोमा कौवाको गथासो छ । खरबारीमा बुढिएको छ घाँस । गोठमा छैनन् गाईवस्तु । धेरैजसो घरमा लागेको छ दैलो । कुनैकुनै घरको पिढीँमा छन् बूढाबूढी र केटाकेटी । कतैकतै बारीमा कोदो रोपिरहेछन् मान्छेहरू । खेत रोप्न गह्रो पन्छाइरहेका प्रेम रेग्मी बोल्नुभो- 'एउटा छोरो जापान, अर्को छोरो क्यानाडा, कसले पाल्ने गाईभैँसीयस् ।'

न घाम, न पानी, रोज्जा परेको छ दिन । डाँडाको शिखरलाई अङ्गालो हालेको छ कुहिरो । बर्खामास लेक छुट्याउने लेकरेखा पो रहेछ कुहिरो त । त्यही रेखाभित्र छिरेर छुन बाँकी छ लेकाली चिसो । रोटेपानीको घुम्तीबाट देखियो बागलुङबजार । हरियो डाँडामुनि आधुनिक चहकमा टल्कियो त्यो । बिहान बागलुङ कालीकाको आँगन टेकेर मालढुङ्गा हुँदै बेनीवल्तिर मिलनचोकमा ओर्लेथ्यौँ हामी । हेर्दा नजिकै देखिए पनि दिनभरको यात्रामा भेटिएथे अनेकौँ पहाड, खोलाखोल्सा, खेतबारी, उकालीओराली र वनपाखा । हिँड्न सक्नुपर्छ, पाइलैपिच्छे छ प्रकृतिको कञ्चन सौन्दर्य । 'कति समय लाग्ला फलामेडाँडा पुग्न ?' भेटिएका जतिलाई सोध्दै आइरहेछौँ हामी । 'तपाईँहरूलाई एकघण्टा लाग्ला ।' डेढघण्टा पहिलेदेखि यस्तै जवाफ आइरहेछ । 'यही बाटो हिँडेर बूढो भएँ । यही बाटोले निरोगी बनायो, जीवन्त भएँ । वर्षौँ हिँडेको बाटो बिर्सेर बाटो सोध्ने म कस्तो बटुवा ?' आफैलाई सोधिरहेछु मैले ।

समय र आधुनिकतालाई चुनौती दिँदै युगौँदेखि ठडिएका एमानका ढुङ्गा उस्तै भेटिए । कालो पहरोले थोपाथोपा बगाइरहेछ पानी । कुहिरोले छोपेको छ पहरोमाथिको ठिम्रेसल्लाको पाखो । कुहिरोसँग उतिसारो गुनासो छैन- जति लेक चढ्छौँ हामी, उति माथिमाथि भागिरहेछ त्यो । गुनासो त बरु उकालोसँग छ- म थाकिसकेँ, उकालो थाक्दैन । भोकै, प्यासै दिन ढलिसक्यो, गन्तब्य छोइँदैन । जिन्दगीभर उकालोसँग छ मेरो लडाइँ । हैन, चढ्न नसकिने हो कि क्या हो फलामेडाँडा ! फलामेडाँडा उक्लन फलामको चिउरा चपाएजस्तो भयो, फलामे किल्ला भत्काएजस्तो भयो, पसिनाले फलाम गलाएजस्तो भयो । चारो खान माउसँग लाडिएको लेकाली बचेरोको कोकोहोलोले घन्किएको छ पाखो । कुहिरोभित्रको कुन रुख, डाली, पोथ्रामा छन् माउबचेरा भेउ पाउन सकिनँ मैले । घाँसेचौर, खर्क र ढुङ्गासँग बिसाउनखोज्छु थकाइ । ऐसेलुका झाङ, गुराँसका पोथ्रा र तीतेपातीका मुन्टासँग साट्नखोज्छु सम्झना । बाँकोका पात, ओसिलो हावा र उज्जर दृश्यसँग दाँज्नखोज्छु आफूलाई । रम्न चाहन्छु विगतदेखि वर्तमानसम्मका सुख दुःखका पलहरूसँग । लेकाली चिसोले व्युँझाइदिएको छ मेरो स्मृतिको भावगङ्गा । धैर्यता र उत्साहसँग हातेमालो गर्दै उक्लिछाड्यौँ फलामेडाँडा हामीले । टेकिछाड्यौँ नीलगिरि र अन्नपूर्णाको आँगन । देखिछाड्यौँ लेकाली जीवनको बाक्लो बस्ती । सम्बत् २०७५ सालको मध्यअसारमा छोइछाड्यौँ जलजला गाउँपालिकाको लेकाली धरोहर ।

डाँडामा उक्लेपछि हिउँचुली नै खोज्दोरहेछ आँखाले पहिला । ज्योतिको पङ्ख उचालेर उड्न खोज्दोरहेछ हलुङ्गिएको मन । मन हलुङ्गिएर उड्दा ओर्लिंदोरहेछ ढुकढुकीमा सन्तोषको लय । हिउँदभर हिउँको बिस्कुन फिँजाउने हिउँचुलीहरू भने सुतिरहेथे कुहिरोमुन्तिर कतै । बूढो घाम पर्हेलिएर विलुप्त भइसकेथ्यो पहिल्यै । सल्लाका रुखमा ठोक्किएर हुन्हुनाइरहेथ्यो हावाको फुइँकी । हिमाली चिसोमा लट्ठ थियो लेकाली सेरोफेरो । लेकाली शिखरराज फलामेडाँडा चुम्दाको खुसीले रमाए पनि गोधुलि साँझको सन्नाटामा बेचैन थिएँ म- जीपको पछाडि सामानसँग कोच्चिएर नागी पुगौँ कि पैदल हिँडेर बनबढे झरौँ आज ? साँझ छिप्पिँदै जानलागे पनि कालो पहाडमास्तिर राँकेअगुल्टो कुत्कुत्याएर बाटो देखाउन पर्खिरहेथ्यो कोही ।

किशोरावस्थाको संवेदनशिलता र अभिभावकले बुझ्नैपर्ने कुरा

अभिभावकको लागि बच्चा जति ठूलो भएपनि बच्चा नै रहन्छ । तर जब उनीहरुको लालनपालनको कुरा आउँछ, त्यतिबेला बच्चाको विकासका लागि पनि प्रत्येक अभिभावकले उनीहरुसित उमेर अनुसार अलग अलग व्यवहार गर्न जरुरी छ । विकासको कुरा गर्दा हामी जहिलेपनि बाल्यावस्था, किशोरावस्था, युवास्था तथा प्रौढ अवस्थाको कुरा गर्छौं । जबकी यी अवस्था बाहेक पनि बाल्यावस्था र टिन ऐज (किशोरावस्था) अवस्थाबीच एउटा महत्वपूर्ण अवस्था हुन्छ , जसलाई हामी प्रि-टिन ऐज भन्ने गर्छौं । प्रि-टिन त्यो अवस्था हो, जहाँ बाल्यावस्थाबाट किशोरावस्थातर्फ लम्कन्छन् । अझ उमेरको हिसाबमा भन्ने हो भने नौ देखि १२ वर्ष बीचको उमेरलाई प्रि-टिन भन्ने गरिन्छ । बच्चाहरु यस उमेरमा पुग्दा प्रत्येक अभिभावकलाई लाग्छ, एउटा यस्तो जमाना पनि पनि थियो, जतिबेला बच्चाहरु हाम्रो कुरा सुन्थे । हामीले भनेको मान्थे र जे खान दियो, विना कुनै विवाद चुपचाप लागेर खान्थे । तर अहिले के भयो ? उनीहरु हामीले भनेको कुनै कुरा सुन्दैनन् । अरु कुरामा बहस गर्छन् । जुनसुकै कुरामा पनि सवाल जवाफ गर्छन् । कहिलेकाही त बच्चाहरुको यस्तै व्यवहारका कारण आमाबाबु बीच पनि ठूलो झगडा पर्छ । उनीहरु भन्छन्,' तिमीले नै यसलाई विगारेको हो । त्यसैले, अब तिमी नै सुधार' ।

त्यस क्रममा आमाबाबु विर्सन्छन् की प्रि-टिन बच्चाहरुको वृद्धिविकासको लागि जति महत्वपूर्ण क्षण हो, त्यति नै संवेदनशील पनि हो । किनकी, यो त्यही समय हो, जहाँ अनेकौ बदलावहरु देखिने गर्छ, चाहे त्यो शारीरीक होस् वा मानसिक । कयौ अभिभावकहरु यो बदलावलाई कम्युनिकेशन ग्याप वा जेनेरेशन ग्यापको संज्ञा दिन्छन् । त्यतिमात्र हैन, फलानोको बच्चा यस्तो छ, छिमेकीको बच्चा उस्तो छ भनेर उनीहरु प्रत्येक दिन विभिन्न उदाहरण समेत दिने गर्छन् । त्यसक्रममा , उनीहरु यो विर्सन्छन् की प्रत्येक बच्चा एक अर्काबाट पूर्णरुपमा भिन्न हुन्छन् । यतिमात्र हैन, समयको बदलावसँगै आजकलका अभिभावकहरु पहिलेको तुलनामा बढी महत्वकाक्षी हुँदै गएका छन् । पहिले पहिलेका अभिभावकका लागि बच्चा स्कुल गएर पढ्नु नै पर्याप्त हुन्थ्यो भने अहिलेका अभिभावकहरुलाई बच्चा स्कुल गएर मात्र पुग्दैन । जाँचमा ९० प्रतिशत भन्दा बढी अंक ल्याउन पनि जरुरी छ । यसको लागि उनीहरु बच्चाहरुलाई दवाव समेत दिन्छन् । त्यो दवावले बच्चाले जर्बजस्ती नम्बर त ल्याउला । नम्बरकै आधारमा जागिर पनि पाउँला । तर त्यसपछि के ? तपाईले कहिल्यै सोच्नु भएको छ , आजकुलका युवा किन एउटै काममा धेरै टिक्दैनन् ? किन उनीहरु एक पछि अर्को गर्दै जागिरको लागि भौतारिरहेका हुन्छन् ? किनकी आजकलका अभिभावकहरुले बच्चाहरुलाई धैर्यधारण गर्न सिकाएकै छैनन् । उनीहरुलाई समाजमा घुलमिल हुन तथा कुनै पनि कुरामा सम्झौता गर्न सिकाएकै छैनन् । जब बच्चाहरुमा यस्ता सीपको विकास नै भएको छैन भने भविष्यमा उनीहरुबाट के अपेक्षा राख्ने ?

त्यसो भए अभिभावकले के गर्ने त ?

बच्चाको लालनपालन गर्ने क्रममा धेरै अभिभावक भन्ने गर्छन्, हाम्रो जवानामा यस्तो हुन्थ्यो, उस्तो हुन्थ्यो । अहिलेका बच्चा त के भएका होलान् ? आखिर, अभिभावकहरु किन बुझ्दैनन्, बच्चाहरु भनेको आजका जमानाका हुन् । तपाईले जे गर्नुहुन्थ्यो वा तपाइलाई जे सिकाइन्थ्यो, त्यो पहिलेको जवानाको थियो । अब तपाईको जवानामा मोबाइल, ल्यापटप नै थिएन भने तपाईले बच्चालाई 'हाम्रो जवानामा त हामी मोबाइल पनि खेल्दैन थियौ' भन्नुले कुनै अर्थ राख्ला ?

बच्चाको रोलमोडल बन्ने

आफ्ना अभिभावकबाट बच्चाहरुले धेरै कुरा सिक्ने गर्छन् । बच्चाहरु त्यही काम गर्छन्, जुन तपाई गर्नुहुन्छ । त्यही कुरा बोल्छन्, जो तपाई बोल्नुहुन्छ । त्यसैले, बच्चालाई सही लालनपालन गर्नका लागि पनि पहिले आफूलाई बुझ्न जरुरी छ । त्यतिमात्र हैन, बच्चासित सुमधुर सम्बन्ध कायम गर्न उनीहरुको कुरालाई विशेष ध्यान दिन जरुरी छ । किनकी कुनै पनि सम्बन्ध एकै दिनमा विकास हुँदैन । त्यसको लागि लगातार कोशिश गर्नु पर्छ । त्यसको लागि बच्चासित कुरा गर्ने, उनीहरुको कुरा सुन्ने, उनीहरुले गरेको प्रत्येक कामको तारिफ गर्ने । तारिफको अर्थ 'राम्रो, धेरै राम्रो भन्नु मात्र हैन' । उनीहरुको कामलाई हेरेर उनीहरुलाई प्रोत्साहित गर्ने, अझ राम्रो गर्न हौसला प्रदान गर्नु पनि एक प्रकारको तारिफ नै हो ।

स्विच अफ टेक्निक अपनाउने

आजकलको भागदौडले भरिएको जीवनशैलीका कारण हामीले आफ्ना बच्चाहरुलाई त्यति धेरै ध्यान दिन सकिरहेका छैनौ । अझ अफिसको टेन्सन, घरको टेन्सनका कारण नचाहदाँ नचाहँदै पनि हामी हाम्रो रिस बच्चाहरुमा उतारिरहेका हुन्छौ । यस्ता समस्याबाट निजात पाउनका लागि पनि स्वीच अफ टेक्निक अपनाउन जरुरी छ । यसका लागि बच्चाहरुसित जति समय विताउनुहुन्छ, त्यसबेला आफ्नो पूरा समय बच्चालाई नै दिनुहोस् । दायाँबाया कुनै कुरा नसोच्नुस् । राम्रो किताब पढेर, सुमधुर संगीत सुनेर, घर वरिपरि डुलेर पनि यस्ता कुरालाई स्विच अफ गर्न सकिन्छ । तर आफ्नो रिस वा पिडालाई भने बच्चा सामु जाहेर गर्नु हुँदैन । अन्यथा, तपाई जस्तो व्यवहार देखाउनुहुन्छ, बच्चाहरुले पनि भविष्यमा त्यस्तै व्यवहार देखाउँछ ।

त्यतिमात्र हैन, परीक्षाको समयमा जब बच्चा तनावमा रहन्छ, त्यतिबेला उनीहरुलाई जीवनमा कसरी अगाडी बढ्ने, समस्या पर्दा कसरी समस्यासित जुझ्ने, धैर्यधारण कसरी गर्ने तथा समाजमा आफूलाई कसरी प्रस्तुत गर्ने भन्ने लगायतको जीवन उपायोगी सिप सिकाएर पनि उनीहरुको तनाव कम गर्न सकिन्छ । आखिर, बच्चाले पनि जीवनमा आइपर्ने चुनौतीबाट त धेरै कुरा सिक्ने हुन् ।

सधैं जवान रहने हो भने यस्ता खानाबाट टाढा रहनुस्

बुढ्यौलीसँग हामीलाई डर लाग्छ । भनिन्छ, बुढ्यौली उमेरको कारण होइन, उसको चिन्तन, जीवनशैलीको कारण देखापर्ने संकेत हुन् । रजनीशले पनि को हुन् युवा भन्ने सन्दर्भमा यस्तै विचार व्यक्त गरेका छन् । उनी भन्छन्, युवा उमेरको कारण गणना हुने कुरा होइन । बरु उसको उर्जा, उत्साह, शक्ति आदिले निर्क्यौल गर्ने कुरा हो । निश्चय पनि बुढ्यौली हुनु एउटा जैविक प्रक्रिया हो । तर, हामी उमेर नपुग्दै बुढो हुन्छौं । किन ? किनभने हाम्रो जीवनशैली र चिन्तन खराब छ । यस्तो किनपनि हुन्छ भने, हाम्रो खानपान खराब छ भने त्यसले पनि शरीरलाई जीर्ण र बुढो बनाउन सक्छ । शरीरमा प्रयाप्त मात्रामा पानीको अभाव र अस्वस्थ खाद्य पदार्थको सेवनको कारण उमेर ढल्केको जस्तो देखिन्छ । उचित मात्रामा पोषक तत्वको कमीको कारण स्वास्थ्यमा हानिकारक हुनुको साथै छालाको चमक पनि हराउँदै गएको हुन्छ । धेरै जसो मानिसहरु आफु जवान देखिनको लागि शारीरिक अभ्यास गरिरहेको हुन्छ । कपाल देखि लिएर छाला सम्म हरेक कुरामा ध्यान दिइरहेको हुन्छ । तर दिनोजसो खाइरहने खानामा भने त्यति ध्यान दिएको पाइदैन । धुम्रपान तथा सुर्यको किरणमा धेरै वेरसम्म बस्नाले र प्रदूषणको कारणले पनि उमेरमा केही असर गरेको हुन्छ । केही खाद्य पदार्थले एजिंग प्रक्रियालाई बढाइरहेको हुन्छ । यसले छालामा चाउरीपन देखिनुको साथै छालाको कोशिकाहरु मर्छ ।

चिसो पेयपदार्थको बढी सेवन

साधारणतया गर्मी मौसममा पाईने चिसो पेयपदार्थहरु जस्तै, कोक, पेप्सी आदिको सेवन बढी मात्रामा हुने गरेको छ । यस्ता पेयपदार्थले उमेरमा केही असर पारेको हुन्छ । यी पदार्थहरुमा चिनीको मात्रा बढी हुने गर्दछ । यसको सेवनले एसिडिक हुन्छ जुन दाँतलाई खराब बनाउने गर्दछ । यसमा भएको सोडियमले शरीरमा पानीको मात्रालाई कम गर्दछ जुन एजिंग स्किनको मुख्य कारक हो ।

शरीरमा चिनीको मात्रा बढी भएमा

चिनी शरीरको लागि हानिकारक मानिन्छ । भनिन्छ चिनी पानीमा घुल्यो कि विष बन्यो । चिनीले छालाको कोशिकाहरुलाई नष्ट गर्दछ । साथै शरीरमा हुने कोलेजन र इलस्टिनलाई पनि नष्ट गर्दछ । त्यसैले चिनीको सेवन कम गर्नु पर्छ ।

मद्यपानको सेवन

मद्यपान गर्नु कसैको लागि पनि राम्रो होइन । कहिले काहीं केही मात्रामा मद्यपान गर्नु हानिकारक नभए पनि बढी मात्रामा यसको सेवनले स्वास्थमा नकारात्मक असर पारेको हुन्छ । मद्यपानको सेवनले भोक पनि बढी लाग्ने गर्दछ । त्यसैले मद्यपान स्वास्थको लागि हानिकारक छ ।

प्रोसेस्ड फुड (प्याकेजिङ खानाहरु)

प्रोसेस्ड फुड शरीरको लागि हानिकारक हुन्छ । यी खानाहरु क्म मात्रामा भिटामिल, मिनरल र एन्टिअक्साइडेट हुने गर्दछ जसले एजिंगको प्रक्रियालाई बढाउदछ । यसले पनि मानिस उमेर बढेको जस्तो महसुस हुने गर्दछ ।

दाइजोमा हाकाहाकी मोलमोलाई

रुमा रिजाल

२०७४ साउन ३१ मा दुहवी-७, चौधरी टोलकी २६ वर्षीया चौधरी महिलाले आत्महत्या गरिन् । चौधरी परिवारमा कान्छी बुहारी भित्र्याएको केही महिनामै जेठी बुहारीले आत्महत्या गरेकी थिईन् । 'आफूले लिएको ऋण तिर्न नसकेर जेठी बुहारी मरेकी हो' भन्ने हल्ला फैलाइयो । तर, उनको मृत्युको कारण भने अर्कै निस्कियो । आफूभन्दा केही वर्ष जेठी उनलाई त्यो परिवारको जेठो छोरोले मन पराएर विहे गरेका थिएनन् । उनका माइती पक्षले आठ कट्ठा जग्गा दाइजो दिने कबुलेका रहेछन् । कबुल अनुसार माइतीले छोरीको नाममा जग्गा पनि दिए । विहे भएको केही महिनापछि उनको श्रीमान स्क्राप फोल्डिङको काम गर्न दुबई जाने भए । पतिलाई विदेश पठाउने खर्च जुटाउन उनले आफ्नो नामको जग्गा बेच्नुपर्ने भो, बेचिन् । दुबईमा उनको श्रीमानले पैसा कमाउन सकेनन् । यता भएको जग्गा पनि सकियो । चौधरी नेपाल फर्किए । त्यसपछि उनका पतिलाई अर्को देश पठाउन लाग्ने खर्च माइतीबाटै ल्याउनुपर्छ भन्दै उनलाई सासू-ससुरा र जेठाजुले दबाब दिन थाले । उनले ल्याउन सकिनन् । अनि सुरु भो कुट्पिट । हुँदा-हुँदा परिवारले भात पानी नै हटक गरिदिए । आम्दानी हुने कुनै काम नगर्ने, भएको पैसा उडाउने बानी भएका श्रीमानको उनीप्रति दया र मायाको व्यवहारै थिएन ।

'माइतीबाटै चामल ल्याएर खान्थिन् । कोहीसँग बोले कुटपिट गर्थे' उनकी देउरानी भन्छिन्, 'ससुराले देउरानी-जेठानीको पनि बोलचाल हुन दिँदैनथे । खाली तोर बापु बतनाहा दानपुन देल्को जे ? (तेरो बाउले तेत्रो दाइजो दिएको थियो र ?) भन्दै पिट्थे । विचरीको माइतीबाट अरू सम्पत्ति आउन सक्ने अवस्था थिएन । परिवारले गरेको अपमान र हिंसा सहन नसकेर जेठानी मरेकी हुन् ।' पटक पटक माइतीबाट दाइजो नल्याएका कारण घरेलु हिंसा सहन नसकेर उनी मरिन् । तर अझैं दाइजोको लोभी चौधरी परिवारको आँखा अझै खुलेको छैन । बरु उनलाई दिएको दबाब अर्की बुहारीतिर सरेको छ । कान्छी बुहारीलाई 'जेठीको जति पनि दाइजो नल्याएको,' भन्दै दाइजोको मात्रा बढाउन दबाब दिन थालेको छ । 'दिदीको (जेठानी) जस्तो समस्या मैले पनि भोग्नु परिरहेको छ,' उनी भन्छिन्, 'दाइजोको निहुँमा मलाई पनि परिवारले हेला गर्न थालेका छन् । तेरो पनि जेठीको हालत हुन्छ भन्दै धम्क्याउँछन् ।'

दुहवी-८ को एक खाँ परिवारमा रिपोर्टिङका क्रममा पुगियो । त्यहाँ पुग्दा एक अधबैंशे महिला बाहिर निस्किइन् । उनी त्यो परिवारकी 'सासू' रहिछन् । 'बुहारी (नाम लिएर) खोइ त ?' अभियन्ता उर्मिला शिवाकोटीले बुहारीका बारेमा सोधिन् । 'घरमा छैन, फेक्ट्रीमा काम गर्न गा'की छ !' एकछिन अक्मकिँदै सासूले बुहारी घरमा नभएको प्रतिक्रिया दिइन् । सासूको बानी थाहा पाइसकेकी अभियन्ता सिवाकोटी 'होइन होला' भन्दै घरभित्र पसिन् । नभन्दै बुहारी कोठामै बसिरहेकी रहिछन् । उनी १८ वर्षकी हुँदा खाँको परिवारबाट विहेको प्रस्ताव गएको रहेछ । उनका माइती पक्षले 'माडवा घर'मा हुने विधिका बेला एउटा मोटरसाइकल, केही फर्निचरका सामान, टेलिभिजन र सात कट्ठा जग्गा दिन सहमत भएछन् । दाइजोका रूपमा यतिका सामान पाउने भएपछि केटा पक्षले उनसँग विहेको कुरो छिन्यो । २०७२ साल माघ १७ गते उनको विवाह धुमधामसँग भयो । तर, घर गएको पहिलो दिन नै उनले 'दाइजोमा पल्सर बाइक मागेको तर सुपर स्प्लेन्डर दिएर सम्धीले झारा टारे' भन्ने सासूको असन्तुष्टि सुन्नुपर्‍यो ।

त्यसपछि त दाइजो कम भएको निहुँमा पति र परिवारका अन्य सदस्यबाट उनले अझ पनि बेला-बेलामा घोचपेच र टोकसो सुन्नुपर्छ । अहिले उनकी एक छोरी छिन् । माइती पक्षले दिन्छु भनेको सात कठा जग्गा दिन बाँकी छ । त्यही जग्गा पाउने आशामा त्यो परिवारमा बस्न र खान पाइरहेकी छन् । अन्यथा त्यो परिवारमा उनका लागि पति र परिवारका अन्य सदस्यबाट पाउनुपर्ने माया र सम्मानको वातावरण अलिकति पनि छैन । उनको अवस्था हेर्दा सात कठा जग्गा नपाउञ्जेलसम्मका लागि मात्रै जानकीले खाँ परिवारमा शरण पाएको जस्तो देखिन्छ । अभियन्ता शिवाकोटीले व्यङ्ग्यात्मक रुपमा भनिन्, 'भने जति दाइजो दिएनन् भनेर बुहारीलाई परिवारमा हेला भएको जस्तो लाग्छ नि ?' 'हामीले के हेला गर्नु ! विहेमा दिन्छु भनेका कुनै पनि कुरा भनेअनुसार दिएनन् । दिन्छु भनेको जग्गा पनि नदिएर उल्टै उनका बुबाआमाले हाम्रो परिवारको अपमान र हेला गरिरहेका छन् ।' उनको सासूको जवाफ थियो ।

दाइजोका कारण दुहवीका झकरु साहकी छोरी ललिताको घरबारै उजाडियो । चार छोरीका बाबु झकरुले तीन वर्षभित्र भएको खेती बेच्दै छोरीको विहे गर्दै गरे । उनले समयअनुसार सकेको दाइजो दिँदै छोरीको विहे गरेका थिए । छोरी ललिताको विवाह गर्नका लागि झकरुले सात कट्ठा जग्गा पनि बेच्नुपरेको थियो । 'सात कट्ठा जग्गा बेचेर जसोतसो समय अनुसार सुहाउँदै दाइजोका सामान जुटाइदिएँ,' झकरु भन्छन्, 'तर पनि दाइजो कम भो भन्दै छोरीलाई घरमा बसी-खान दिएनन् ।' दाइजोको निहुँमा बारम्बार कुटपिट हुन थालेपछि सहन नसकेर ललिता हिजोआज माइती मै बस्छिन् । दाइजोको दुष्चक्रमा परेर एकातिर झकरुको जग्गा-जमिन सकियो, अर्कोतिर छोरीको घरबार पनि भएन । लाउन खान रहर लाग्ने उमेरमा छोरीले भोग्नुपरेको दुःख देखेर झकरुको मन रोएको मात्रै छैन । उनको भविष्यको बारे ठूलो चिन्ता थपिएको छ ।

'अनुहार आर्कषक । चिटिक्क परेको । मान्छे पढेलेखेको । लुगा पनि सफाचट लगाउने । तर, उसको विचार सफा रहेनछ ।' दुहवी, दक्षिण टोलकी २४ वर्षीया अनुकला (नाम परिवर्तन)ले छ महिनाअघि आफूसँग विहे हुन निश्चित भएको केटाका बारेमा गरेको टिप्पणी हो यो । गत माघमा अनुकलाको विहेको कुरो चल्यो । महेन्द्र मोरङमा

स्नातक पढ्दै गरेकी अनुकलालाई माग्न आउने केटो पनि महेन्द्र मोरङ मै स्नातक पढ्दै रहेछ । कलेज र पढाइ बराबर भए पनि केटाको परिवार अनुकलाको परिवारभन्दा केही धनी थियो । परिवारको सल्लाहमा सहमतिको जनाउ दिएकी अनुकलालाई हेर्न केटा पक्ष आयो । विहेको कुरा अघि बढ्यो । केटा पक्षका आफन्तले केटा-केटी दुवैको शैक्षिक योग्यता बराबर भएको र आफूहरूलाई अरूको सम्पत्तिको कुनै लोभ नभएको विचार राखे । त्यसपछि दाइजो लेनदेन नगर्ने सर्तमा विहे गर्ने सहमति भयो । माघमा छिनेको विहे वैशाखमा हुने पक्का थियो । यो तीन महिनाको समयमा अनुकला र हुनेवाला दुलाहाबीच पटक-पटक भेटघाट भयो ।

अनुकलाको मनमा केटाप्रति प्रेमको मुना पलाउन सुरु भएको थियो । विहेको मिति आउन पनि एक साता मात्रै बाँकी थियो । एक दिनको भेटमा केटाले भने, 'केही नलिई गरिने विहेले साथीहरूका माझमा मेरो र समाजमा परिवारको बेइज्जतै हुने भो । बुबालाई एउटा गाडी त दिनुपर्छ भन्नु ल !' सुरुमा आदर्शका कुरा गर्ने केटाले विहेको मुखैमा आएर दाइजोको प्रस्ताव राखेपछि अनुकला छाँगाबाट खसेजस्तै भइन् । विराटनगरमा भएको त्यो पछिल्लो भेटमा केटाले राखेको प्रस्तावको कुनै जवाफ नदिई, निरास मन बनाएर अनुकला घर फर्किइन् । विहेको तिथि मुखमै आइसकेको थियो । आफन्त, छरछिमेकीलाई निम्तो भइसकेको थियो । अब के गर्ने ? केटाको माग कसरी पूरा गर्ने ? भनेर घर-सल्लाह हुन थाल्यो । तर अनुकलाले अड्डी लिईन्, 'त्यो केटालाई म होइन, गाडी चाहिएको रहेछ । तपाईहरूले बेहुली बस्ने ठाउँमा त्यही गाडी सिँगारेर राखिदिनू, म चाहिँ बस्दै बस्दिनँ ।'

अनुकलाको कुरा सुनेर परिवारका सदस्यहरू छक्क परे । निम्तो बाँडिसकिएको विहे रद्द गर्नुहुँदैन । यस्तो बेलामा केटाको परिवारलाई केही फरक पर्दैन । तर केटीको परिवार र स्वयं केटीको बेइज्जत हुन्छ भन्दै आफन्तले निकै सम्झाउन खोजे । तर अनुकलाले मान्दै मानिनन् । 'जेसुकै होस्, म त्यो केटासँग विहे गर्दिनँ,' भनेर अनुकलाले अडान लिईन् । अन्ततः हुनै आँटेको विहे रोकियो । अनुकलाले विहे रद्द गर्नुको कारण खुलाईन्, 'सुरुमा निकै आदर्शका कुरा गरे । तर, पछि हाम्रो परिवारलाई अप्ठेरोमा पारेर दाइजोको कुरा गरे । मलाई यो कुरामा चित्त बुझेन । केही दिनअघि मैले राज्जारानी भन्ने फिल्म युटुबमा हेरेकी थिएँ । त्यसमा सुरुमा केटीलाई फकाउन आफ्नो ज्यान दिन पनि तयार भएको केटाले विहे गरेपछि आमाको कुरा सुनेर दाइजो ल्याइन भनेर जलाएर मार्न खोज्छ । दाइजो ल्याइनस् भने एसिड हाल्छु भन्छ । यो कुराले पनि मलाई छोएको थियो । त्यसैले त्यो केटासँग विहे गर्न मन लागेन ।' गाउँ-समाजमा दाइजोका नाममा कसैको विहे भाँडिएको, कोही महिलामाथि कुटपिट भएको र घरबार लथालिङ्ग भएको देख्दा, सुन्दा दुहवी-३ का दिलिप चौधरीको मन निकै कुँडिन्छ । सामाजिक अगुवा दिलिप आफ्नो छोरोको विहे एक पैसा दाइजो नलिई सामान्य तरिकाले गर्ने सोचमा छन् । 'अर्काले दिएको, आफ्नो मेहनत नभएको सम्पत्तिमा रमाउनुभन्दा आफू र छोरा-छोरीलाई सक्षम, आत्मनिर्भर बनाउनेतर्फ समाज लाग्नुपर्छ,' दिलिप भन्छन्, 'म एउटा यस्तो बुहारीको खोजीमा छु, जसको शैक्षिक र व्यावहारिक योग्यता भए पुग्छ । हाम्रो परिवारलाई दाइजो चाहिँदैन ।'

विशेष गरी नेपालको तराई क्षेत्रमा दाइजो 'ओपन सेक्रेट' तथ्य हो । दाइजो लिन दिन नहुने भनिए पनि विभिन्न नाममा हाकाहाकी मोलमोलाई हुन्छ । अझ धनी, पढेलेखेका परिवारले त आफ्नो 'स्तर अनुसार' को दाइजो त चाहियो भन्छन् । धनी वर्गले छोरीको सुख-सयल, विहेपछि छोरीले दुःख पाउँछे कि भन्ने मनोवैज्ञानिक डरका आदि कारणले दाइजो दिने गरेको छन् । कतिपयले विहे गरेर जानासाथ नयाँ घरमा छोरीको अपनत्व बढोस् भनेर । फलानाले छोराको विहेमा यति सामान आयो भन्दै देखासिकी गर्ने प्रवृत्ति, धनको लोभ, सामाजिक अचेतनाका कारण समाजमा दाइजो कुप्रथाले प्रश्रय पाइरहेको बताउँछन्, सामाजिक अभियन्ता भेषराज पोखरेल । 'पढेलेखेकै परिवारबाट हाकाहाकी दाइजो लेनदेन र मोलमोलाइ हुन्छ,' दुहवी क्षेत्रमा दाइजोमा विरोधी अभियानमा संलग्न पोरखेल भन्छन्, 'सार्वजनिक रूपमा सगौरव हामीले दाइजो लिएनौ पनि दिएनौ पनि भनेको सुन्न कमै मात्र पाइन्छ ।'

यहाँ छोरीको शिक्षामा पहुँच कम छ । बाबुआमा छोरीलाई 'अर्काको घरमा जाने जात' भन्दै पढाइमा लगानी गर्न नचाहने प्रवृत्तिको बाहुल्यता छ । 'छोरीको भविष्यका लागि सोचेको' भन्दै अधिकतम बाबुआमाले कि जागिरे कि आफूभन्दा धनी केटालाई छोरीका लागि योग्यताको पहिलो सूचीमा राख्ने गर्छन् । यस्तो मनोविज्ञान बुझेको केटा पक्षले पढाइ, जागिर खाँदा वा वैदेशिक रोजगारीमा जाँदा लागेको खर्च दाइजोका रूपमा असुल-उपर गर्ने प्रवृत्ति बढ्दो छ । परम्परागत सोच, देखासिकी प्रवृत्तिका कारण दाइजो सामाजिक कुप्रथाकै रूपमा विकास भएको दुहवी-५ की महिला अगुवा नुनु मेहता बताउँछिन् । दुहवी नगरपालिका क्षेत्रमा बसोबास गर्ने चौधरी, रौनियार, हलुवाइ, मुस्लिम, यादव, मेहता, मारवाडीलगायत समुदायमा दाइजो कुप्रथा व्याप्त छ ।

उनका अनुसार विशेषगरी मिथिला समाजमा केटाको विवाह तथा जन्ती आउँदा-जाँदा लाग्ने सबै खर्च केटी पक्षले बेहोर्नुपर्छ भन्ने अघोषित मान्यता छ । 'जबर्जस्ती दाइजो माग्ने प्रचलन बढ्दै गएको छ,' मेहता भन्छिन्, 'यो कुप्रथाका कारण थुप्रै महिलाले घरेलु हिंसा भोग्नु परेको छ । दाइजो नल्याएकै कारण ज्यान गुमाउनु पर्ने सामाजिक परिस्थिति बन्नु निकै गम्भीर कुरा हो ।'

जिल्ला अदालत सुनसरीमा गत साल पाँच हजार सात सय ९४ मुद्दा दर्ता भएकोमा तीन हजार दुई सय फर्स्यौट भए । तीमध्ये घरेलु हिंसाका १ सय ५० मुद्दा छन् । आर्थिक वर्ष २०७४-२०७५ को जेठसम्ममा दर्ता भएका छ हजार तीन सय ६८ मध्ये दुई हजार छ सय ६२ मुद्दा फर्स्यौट भए । फर्स्यौट भएकामध्ये घरेलु हिंसासँग सम्बन्धित एक सय सात थिए । जिल्ला अदालत सुनसरीका स्रेस्तेदार नवराज आचार्य भन्छन्, 'घरेलु हिंसाका धेरैजसो मुद्दा दाइजो लेनदेनकै विषयसँग जोडिएका छन् ।' जिल्ला प्रहरी कार्यालय सुनसरीमा २०७४ साउनदेखि २०७५ असार पहिलो हप्तासम्म तीन सय ८१ वटा घरेलु हिंसाका उजुरी परेका छन् । घरेलु हिंसासम्बन्धी उजुरीमध्ये करिब ३५ प्रतिशत घटनामा दाइजो नल्याएको वा कम दाइजो ल्याएको निहुँ जोडिएको र सबै घटनामा महिला पीडित भएको महिला सेल प्रमुख बिनु बस्नेत बताउँछिन् ।

मुलुकी अपराध संहिताको १७४ दफामा 'परम्परादेखि चलिआएको सामान्य उपहार, दक्षिणा, भेटी वा शरीरमा लगाएको एकसरो गहनाबाहेक विवाह गर्नेले दुलहा-दुलहीका तर्फबाट कुनै किसिमको चल-अचल दाइजो वा कुनै सम्पत्ति माग गरी वा लेनदेनको शर्त राखेर विवाह गर्न गराउन नपाइने' उल्लेख छ । सोही दफाको उपदफा १ बमोजिम दाइजो लेनदेनको कसुर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ भनिएको छ । मुलुकी अपराध संहिता अनुसार कसैले विवाह गरिसकेपछि चल-अचल सम्पत्ति वा दाइजो माग गर्नु, त्यस्तो चल-अचल सम्पत्ति वा दाइजो नदिएको कारण दुलही वा निजका नातेदारलाई कुनै किसिमको हैरानी पार्नु, सताउनु वा कुनै अमानवीय वा अपमानजन्य व्यवहार गर्नु हुँदैन । यस्तो कसुर गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा पचास हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था ऐनमा गरिएको छ । कुनै सम्पत्ति लिएमा त्यस्तो सम्पत्ति सम्बन्धित व्यक्तिलाई फिर्ता दिनुपर्ने कुरा अपराध संहितामा लेखिएको छ । नेपालमा कानुनले तोकेभन्दा बढी दाइजो लिने-दिनेलाई नियन्त्रण गर्ने त भनेको छ । तर कार्यान्वयनको अवस्था फितलो छ । दाइजो नियमन गर्न बनेका ऐन, कानुन समयसापेक्ष पनि नभएको अधिवक्ता स्यामिका महतोको बुझाई छ । कानुन फितलो हुनु र भएको कानुनको पनि प्रभावकारी कार्यान्वयन नहुनुले दाइजोको समस्या दिन-प्रतिदिन जटिल बन्दै गएको उनले भनिन् ।

पेटसम्बन्धी रोग निदानका लागि आधुनिक उपकरण

डा सन्दीपराज कुँवर

पेट दुखाइको समस्या बोकेर धेरैजसो बिरामी अस्पताल आउने गर्छन् । औषधि खाँदा केही निको भए जस्तो लागे पनि फेरि बल्झिएपछि उनीहरू हामीसँग सल्लाह लिन्छन् । पेट दुख्नासाथ ग्यास्ट्रिक भयो होला भन्ने भ्रम धेरैमा । तर, सबै पेट दुखाइको कारण ग्यास्ट्राइटिस हुँदैन । पेट दुखाइलाई यसभित्र हुने अंगप्रत्यंग र भागका आधारमा फरक तरिकाले लिन सकिन्छ । त्यही अनुसार समस्या फरकफरक हुन्छन् । पेटलाई सामान्यतया तीन भागमा विभाजन गरेर हेर्न सकिन्छ । नाइटोभन्दा माथि माथिको पेट, नाइटोकै वरिपरिको भाग र नाइटोभन्दा तलतिरको भाग ।

माथिल्लो पेटमा ग्यास्ट्राइटिस, रिफ्लक्स डिजिज, प्याङ्क्रियाटाइटिस, कोलेसिस्टाइटिस, हेपाटाइटिस जस्ता समस्या हुन सक्छन् । सानो आन्द्राको समस्या भयो भने बीचको पेट र तल्लो पेट दुख्ने कारण एपेन्डिसाइटिस, महिलामा पाठेघरको समस्या (पेल्भिक इन्फ्लामामेटरी डिजिज) र पिसाबको संक्रमण, युरिन इन्फेक्सनहरू हुँदा तलको भाग दुख्छ । अरू पेट दुख्ने कारणमा मिर्गौलामा पत्थरी, पिसाब नलीमा पत्थरिया, पेट र आन्द्राको संक्रमण पनि हुन् । लामो समयदेखि माथि उल्लिखित समस्या ठिक नहुने समस्याको कारण आममानिसले बुझे जस्तै ग्यास्ट्राइटिस मात्रै होइन । चिकित्सकले पनि लक्षणका आधारमा मात्रै सबै समस्या यकिन गर्न सक्दैनन् । त्यसैले चिकित्सा विज्ञानले समस्या पत्ता लगाउन र समाधान गर्नका लागि दिनानुदिन नयाँ उपकरण र प्रणालीको विकास गरिरहेको छ । पेटरोगको निदान र उपचारका लागि पनि धेरै आधुनिक उपकरण बनाइएका छन् । नेपालमा उपलब्धता भने सीमित छ । त्यसैले लक्षण आधारमा चिकित्सकले गर्ने औषधोपचारले बिरामी निको नभएपछि देशविदेश चहार्ने गरेको पाइन्छ । सबै ठाउँ, क्षेत्र र अस्पतालका चिकित्सकलाई त्यस्ता उपकरण नेपालमा उपलब्ध भए/नभएको जानकारी नहुन सक्छ । यहाँ नर्भिक अस्पतालमा उपलब्ध उपकरण र ती उपकरणको प्रयोगका विषयमा संक्षिप्त जानकारी समेट्ने प्रयास गरिएको छ ।

इन्डोस्कोपिक अल्ट्रासाउन्ड

लामो समयसम्म दुखाइ कम नहुने, ग्यस्ट्रिकको औषधिले दुखाइ कम भएजस्तो हुने तर दुखाइ निको नहुने पेटको दुखाइ 'अबसेक्युर एब्डोमिनल पेन' हो । यसमा बिरामीलाई औषधि दिँदा केही हदसम्म निको भए जस्तो अनुभव हुन्छ तर दुखाइ निरन्तर रहन्छ । यस्तो समस्याले बिरामीलाई मात्र होइन डाक्टरलाई पनि गाह्रो पार्छ । रोग पत्ता लगाउन मुस्किल हुने अवस्था आउन सक्छ । यसका लागि 'इन्डोस्कोपिक अल्ट्रासाउन्ड' जरुरी हुन्छ । यसबाट प्यांक्रियाटाइटिस, पित्तथैलीको समस्या, त्यहाँ हुने गाँठागुठी र क्यान्सर पत्ता लगाउन सकिन्छ ।

इन्डोस्कोपिक अल्ट्रासाउन्ड भनेको पनि इन्डोस्कोपी नै हो । यो मेसिनको सहायताले पाइप हालेर पेटभित्र हेरिन्छ जहाँ इन्डोस्कोपीसँगै अल्ट्रासाउन्ड प्रोब जडान भएको हुन्छ । त्यसैले छुट्टाछुट्टै गर्नुपर्ने झन्झट रहँदैन । मेसिनको सहायताले पेटभित्रबाट अल्ट्रासाउन्ड गरिन्छ । पेटभित्रबाट अल्ट्रासाउन्ड गर्दा प्याङ्क्रियाजको समस्या छर्लंग देखिन्छ । पित्तथैलीको पत्थरी पत्ता लगाउन मद्दत गर्छ । पित्तथैलीको पत्थरिया कहिलेकाहीँ पित्तथैलीको नलीमा गएर बस्छ, यो अल्ट्रासाउन्डले मात्र नदेखिन सक्छ । तर इन्डोस्कोपिक अल्ट्रासाउन्डबाट यसको राम्ररी पहिचान गर्न सकिन्छ ।

यसबाट प्याङ्क्रियाज बिग्रिएको छ कि छैन, नलीहरूको अवस्था कस्तो छ भन्ने कुरा मेसिनको सहायताले मूल्यांकन गर्न सकिन्छ र रोगहरू पत्ता लगाइन्छ । यो मेसिनकै मद्दतले सुईमार्फत प्याङ्क्रियाजको नमुना निकालेर बायोप्सी जाँच गर्न सकिन्छ । प्यांक्रियाटाइटिसको समस्या हुने बिरामीका लागि इन्डोस्कोपिक अल्ट्रासाउन्डले सिटी स्क्यान र एमआरआईभन्दा माथिलो स्तरको काम गर्छ ।

अस्पतालहरूमा इन्डोस्कोपिक अल्ट्रासाउन्डको मेसिन भएर मात्र हुँदैन, यसको उच्चतम प्रयोग गर्ने ज्ञान पनि हुनु उत्तिकै जरुरी छ । निदान मात्रै होइन यसको उपचार पनि गरिन्छ । त्यसमा धेरै दुखाइ भइरहेकोलाई नदुख्ने सुई त्यहीँबाट दिइन्छ । प्याङ्क्रियाटिक सिउडोसिस्ट (प्याङ्क्रियाजमा भएका पानीका थैलाहरू ठूलो भएर दुःख दिनु) को उपचार पहिला शल्यक्रियाबाट मात्र सम्भव हुन्थ्यो । अब यो मेसिनको माध्यमले प्याङ्क्रियाटिक सिउडोसिसबाट पानी निकाल्न सकिन्छ । नेपालमा पाँच वर्षअघि पहिलोपल्ट नर्भिक अस्पतालले यो सेवा सुरु गरेको हो ।

स्मल बउल सिंगल ब्यालोन इन्टेरोस्कोपी

केही समयअघि मात्रै स्मल बउल सिंगल बलुन इन्टेरोस्कोपी नेपालमा नभएको भन्दै राष्ट्रकवि माधव घिमिरेलाई भारत रिफर गरिएको थियो । तर, नर्भिक अस्पतालले केही वर्ष पहिलेदेखि नै यो सेवा दिइरहेको छ । यो सानो आन्द्राको समस्या भइरहेको ठाउँसम्म पुग्ने प्रविधि हो । सामान्यतया इन्डोस्कोपी गरेर आमाशय र आन्द्राको एक भागसम्म हेर्न सकिन्छ । क्लोनोस्कोपीमा मलद्वारबाट ठूलो आन्द्राको एक भागसम्म थाहा पाउन सकिन्छ । यी दुवै तरिकाबाट सानो आन्द्राको भित्री भागसम्म पुग्न सकिँदैन । स्मल बउल सिंगल बलुन इन्टेरोस्कोपीका सहायताले सानो आन्द्राभित्र पूरै हेर्न सकिन्छ । मुख र मलद्वार दुवै तर्फबाट मसिनो पाइपको सहारामा सानो आन्द्राभित्रको समस्या पत्ता लगाउन सकिन्छ । सानो आन्द्रा २० फिटसम्म लामो हुन्छ । यसको लागि इन्टेरोस्कोपीले सानो आन्द्रा मुवा बनाउँदै पठाउन सकिने भएकाले प्रक्रिया सहज हुन्छ तर अवस्था हेरि यो प्रक्रियामा ४५ मिनेटदेखि ४ घन्टासम्म लाग्न सक्छ ।

विशेषगरी सानो आन्द्राको रक्तश्राव, क्रोन्स डिजिज र पाचन प्रक्रियाको समस्यामा हुँदा यसको प्रयोग गरिन्छ । यसबाट समस्या पत्ता लगाउने मात्रै होइन, रक्तश्राव छ भनेर रोक्ने काम पनि गर्न सकिन्छ ।

इआरसिपी

इन्डोस्कोपिक रेट्रोग्रेड कोलान्जियो प्याङ्क्रेटोग्राफी (इआरसिपी) पित्तथैलीको नलीको पत्थरी पत्ता लगाउन र उपचार गर्न प्रयोग गरिन्छ । पित्तथैलीमा पत्थरी सामान्य कुरा हो । तर कहिलेकाहीँ पत्थरी नलीमा अड्किदिन्छ । यस्तो अवस्थामा आन्द्राबाट तार छिराएर नलीभित्रको ढुंगा तानिन्छ । पित्तथैली अप्रेसन गर्न सेंजिलो छ । तर, पित्तनलीको गाह्रो छ । गयो भने पनि धेरै दिन अस्पताल बस्नुपर्ने हुन सक्छ । इआरसिपी प्रविधिबाट पत्थरी निकालेर त्यही दिन घर पठाउन सकिन्छ ।

अपर जीआई इन्डोस्कोपी

इन्डोस्कोपी धेरैतिर उपलब्ध उपकरण हो । नेपालमा पहिले बच्चाहरूको इन्डोस्कोपी नहुने भएकाले भारततिर जानुपर्थ्यो । तर, अहिले नर्भिक अस्पतालमा उपलब्ध छ । इन्डोस्कोपी भनेको खाने नलीबाट क्यामेरा छिराएर पेट र सानो आन्द्रा हेर्ने प्रक्रिया हो । विशेषगरी सुन्निएको छ कि छैन, घाउ भएको छ कि छैन लगायतका समस्याका जाँच्नका लागि यसको उपयोग गरिन्छ । यसबाट नसा फुलेको छ भने टाँका लगाउन, ग्यास्ट्राइटिसबाट पोलिपेक्टोम अर्थात् सानो मासु पलाएको छ भने त्यसलाई काट्ने गरिन्छ । त्यसैगरी रक्तश्राव भइरहेको छ सुकाउन हेमोक्लिप लगाउने र घाँटीमा खानेकुरा, हड्डी, सिक्का, पेन अड्किएको छ भने निकाल्ने काम गरिन्छ । कलेजोको रोग भएकाहरूको खाने नली र इसोफेगसमा नसा फुल्छ । इन्डोस्कोपीमार्फत रबरब्यान्डले त्यसलाई बाँध्न सकिन्छ । त्यस्तै सुई लगाउने, खाने नली, पेट, आन्द्रामा साँघुरिएको भाग पाइप लगाएर खोल्न पनि यसको प्रयोग हुन्छ । विशेषगरी न्युरोलोजीका बिरामीहरूमा धेरै होस नहुने भएकाले नाकबाट पाइप लगाएर वा पेटबाट पाइप निकालेर खाना खुवाउने प्रक्रिया यो प्रविधिको सहयोगमा गरिन्छ । यसलाई परक्युटेनस इन्डोस्कोपिक ग्यास्ट्रोस्टोमी (पिइजी) ट्युब हाल्ने भनिन्छ ।

क्लोनोस्कोपी

पाइपमा सानो क्यामेरा लगाएर मलद्वावारबाट पठाउँदै ठूलो आन्द्राको जाँच गर्ने प्रक्रियालाई क्लोनोस्कोपी भनिन्छ । यसबाट समस्या पत्ता लगाउने मात्रै होइन, घाउ देखियो भने उपचार गर्ने, पायल्स भएमा सुई लगाएर सुकाउने, रगत बगेको छ भने रोकिदिने र साँघुरिएको भाग खोलिदिने गरिन्छ । यसबाहेक लिभर बायोस्पी, नासो जे-ज्युनल ट्युब प्लेसमेन्ट, युरिया ब्रेथ टेस्ट फर डायग्नोसिङ एच प्यालोरी इन्फेक्सन, क्याप्सुल इन्डोस्कोपी र इसोफेगल म्यानोमेट्री स्टडिज नर्भिकमा उपलब्ध छन् ।

(नर्भिक अन्तर्राष्ट्रिय अस्पतालको डाइजेस्टिभ डिजिजका विभागीय प्रमुख डा कुँवर पेट तथा कलेजो रोग विशेषज्ञ हुन् ।)

नेवानिमा....

विमान खरिद गर्दा हवाई माफियाहरुमार्फत् छ अर्ब कमिसन हात पारेको र निगमको बोइङ बिक्रीबाट पनि मोटै कमिसन असुल्ने योजनामा रहेको सम्बद्ध स्रोतले बताएको छ। निगमको व्यवस्थापन तथा नेपाल वायु सेवा निगमको बारेमा आएका समाचारहरुप्रति एस.एम.एस., लाइक र शेयर नगर्न आफ्ना कर्मचारीहरुलाई कडा निर्देशन दिई अपराधको ढाकछोप गर्न लागेपछि नेवानिमा कंसाकारको दादागिरि बढेको समाचारमा उल्लेख गरिएको छ। नेपाल टेलिकमको प्रबन्ध निर्देशक हुँदा पनि कमिसनको खेतीमा मात्र रमाउने कंसाकारले नेवानिको प्रबन्ध निर्देशक भएर अकुत सम्पत्ति आर्जन गरेको स्रोतले बताएको छ। पर्यटन सचिव अध्यक्ष रहने नेपाल वायु सेवा निगममा कंसाकारले सचिव देवकोटालाई रौं बराबर पनि नगन्ने निगमका कर्मचारीहरुले बताएका छन्।

यसैबीच, गत भाद्र २४ गते एउटा रुटमा उड्नुपर्ने नेपा वायु सेवा निगमको विमान कर्मचारीले मलेसियामा हुने पाटाको ट्राभल मेलाका लागि निगमलाई ऋणको बोझ थपेर यात्रुलाई होटलमा राखेर लगेपछि प्रबन्ध निर्देशक कंसाकारलाई मन्त्रालयले स्पष्टीकरण सोधेको छ। नेपाल वायुसेवा निगममा कंसाकारले सुशासनको धज्जी उडाउँदै मनपरी गर्दै आइरहेको समाचारमा उल्लेख छ।

मन्त्री....

व्यवसायीहरुमाथि तथानाम गाली गर्ने गरेपछि पद धरापमा परेको जानकारहरुले बताएका छन्। त्यसैगरी, पूर्वएमालेबाट मन्त्री भएका पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्र अधिकारी, सामान्य प्रशासनमन्त्री लालबाबु पण्डित र भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीर महासेठमाथि खतराको घण्टी बजेको नेकपा स्रोतले जानकारी दिएको छ। खतराको सूचीमा श्रममन्त्री गोकर्ण बिष्ट र सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल बास्कोटासमेत रहेको समाचार स्रोतले बताएको छ।

दुबई....

निगमका चार कर्मचारीसहित, पाटा नेपाल, पर्यटन बोर्ड, पर्यटन व्यवसायी र पत्रकार रहेको बताइएको छ। एक सय ५८ सिट क्षमताको उक्त न्यारो बडी एयरबस विमानमा ६५ जना अन्य टिकट काटेका यात्रु थिए भने पाटाको मेलामा सहभागी ३७ मध्ये चार जनालाई सित्तैमा टिकट दिइएको थियो भने बाँकी पर्यटन व्यवसायीलाई छुटमा टिकट दिइएको निर्देशक जोशीले मलेसियाबाट बताए।

निगमका निर्देशक जोशी पाटा नेपालमा द्वितीय उपाध्यक्ष छन् भने अर्का निगमका निर्देशक श्रेष्ठ कार्यकारी सदस्य मात्रै हुन्। पाटा नेपालको अध्यक्ष पोखराको विवादास्पद पार्क भिलेज वाटर फ्रन्ट रिसोर्टका सञ्चालक सुनील शाक्य हुन्। आइतबार राति यो उडान रद्द गरिएपछि काठमाडौंबाट दुबई जाने ६३ यात्रुलाई सिनामंगलका तीनवटा साना होटलमा राखिएको थियो भने दुबईबाट काठमाडौं आउन लागेका एक सय ५६ यात्रुलाई पनि दुबईको होटलमा राखिएको थियो। यो उडान रद्द भएसँगै होटलको खर्च, अपरेसनलगायतका खर्च हिसाब गर्दा निगमले लाखौं रुपैयाँ बराबर घाटा बेहोर्नुपरेको छ। उक्त उडान रद्द नगरी पनि जहाजलाई दुबई पुऱ्याएर सोमबार बिहानसम्म काठमाडौं ल्याउन सकिने अवस्थामा समेत त्यसो नगरी निगमको नेतृत्वले निगमलाई घाटा हुने गरी त्यस्तो कर्म गर्न पुगेको स्रोतले जानकारी दियो। उता, चालक दललाई खटाउने निगमको अपरेसन विभागले 'कमर्सियल कारण' ले मलेसियाको उडान गर्नुपरेको जनाए पनि त्यसलाई सही रुपमा निगमका कर्मचारीहरुले लिन सकेका छैनन्।

दुबईका लागि नियमित उडान भइदिएको भए काठमाडौं र दुबईमा दुई सय २१ यात्रुलाई होटलमा राख्नुपर्ने थिएन। काठमाडौंदेखि मलेसिया र दुबईको उडान समय साढे ४ घन्टा हाराहारी हो। यी रुटमध्ये मलेसियाको दुईतर्फी भाडा २८ हजार हाराहारी छ भने दुबईको ३२ हजार हाराहारी छ। फाइदा घाटाको हिसाबले हेर्ने हो भने दुबईको उडान निगमका लागि फाइदाजनक हुने थियो।

निर्माण....

र सांगठानिक सुधार गर्नेलगायतमा प्रयोगमा ल्याउने आफ्नो योजना रहेको उनले बताएका छन्। 'अनुभवी नेतृत्व, युवाको साथ' भन्ने नारा लिएर उनी मैदानमा उत्रेका छन्। उनले सार्वजनिक खरिद ऐनलाई निर्माण व्यवसायीमैत्री बनाउनको लागि पनि आफ्नो उम्मेदवारी रहेको बताएका छन्।

यसैगरी संघमा वर्तमान महासचिव रामशरण देउजाले समयमा र गुणस्तरयुक्त निर्माणको कामका लागि आफ्नो उम्मेदवारी परेको दाबी गरेका छन्। देउजाले आफूभन्दा अग्रजहरुले गरेका कामप्रति आफू सन्तुष्ट नभएको पनि जिकिर गरे। सरकारले अघि सारेको 'समृद्ध नेपाल-सुखी नेपाली' को नारालाई साकार पार्न निर्माण व्यावसायीहरुको ठूलो भूमिका रहेको उनको भनाइ छ।

यस्तै अर्का उम्मेदवार होमनाथ कोइरालाले आफूसँग 'भिजन', मिशन र एक्शन रहेको भन्दै आफूले अध्यक्षको लागि उम्मेदवार घोषणा गरेको बताए। उनले भने, 'सबैलाई काम, सबैलाई माम हुनुपर्छ, ठूला र साना निर्माण व्यवसायीबीचको दुरीलाई मेटाउनको लागि मेरो उम्मेदवारी हो।' उनले कमभन्दा कमलाई ठेक्का दिने चलन हटाउनुपर्नेमा जोड दिए। कोइरालाले गुणस्तर र समयमै काम सम्पन्न गर्ने हो भने, भुक्तानी, निर्माणका साधानहरु र इच्छाशक्तिको आधारमा काम सम्पन्न गर्नतर्फ लाग्नुपर्छ भनेका छन्। विभिन्न कारणले एक वर्ष पछि सरेको निर्माण व्यवसायीहरुको २० औं साधारणसभामा सातवटै प्रदेश र ७७ जिल्लाबाट करिब साढे आठ सय मतदाताले भाग लिनेछन्। जसमध्ये ४० जिल्लाबाट कोइरालालाई सहयोग रहने र पाँच सयभन्दा बढी मत कोइरालाको पक्षमा रहेको निर्माण व्यवसायीहरुले बताएका छन्। लोकतान्त्रिक गठबन्धन र वामगठबन्धनबीच हुने निर्माण व्यवसायीहरुको निर्वाचनमा सिंह र देउजाले कोइरालालाई सहयोग गर्ने भएपछि कोइरालाको पल्ला भारी भएको चर्चा छ।

विप्लव....

नसकेको उनको धारणा छ। उनले सरकारले साँच्चै वार्ता गर्ने भए पार्टीका नेता तथा कार्यकर्तामाथि लगाइएका झुट्टा मुद्दा खारेज गरिनुपर्ने, बन्दी रहेका नेता तथा कार्यकर्ता रिहा हुनुपर्ने, धरपकडप्रति सार्वजनिक रूपमै माफी माग्नुपर्ने लगायतका तीन पूर्वसर्त आफ्नो दलको रहेको जानकारी दिएका छन्। एकातिर आफ्ना नेता-कार्यकर्ता धमाधम पक्राउ गर्ने अनि अर्कोतिर वार्ताको नाटक गरेर सरकारले षड्यन्त्र गरिरहेको भन्दै नेता सुदर्शनले वर्तमान सरकार दलाल पुँजीवादबाट फासिवादतर्फ गइरहेको भन्ने आरोप पनि लगाएका छन्। उनले सरकारले वार्ताको वातावरण बनाएका खण्डमा आफ्नो दल वार्तामा बसी निकास खोज्न तयारै रहेको जानकारी दिंदै त्यसका लागि सरकारले हालको रबैयालाई रोकी वार्ताको वातावरण बनाउनेतर्फ लाग्नुपर्ने पनि बनाएका छन्।

उता, सबै आन्दोलतरत पक्षसँग वार्ता गर्ने भन्दै सरकारद्वारा गठित पाँच सदस्यीय वार्ताटोलीले सोमबार पत्रकारसम्मेलन गरी द्वन्द्वरत पक्षहरूसँग वार्ता र संवादको आव्हान गरेको थियो।

मालपोतको....

चन्दनकृष्ण कायस्थको बूढानीलकण्ठको ४० आना जग्गा मालपोत कार्यालय चावहिलको मिलेमतोमा छ करोड रुपैयाँमा कीर्ते गरेर बेचिएको थियो। मालपोत अधिकृत खगेन्द्र अर्याल ना.सु.हरु रघुनाथ तिमिल्सिना, रञ्जनकुमार पोखरेल र जमुनाकुमारी श्रेष्ठले उक्त जग्गा श्रीकृष्ण देवकोटा र ध्रुवप्रसाद भट्टराईको नाममा पास गराइदिएका थिए। यसरी कर्मचारी र दलालहरुबाटै जनताको सम्पत्ति असुरक्षित बनेपछि मन्त्री अर्याललाई चुनौती थपिएको र मालपोत तथा नापीलाई कसरी व्यवस्थापन गर्ने भन्ने समस्याले तनाव उत्पन्न गराएको समाचार स्रोतले जानकारी दिएको छ। भूमिसुधार मन्त्रालयअन्तर्गतका कार्यालयमा हुने गरेका घूसखोरी र भ्रष्टाचार रोक्न कठोर कदम नचाले मन्त्री अर्याल पनि 'जुन जोगी आए पनि कानै चिरेको' मा परिणत हुने जानकारहरुले बताएका छन्।

राष्ट्रवादीको....

बताइएको छ।

सो बैठकले मुलुकमा आवश्यक राष्ट्रवादी र प्रजातान्त्रिक शक्ति निर्माणको लागि समान विचार र उद्देश्य भएका दलहरुलाई समेत एकताको निमित्त आव्हान गर्ने र निकट केहि समय भित्रदेखि नै हिन्दुराष्ट्र र राजसंस्था स्थापनाको निमित्त सडक आन्दोलनको निर्णय गर्ने सहप्रवक्ता जनकराज पाठकले जानकारी दिएका छन्।

डिजीको....

प्रस्ताविविरुद्ध उल्टो अडान राख्छ, उपत्यका बाहिर पनि जाँदैनजस्ता कुरा लगाएर सकेसम्म हटाउन खोजेको समाचार स्रोतले बताएको छ।

यता डिजी श्रेष्ठले म्याद थपको पत्र बुझ्दा सरुवा हुन दौडधूप गरेका प्राविधिक सहसचिवहरु भदौमा सरुवा नभएपछि खिस्रिक्क बनेका छन्। सचिव असोजको पहिलो हप्ता मात्र फिलिपिन्स भ्रमणबाट फर्कने र मन्त्री महासेठ असोज २ गते विदेश जाने भएपछि सु. ई. र डि. ई. हरुको सरुवा एकैचोटि हुने मन्त्रालय उच्च स्रोतले बताएको छ। मन्त्रालयका सहसविच (सु. इ.) केशव शर्मालाई सु. इ., डि. इ. र इन्जिनियरहरुको सरुवाको लिष्ट बनाउने जिम्मेवारी दिइएको समाचार स्रोतले बताएको छ। डि. इ. हरुको सरुवा हुने चर्चा चलेपछि डिभिजन सडक काठमाडौंका लागि अशोक तिवारी, मेघराज मरासिनी, डिभिजन सडक भरतपुरका लागि भानु जोशी र जितेन्द्र चौधरी, डिभिजन सडक चरिकोटका लागि धर्मेन्द्र झाको चर्चा चलेको छ भने डिभिजन सडक हेटौंडाका प्रमुख कमलेश कर्णले असोजको पहिलो साता अवकाश पाउने बताइएको छ। उता मन्त्रीसँग राम्रो सम्बन्ध भएकाले उपत्यका सडक विस्तारका प्रमुख दीपक केसीले गतिलै ठाउँ हात पार्ने चर्चा छ।

वामदेवको....

नेताहरुको मौन समर्थन रहे पनि प्रधानमन्त्री ओलीले साथ नदिएसम्म सांसद् बन्न गाह्रो देखिएको छ। गौतमलाई सांसद् बनाउनुपर्ने प्रष्ट आधार संसद्मा वामदेवको आवश्यकताको बारेमा ओलीले नै रुचि नदेखाएपछि दाहालले आफ्नो स्वार्थका लागि मात्र चाहेर नहुने नेकपावृत्तमा चर्चा चलेको छ। यद्यपि गौतमलाई सांसद् बनाउन पूर्वी रुकुम र प्यूठानबारे छलफल चलेको भएता पनि पार्टीभित्रै अन्तरविरोध रहेकाले सम्भावनाका ढोकाहरु लगभग बन्द भएको समाचारमा जनाइएको छ। वाम गठबन्धनका सूत्रधार मानिने गौतमलाई मात्र सांसद् बनाउँदा अर्का नेता नारायणकाजी श्रेष्ठलाई अन्याय हुने चर्च चलेको छ।

भारतीय....

लिम्पियाधुरा छाडेको बताएका छन्। त्यसपछि नापी विभागको महानिर्देशक बनेका दर्जनौं व्यक्तिहरुले नेपालको सिमानातिरभन्दा विभिन्न चलखेल गरी आफ्नो स्वार्थपूर्ति गर्न मै केन्द्रित रहेको जानकारहरुले बताएका छन्।

नेपालको वास्तविक नक्साप्रति स्थलरुप नापी महाशाखाका उपमहानिर्देशक सुरेशमान श्रेष्ठले चासो देखाएपछि विभागका महानिर्देशक गणेश भट्टले पनि चासो राखेको समाचार स्रोतले जानकारी दिएको छ। सगरमाथाको उचाइ मापनमा सक्रियतापूर्वक लागेका महानिर्देशक भट्ट विभागको सुधारको प्रयासमा जुटेको बताइएको छ। सुदूरपश्चिमबाट विभागको नेतृत्व गर्ने अवसर पाएका र विभागलाई राम्रोसँग बुझेका भट्टको मूल्यांकन भूमिसुधारमन्त्री पदमा अर्याललेनगर्ने हो भने विभाग भाँडभैलो बन्ने चर्चा चलेको छ। डिजी भट्टपछि विभागको नेतृत्व पनि सुदूरपश्चिमकै जनकराज जोशी र प्रकाश जोशीले गर्ने समाचार स्रोतले बताएको छ। नापी विभागमा खगोल तथा भूमापनका निरज मानन्धर असोजमा र स्थलरुपका सुरेशमान श्रेष्ठ कात्तिकमा अवकाश हुने भएपछि आलाकाँचाहरुको वर्चश्व हुने बताइएको छ। यसैबीच, नक्साको अनुगमन गर्न विभागले कार्यदल गठन गरेर सिंहदरबारभित्र काम शुरु गरेको समाचारमा उल्लेख छ।

प्रधानमन्त्री...

गर्ने भन्ने ढङ्ग नभएर मुख्यमन्त्रीहरु अलमलमा परेका हुन सक्छन् भन्दै काम, कर्तव्य र अनुभवको कमीले यस्तो अलमल हुन गएको हुन सक्छ भने। संचारमाध्यममा आएका कुराहरु सही हैनन् र भन्ने जिज्ञासामा ओलीले 'पत्रपत्रिकाले धेरै कुरा लेख्छन्, पत्रिका पनि त बिकाउनु पयो नि' भन्दै संचारमाध्यममाथि नै अविश्वासको वातावरण बनाएको कुरालाई समेत सर्वत्रबाट चासोका साथ लिइएको छ।

ओलीले छलफल गरेर समस्या समाधान गर्न सकिन्छ भने पनि परिषदको बैठक कहिले बस्ने भनेर नबताएपछि मुख्यमन्त्रीहरु आक्रोशित अवस्थामा छन्। ओलीको नेतृत्वमा वर्तमान सरकार बनेको झन्डै सात महिना बितिसक्दासम्म अन्तरप्रदेश परिषद् बैठक बस्न सकेको छैन। बल्ल बल्ल हुन लागेको उक्त बैठक झनै अन्योलमा परेपछि मुख्यमन्त्रीहरु झनै रुष्ट समेत भएका हुन्। प्रदेशमा कामै नपाएको भन्दै मुख्यमन्त्री, मन्त्री र सांसदहरू धेरैजसो काठमाडौंमै आउने गरेका छन्। प्रदेशसभाहरु विधेयक तयार पार्न, प्रस्तुत गर्न, अन्य कानूनी र संवैधानिक काम गर्नसमेत अलमलमा पर्ने गरेको अवस्थामा उक्त बैठक डाकी निकास निकाल्ने पक्षमा मुख्यमन्त्रीहरु रहे पनि त्यसले मूर्तरुप पाउने संभावना नदेखिएको अवस्था छ।

प्रधानमन्त्री ओलीले समय नमिलेको भने पनि त्यसलाई सही मान्न मुख्यमन्त्रीहरु तयार छैनन्। उनीहरुका अनुसार सामान्य कार्यक्रममा गएर दिन बिताइदिने ओलीले उक्त बैठकलाई मतलब नदिएको उनीहरुको गुनासो छ। यस्तो मुख्य र महत्वपूर्ण विषयलाई प्राथमिकता नदिँदा प्रधानमन्त्री र मुख्यमन्त्रीहरुका बीचको द्वन्द्वले झनै मलजल पाएको अवस्था छ।

सातवटा प्रदेशहरु रहेको हालको अवस्थामा एक प्रदेशमा बाहेक सबै प्रदेशमा प्रधानमन्त्री ओलीकै दलका मुख्यमन्त्रीहरु रहेका छन्। आफुनै दलका मुख्यमन्त्रीहरु रहेको अवस्थामा समेत ओलीको कार्यशैलीप्रति उनीहरुले प्रश्न उठाउन थालेपछि ओली पनि आक्रोशित भएका हुन्। ओलीमा आफ्नो विरोध हुने कार्यलाई सहन गर्न नसक्ने क्षमता नभएको भन्दै प्रदेशका मुख्यमन्त्रीहरु पनि प्रधानमन्त्रीको कार्यशैली र सोचप्रति दुःखी भएका हुन्।

प्रधानमन्त्री बनेपछि ओलीमा झनै अहम्ता बढेको बुझाइमा मुख्यमन्त्रीहरु रहेका छन्। प्रदेशको मुख्यमन्त्री रहेको अवस्थामा आफ्नो प्रदेशमा आफू नै सर्वेसर्वा हुने ठानेका मुख्यमन्त्रीहरुको महत्वलाई ओझेलमा पार्ने गरी प्रधानमन्त्री ओली हावी हुने गरेको भनी मुख्यमन्त्रीहरु आजित भएका हुन्। मुख्यमन्त्रीहरुले आफ्नो प्रदेशलाई शक्तिशाली बनाउनका लागि प्रयास गरिरहेको अवस्थामा प्रधानमन्त्री ओलीले प्रदेशलाई महत्व नदिई केन्द्रीकृत राज्य व्यवस्थालाई नै बढी महत्व दिने गरी कार्य गरिरहेको बुझाइमा मुख्यमन्त्रीहरु रहेका छन्।

सबैजसो मुख्यमन्त्रीहरु प्रधानमन्त्री ओलीको कार्यशैलीको विपक्षमा रहे पनि प्रदेश ५ का मुख्यमन्त्री शंकर पोखरेल भने ओलीको चाकडीमा जुटेको भनी अन्य मुख्यमन्त्रीहरु झनै रुष्ट बनेका हुन्। पोखरेलले भने आफ्नो प्रदेशलाई भन्दा पनि ओलीलाई बढी महत्व दिई प्रदेशलाई ओझेलमा राख्ने गरी आफूलाई प्रस्तुत गर्ने गरेबाट अन्य प्रदेशमा मुख्यमन्त्रीहरुले उनलाई खासै महत्व दिन छाडेका छन्।

एआइजीमा....

बढ्दै गइरहेको जानकारहरुले बताएका छन्। हाल सरकारले तीनजना मात्र एआइजी राख्ने निर्णय गरेपछि समय लम्बिएको थियो। एआइजीमा कार्कीको बढुवा भएसँगै मुलुकले शान्तिसुरक्षा लगायतका विषयमा राहत पाउने आशा एवं विश्वास गरिएको छ। आइजिपी बनेको पाँच महिनासम्म खनालले संगठन र मुलुकका लागि कुनै ठोस कार्य गर्न नसकेको आरोप लागेको छ। आईजीपी खनालको उदासीनताका कारण नेपाल प्रहरीका अधिकृतहरुको मनोबल खस्किएको चर्चा चलेको समाचारमा उल्लेख छ।

काँग्रेसमा अनुशासन समिति गठन हुने

काठमाडौं। प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसको केन्द्रीय कार्यसमितिको बैठक पार्टीको आन्तरिक साङ्गठनिक संरचना तथा समसामयिक राजनीतिक विषयमा छलफल गर्न जुटेको छ। पार्टी केन्द्रीय कार्यालय सानेपामा बसेको बैठकमा मुख्यरुपमा पार्टीको केन्द्रीय अनुशासन समिति र केन्द्रीय कार्यसम्पादन समिति गठन गर्ने कार्य सूची रहेको पार्टीस्रोतले जानकारी दिएको छ। यसबाहेक मुलुकको समसामयिक राजनीतिक विषयमा समेत छलफल हुने बताइएको छ। यसअघिको केन्द्रीय कार्यसमिति बैठकमा नै अनुशासन समिति र केन्द्रीय कार्यसम्पादन गठन गर्ने भनिए पनि पार्टी सभापति शेरबहादुर देउवा र वरिष्ठ नेता रामचन्द पौडेल पक्षबीच सहमति हुन नसक्दा गठन हुन सकेको थिएन। संस्थापन पक्षले अनुशासन समितिको संयोजकमा केन्द्रीय सदस्य भीष्मराज आइदेम्बेलाई जिम्मेवारी दिने तथा सदस्यमा वीरबहादुर बलायर र किशोरसिंह राठौरलाई तोक्ने तयारी गरेको बुझिएको छ। अनुशासन समितिको संयोजकमा वरिष्ठ नेता पौडेल पक्षको पनि दावी रहेको बुझिएको छ।

पार्टी विधानको दफा २९ मा केन्द्रीय कार्यसम्पादन समिति गठनको व्यवस्था छ। विधानअनुसार केन्द्रीय कार्यसम्पादन समितिमा पदाधिकारी (सभापति, उपसभापति, दुई महामन्त्री, कोषाध्यक्ष, सहमहामन्त्री र प्रवक्ता) पदेन सदस्य हुन्छन्। यसबाहेक केन्द्रीय कार्यसमितिले आफूमध्येबाट बढीमा २२ सदस्य चयन गर्ने विधानमा व्यवस्था छ। विधानअनुसार केन्द्रीय कार्यसमितिको एउटा बैठक र अर्को बैठकको अन्तरमा केन्द्रीय कार्यसमितिले गर्नुपर्ने काम कार्यसम्पादन समितिले गर्नेछ। यसअघि पार्टीले गठन गरेको केन्द्रीय कार्यसम्पादन समिति विधान विपरीत भएको भनी आलोचना भएपछि विघटन गरिएको थियो। विधानको दफा ३३ मा केन्द्रीय अनुशासन समिति गठनको व्यवस्था छ। विधानअनुसार अनुशासन समितिमा एक संयोजक र चार सदस्य रहन्छन्।

त्यसैगरी, पार्टीको विधान समयानुकूल परिमार्जनका लागि प्रारम्भिक मस्यौदा तयार गर्ने क्रममा काँग्रेसको केन्द्रीय कार्यसमिति ११० देखि १५१ सदस्यीयसम्म बनाउन सुझाव आएको छ। त्यस्तै आठ तहका पार्टी संरचना बनाउने गरी काँग्रेसले विधान संशोधन मस्यौदाको तयारी गरेको छ।

केन्द्रीय समितिमा पदाधिकारी निर्वाचित वा मनोनीत दुवै विकल्पका बारेमा समेत छलफल अघि बढेको पार्टी केन्द्रीय कार्यालयले जनाएको छ। सङ्घीय संरचनाअनुसार पार्टीका सङ्गठनात्मक संरचनालाई पुनःसंरचना गर्न काँग्रेसले विधानमा आवश्यक संशोधन र परिमार्जन गर्न महामन्त्री पूर्णबहादुर खड्काको संयोजकत्वमा गत भदौ ७ गते पार्टी विधान संशोधन मस्यौदा समिति गठन गरेको थियो। समिति गठन भएयता आफ्नो कार्यविधि स्वीकृत गरी विधान संशोधनका आधार तय गर्नुका साथै पार्टीका विभिन्न निकाय, भ्रातृ एवं शुभेच्छुक संस्था, जनसम्पर्क समितिलगायत सरोकारवालाबाट सुझाव लिइसकेको छ।

नेकपा विवाद झन् चुलिँदै

काठमाडौं। काठमाडौं। नेतृत्वमा देखिएको विवादका कारण प्रदेशस्तरीय कार्यदलले आफ्नो प्रतिवेदन अहिलेसम्म बुझाउन सकेको छैन। नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को तल्लो तहमा देखिएको एकता प्रक्रिया जिल्लाको नेतृत्वका कारण विवादमा परेको हो। जिल्लाको नेतृत्वमा कसलाई सिफारिस गर्ने भन्नेमा पूर्वमाओवादी र पूर्वएमाले तथा पूर्वएमालेभित्रै पनि विवाद देखिएको स्रोतले जानकारी दिएको छ। ७ वटै प्रदेश कार्यदललाई जिल्ला तहसम्मको एकताको खाका पठाउन भनिएको भए पनि अहिलेसम्म सबै प्रदेशले पठाएका छैनन्। प्रदेश नम्बर २ ले अहिलेसम्म पठाएको छैन भने ४ र ५ नम्बर प्रदेशले पठाएका नामावलीमा पनि विवाद छ। खासगरी, गुटगतरुपमा प्रदेश नं. ५ मा माधव नेपालले असन्तुष्टि जाहेर गरेका छन्। ५ नं. प्रदेशमा माधव नेपाल पक्षधरलाई कत्लेआम गरिएको छ।

बुधवार प्रधानमन्त्री निवास बालुवाटारमा बसेको सचिवालय बैठकमा अध्यक्षद्वयले मापदण्ड र विधि बनाएर विवाद टुंगो लगाइने प्रस्ताव गरेको नेता नारायणकाजी श्रेष्ठले जानकारी दिए। उनका अनुसार एकताको काम कसरी सम्पन्न गर्ने भनेर नीतिगत मान्यता र मापदण्ड अध्यक्षद्वयले प्रस्तुत गरेका छन्। तर, पनि बुधबार छलफल नसकिएको हुँदा बिहीबारसम्मका लागि बैठक स्थगित गरिएको उनले जानकारी दिए। स्रोतका अनुसार पूर्व एमालेभित्रै विवाद देखिएको छ। पूर्वएमालेले ४८ जिल्लामा नेतृत्व पाएको भए पनि माधव नेपाल पक्षधरलाई १० भन्दा बढि नदिएको भन्दै समानान्तर समिति बनाउने चेतावनी दिएको छ।

त्यसैगरी, ओली पक्षले भने प्रदेश नम्बर ३ मा विवाद झिकेको कारणले लम्बिएको एक नेताले जानकारी दिए। त्यसैगरी, विभिन्न विभागहरुले पनि अहिलेसम्म प्रतिवेदन बुझाउन सकेका छैनन्। जनवर्गीय संगठनमा २२ मध्ये ४ वटाको प्रतिवेदन आएको छैन। युवासंघ, अखिल, मजदुर र महिला संगठनको प्रतिवेदन नआएको सचिवालयका एक सदस्यले जानकारी दिए। नेकपाको एकता त्यति सजिलै सोचेजस्तो नहुने छाँटकाँट देखिन्छ।

झाको....

ओलीसँगको वार्तालाप र कार्ययोजनापछि झाले जिम्मेवारी पाएको जानकारहरुले बताएका छन्।

प्राधिकरणमा झाको नियुक्ति रोक्न व्यापारी उपेन्द्र महतो, मन्त्रीहरु प्रदीप ज्ञवाली, गोकर्ण बिष्ट र रवीन्द्र अधिकारी लागे पनि प्रधानमन्त्री ओलीले कसैको कुरा नसुनी आफ्नो अनुकूलताको व्यक्ति ठानेर प्राधिकरणको जिम्मेवारी दिएपछि महतो तनावमा परेको बताइएको छ। महतो र मन्त्रीद्वय ज्ञवाली तथा बिष्टले जिल्लाबासी पूर्वसचिव सुशील घिमिरेलाई नियुक्त गरेर व्यापारिक स्वार्थ लिन निकै जोडबल गरेका थिए। त्यसैगरी, पर्यटनमन्त्री रवीन्द्र अधिकारी र केही व्यापारीहरुले आनन्द खनाललाई प्राधिकरणको अध्यक्ष बनाउन बोकेर हिँडेका थिए। मन्त्री अधिकारी कास्कीको भएकाले छिमेकी जिल्ला तनहुँका खनाललाई काखी च्यापेका थिए। राज्यका हरेक निकायमा आफ्नो मान्छे राखेर व्यापार गर्दै आइरहेका महतोले प्रधानमन्त्री ओलीलाई चौतर्फीरुपमा दबाब दिंदा पनि असफल बन्न पुगेपछि चिन्तित बनेको चर्चा छ। तथापि झाले आगामी एक वर्षभित्र ५५ जिल्ला र अर्को वर्ष बाँकी जिल्लामा इन्टरनेट सेवा पुऱ्याउने कार्ययोजना बताएर प्रधानमन्त्री ओलीको मन जितेको सम्बद्ध स्रोतले जानकारी दिएको छ।

इभेन्टका लागि सम्झनु होस्

काठमाडौं उपत्यकामा कुनै पनि किसिमका सांगीतिक वा अन्य खालका इभेन्टहरु गर्नका लागि हामीलाई सम्झनु होस्। त्यस्ता इभेन्टहरुका लागि आवश्यक सम्पूर्ण व्यवस्था हामीले गरी आयोजकहरुलाई सहजता प्रदान गर्ने हाम्रो लक्ष्य पनि हो।

सीप एण्ड साउट म्युजिक फेष्टिवल प्रा.लि.

काठमाडौं-२९, लाजिम्पाट

सम्पर्क नं.९८०१०००४२४ (राहुलजी)

Chief-Editor/Publisher : **Koushal K. Bhattarai,** Editor : **Krishna Lamsal,** Executive Editor : **Piamani Bhattarai,** Legal Advisor : **Advocate Hari Sharan Jamakatel**
Main Office : **Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu,** Phone :- 977-1-4267064, Email : **nayabimarsha@gmail.com,** Press :- Dhimle Offset Press, Kathmandu .